सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ वैशाख २०८३, बिहीबार (16 Apr 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ कांग्रेसमा वार्ताभन्दा विवाद धेरै

संस्थापन र देउवा पक्षबिच झन्झन् बढ्दै छ दूरी

विशेष महाधिवेशन र १४औँ महाधिवेशन पक्षधरबिचको आधिकारिकता विवाद सर्वोच्चमा विचाराधीन रहेकै वेला चुलिँदै गरेको कांग्रेसभित्रको किचलो सम्भावित विभाजनतर्फ उन्मुख



सानेपास्थित कार्यालयमा बुधबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक। तस्बिर : **अमुल थापा**

■ विश्लेषकहरू भन्छन्-

● **लोकराज बराल**




अघिल्लो चरणमा तत्कालीन संस्थापन पक्षले गगन थापा र विश्वप्रकाश शर्मामाथि कारबाही गरेको थियो भने अहिले नयाँ संस्थापनले पूर्णबहादुर खड्कासँग स्पष्टीकरण मागेको छ। राजनीतिक दलभित्र यस्ता घटनाहरू असामान्य होइनन्, त्यसैले यसकै आधारमा पार्टी विभाजन हुन्छ भन्ने लाग्दैन।

● **गेजा शर्मा**



विवाद, विभाजन र एकता वंशाणुगत विशेषता भएको कांग्रेसमा यस्ता विवादित गतिविधिले एकता र अस्तित्वका दुवै दृष्टिमा संशयपूर्ण प्रश्न खडा भएको छ। यस्तो प्रवृत्ति आत्मघाती छ, यसले कांग्रेसलाई थप कमजोर बनाउनेछ र नेता-कार्यकर्ताको मनोबल थप खस्किनेछ।

■ इतरपक्षसँग छलफल गर्न सभापति थापालाई जिम्मा



अनुशासन समितिले पूर्णबहादुर खड्कालाई स्पष्टीकरण सोध्ने निर्णय गरेपछि कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति बैठकले १४औँ महाधिवेशन पक्षधरसँग छलफल गर्न सभापति गगन थापालाई जिम्मेवारी दिएको छ।

प्रेम गौतम/नयाँ पत्रिका

विशेष महाधिवेशन पक्षधर र १४औँ महाधिवेशन पक्षधरबिच आधिकारिकताको विवाद सर्वोच्च अदालतमा विचाराधीन रहँदा कांग्रेसभित्रको विवाद सम्भावित विभाजनतर्फ उन्मुख देखिएको छ। निर्वाचनमा जबर्जस्त धक्काले थला परेको कांग्रेसको भविष्य अदालतको निर्णय र आन्तरिक संवादमा भर पर्ने ठाउँमा पुगेको छ।

अनुशासन समितिले कार्यवाहक सभापति दाबी गरेका पूर्णबहादुर खड्कासँग स्पष्टीकरण मागेपछि आन्तरिक द्वन्द्व थप तीव्र र जटिल मोडमा पुगेको हो। खड्काले स्पष्टीकरणलाई अस्वीकार गर्दै अवैधानिक भनेका छन् भने संस्थापन पक्ष कारबाहीको तयारीमा छ। स्पष्टीकरण नदिने खड्काको अडान र त्यसपछि संस्थापनको एक कदमले कांग्रेसको आन्तरिक एकता जोखिममा पार्नेछ।

सर्वोच्चमा विचाराधीन आधिकारिकता विवादबारे बिहीबार पेसी तोकिएकोमा त्यसको अघिल्लो दिन खड्कालाई स्पष्टीकरण सोध्नुलाई अर्थपूर्ण रूपमा हेरिएको छ। यद्यपि, अनुशासन समितिले खड्कालाई स्पष्टीकरण सोधेपछि

» पृष्ठ २ मा क्रमशः

भिन्दाभिन्दै महाधिवेशन गर्ने दुवै पक्षको तयारी

दुवै पक्ष भिन्दाभिन्दै महाधिवेशनको तयारीमा छन्। सदस्यता नवीकरणको विवाद पनि उत्कर्षमा छ। विशेष महाधिवेशनबाट आएको कांग्रेस कार्यसमितिले वैशाखभर क्रियाशील सदस्यता अद्यावधिक गर्ने र आगामी असोजमा १५औँ महाधिवेशन गर्ने निर्णय गरेको छ। सोही प्रयोजनका लागि १ वैशाखदेखि मसान्तसम्म १ महिने 'जरा' अभियान सञ्चालन गरेको छ। सम्बन्धित वडा पुगेर कांग्रेस आइडी नबनाए आगामी असोजमा हुने १५औँ महाधिवेशनमा भाग लिन नपाउने गरी तयारी भएपछि इतरपक्षले आपत्ति जनाएको छ। पार्टी सदस्यता कुनै नेताको आवेग, उत्तेजना वा लहडमा भाषणमार्फत खारेज गर्ने विषय नभएको यो समूहको भनाइ छ। यो पक्ष ०८३ वैशाख २८ देखि ३१ गतेसम्म १५औँ महाधिवेशनको तयारीमा छ।

■ विवाद शृंखला

३० पुस ०८२ कांग्रेसको तत्कालीन संस्थापनद्वारा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्री फरमुल्लाह मन्सुर पाँच वर्षका लागि पार्टीबाट निष्कासित

२७-३० पुस ०८२ विशेष महाधिवेशन, गगन थापा सभापतिमा निर्वाचित

२ माघ ०८२ निर्वाचन आयोगद्वारा विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई मान्यता

४ माघ ०८२ १४औँ महाधिवेशन पक्षधरद्वारा विशेष महाधिवेशनविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर

१४ चैत ०८२ कार्यवाहक सभापतिको नाममा पूर्णबहादुर खड्काको प्रेस विज्ञप्ति

१८ चैत ०८२ खड्कालाई सचेत गराउने कांग्रेस अनुशासन समितिको निर्णय

२४-२५ चैत ०८२ १४औँ महाधिवेशन पक्षधरको केन्द्रीय कार्यसमितिको समानान्तर भेला

२५ चैत ०८२ १४औँ महाधिवेशन पक्षधरद्वारा पार्टीको आधिकारिकतासम्बन्धी विवाद नटुंगिँदासम्म १५औँ महाधिवेशनको नयाँ कार्यतालिका कार्यान्वयन नगर्न माग गर्दै सर्वोच्च अदालतमा अर्को मुद्दा दायर

३० चैत ०८२ खड्काद्वारा पुनः कार्यवाहक सभापतिकै हैसियतमा अर्को प्रेस विज्ञप्ति जारी

२ वैशाख ०८३ - खड्कालाई स्पष्टीकरण सोध्ने निर्णय।

०६३ यताका उच्चपदस्थको सम्पत्ति छानबिन गर्न बन्यो आयोग

राजनीतिक दबाब र जनअपेक्षा व्यवस्थापनमा मात्र सीमित नभए आयोगको अनुसन्धान र कारबाही प्रक्रिया सुशासन र जवाफदेहिताका लागि हुनेछ ऐतिहासिक कदम

■ दोस्रो चरणमा ०४६ देखि ०६२ सम्मका उच्चपदस्थको सम्पत्ति छानबिन गर्ने तयारी

सुवास भट्ट/नयाँ पत्रिका

सरकारले ०६२/६३ पछिका उच्चपदस्थ राजनीतिक तथा प्रशासनिक पदाधिकारीहरूको सम्पत्ति छानबिनका लागि सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा उच्चस्तरीय छानबिन आयोग गठन गरेको छ। भविष्यमा सत्ता-राजनीति र उच्च प्रशासनिक वृत्तमा ठुलो हलचल ल्याउन सक्ने गरी निर्णय भए पनि समितिको कार्यादेश र समयावधि तोक्न बाँकी छ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले ६ सदस्यीय आयोग गठन गर्ने निर्णय गर्दै पहिलो चरणमा ०६२/६३ देखि हालसम्म सार्वजनिक पदमा रहेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण र छानबिन गर्ने जनाएको छ। सरकारको यो निर्णयलाई सुशासन र जवाफदेहितातर्फको महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ।

सरकारले गठन गरेको ६ सदस्यीय आयोगको संयोजकमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी छन्। सदस्यहरूमा पूर्वन्यायाधीशद्वय पुरुषोत्तम पराजुली र चण्डीराज





■ **पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी**, संयोजक, सम्पत्ति जाँचबुझ छानबिन आयोग

ढकाल, पूर्वडिआइजी गणेश केसी तथा चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल छन्। आयोगको समयावधि र कार्यावधि भने पछि तोकिनेछ।

सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार ०४६ पछिका सबै पदाधिकारीको छानबिन गर्ने लक्ष्य भए पनि तत्कालका लागि ०६२/६३ यताबाट प्रक्रिया सुरु गरिनेछ। '०६२/६३ देखि हाल ०८२/८३ सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीको सम्पत्ति विवरणको संकलन, प्रमाणीकरण तथा छानबिन गर्न सम्पत्ति जाँचबुझ छानबिन आयोग गठन गर्ने निर्णय भएको छ,' मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता शिक्षामन्त्री सस्मित पोखरेलले भने, 'यसपछि ०४६ सालदेखिको पनि गर्न बाँकी नै छ। अहिलेका लागि सुरुमा ०६२/६३ देखि यताको छानबिन हुन्छ।'

सरकार गठनकै पहिलो दिन १३ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले नै अधिकारसम्पन्न सम्पत्ति छानबिन

» पृष्ठ २ मा क्रमशः

■ सुरक्षा अधिकारीमाथि थप छानबिन गर्न छुट्टै समिति

जेन-जी आन्दोलनमा दमन र सुरक्षा त्रुटिको आरोपमा कारबाही सिफारिस भएका सुरक्षा संयन्त्रका अधिकारीबारे थप छानबिनका लागि सरकारले छुट्टै समिति बनाएको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको सरकारका प्रवक्ता शिक्षामन्त्री सस्मित पोखरेलले बताए। समितिमा नेपाल प्रहरीका पूर्वएआइजी टेकप्रसाद राई र सशस्त्र प्रहरीका पूर्वएआइजी सुबोध अधिकारी सदस्य छन्।

गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले २० जना सुरक्षा अधिकारीलाई पनि कारबाही सिफारिस गरेको थियो। तर, सुरक्षा अधिकारीमाथि त्यसरी कारबाही गर्दा संगठन कमजोर हुने भन्दै सरकारले थप छानबिनपछि मात्र कारबाही प्रक्रिया अघि बढाउने रणनीति लिएको हो। बालेन्द्र शाह (बालेन) नेतृत्वको पहिलो मन्त्रिपरिषद् बैठकले गत १३ चैतमा राजनीतिक नेतृत्वको हकमा तत्काल कार्यान्वयन गर्ने र सुरक्षा संयन्त्रको हकमा थप छानबिन गर्ने निर्णय गरेको थियो।

कार्की नेतृत्वको जाँचबुझ आयोगले सात सुरक्षा अधिकारीलाई मुद्दा चलाउन र अन्य १५ जनालाई विभागीय कारबाहीको सिफारिस गरेको थियो। जसमध्ये तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाइएको छ। दुई साता थुनामा बसेपछि उनीहरू हाजिरी जमानीमा छुटेका छन्। अनुसन्धान भने टुंगिएको छैन। आयोगले नेपाल प्रहरीका तत्कालीन आइजिपी चन्द्रकुवेर खापुङ, सशस्त्र प्रहरीका आइजिपी राजु अर्याल, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, गुप्तचर प्रमुख हुतराज थापा र काठमाडौंका सिडिओ छवि रिजाललाई पनि फौजदारी

» पृष्ठ २ मा क्रमशः

■ बोडेको जिब्रो छेड्ने जात्रा



बिस्का जात्राअन्तर्गत बुधबार भक्तपुरको मध्यपुरठिमीस्थित बोडेमा जिब्रो छेड्ने जात्रा मनाइएको छ। यस वर्ष पनि सुजन बाग श्रेष्ठले जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिएका छन्। उनले चौथोपटक जिब्रो छेडाएका हुन्। प्रत्येक वर्ष वैशाख २ गते भक्तपुरमा जिब्रो छेड्ने जात्रा मनाइन्छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

कर्नर किक

● रवि मिश्र



स्वास्थ्यमन्त्रीलाई १५ दिनमा बिरामीका तीन हजार १२२ गुनासा



सेवा सुधार्न निर्देशन, डाक्टरहरूलाई ड्युटी समयमा कडाइ गर्दै स्वास्थ्य मन्त्रालय

(विस्तृत पृष्ठ ३)

नीतीश कुमारको बहिर्गमनसँगै विहारमा एक युगको अन्त्य



नीतीशले आमविहारी जनतालाई परिवर्तन सम्भव छ भनेर विश्वास दिलाए, जुन उनको सबैभन्दा ठुलो सफलता हो

(विस्तृत पृष्ठ ५)

मध्यपूर्वको युद्धले वैदेशिक लगानी प्रतिबद्धता थप प्रभावित



युद्धका कारण विश्व अर्थतन्त्रमा अनिश्चितता देखिएसँगै नेपालमा आउने वैदेशिक लगानी प्रतिबद्धतामा पनि देखियो असर

(विस्तृत पृष्ठ ५)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्रधानमन्त्री बालेन्द्र शाह टाइमको विश्वका सय प्रभावशाली व्यक्तिको सूचीमा



काठमाडौं/ नेपालका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) प्रतिष्ठित अमेरिकी म्यागजिन टाइमले बर्सेनि निकाल्ने विश्वका सय प्रभावशाली व्यक्तिको सूचीमा परेका छन्। म्यागजिनले बुधबार सन् २०२६ का सय प्रभावशाली व्यक्तिको सूची सार्वजनिक गरेको छ। सूचीमा प्रभावशाली व्यक्तित्वलाई अग्रणी कलाकार, दिग्गज, नवप्रवर्तक, आइकन, नेता र मार्गदर्शक विधामा

» पृष्ठ २ मा क्रमशः

रोजगारीका लागि दुबई गएका देवनारायण पाँच महिनादेखि सम्पर्कविहीन

१ वैशाख ०७९ मा सपोर्ट मेनपावरमार्फत दुबई गएका देवनारायण विमानस्थलमा सरसफाइको काम गर्थे। बिदामा घर फर्किने तयारी गरेपछि विमानस्थलमै उनको पासपोर्ट नियन्त्रणमा लिएको थियो। ५ मंसिर ०८२ देखि त कसैको सम्पर्कमा छैनन्।

राजविराजमा **सौरभ यादव**

वैदेशिक रोजगारीका लागि तीन वर्षअघि युएईको दुबई गएका सप्तरीको शम्भुनाथ नगरपालिका- ४, सिरकजरीका ४२ वर्षीय देवनारायण राम पाँच महिनादेखि सम्पर्कविहीन भएका छन्। ऋण तिर्ने, दुई सन्तानलाई शिक्षा दिने र एउटा घर बनाउने सपना बोकेर उनी ०७९ वैशाखमा दुबई गएका थिए।

गत मंसिरदेखि पतिसँग सम्पर्क हुन नसकेको र खोजबिनका लागि जिल्ला प्रशासन कार्यालय सप्तरी, वैदेशिक रोजगार बोर्ड र कन्सुलर विभागमा निवेदन दिएको देवनारायणकी पत्नी

» पृष्ठ २ मा क्रमशः





वैदेशिक रोजगारीका लागि तीन वर्षअघि युएईको दुबई गएका सप्तरीको शम्भुनाथ नगरपालिका ४, सिरकजरीका ४२ वर्षीय देवनारायण राम (बायाँ) र उनका छोरी, छोरा र पत्नी। पत्नी निलमले देवनारायणको खोजीका लागि जिल्ला प्रशासन कार्यालय सप्तरी, वैदेशिक रोजगार बोर्ड र कन्सुलर विभागमा निवेदन दिएकी छिन्। 'सबैतिर निवेदन दिएका छौं, तर कसैले पनि मेरो श्रीमान्को स्थितिबारे पत्ता लगाइदिएका छैनन्,' उनले भनिन्, 'साना बच्चालाई के खुवाउने, कसरी पढाउने भन्ने चिन्ताले थप पिरोलेको छ। अहिले अर्काको खेतबारीमा काम गरेर जेनतेन गुजारा गरिरहेकी छु।'

■ मकवानपुर प्रशासनको सेवा

अब घरघरमै राहदानी

प्रारम्भिक चरणमा हेटौँडा उपमहानगर क्षेत्रमा सेवा सञ्चालन

हेटौँडामा **पोष्टराज अधिकारी**

सरकारी सेवा नागरिकको घरदैलोमै पुऱ्याउने अभ्यास नेपालमा अझै नयाँ मानिन्छ। सेवा लिन घण्टौँ लाइन बस्नुपर्ने, कागजपत्र बोकेर पटक-पटक कार्यालय धाउनुपर्ने झन्झट नेपाली नागरिकका लागि सामान्यजस्तै बनेको छ।

तर, मकवानपुरमा भने नयाँ अभ्यासको सुरुवात भएको छ। जसले सेवाग्राहीलाई होइन, प्रशासनलाई नै नागरिकको घरको ढोकासम्म पुऱ्याएको छ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले हुलाक सेवामार्फत राहदानी (पासपोर्ट) सिधै सेवाग्राहीको घरमै पुऱ्याउने व्यवस्था सुरु गरेको हो। यससँगै राहदानी तयार भएपछि लिन प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता हट्ने अपेक्षा गरिएको छ।

सेवाको सुरुवातसँगै हुलाक कार्यालय मकवानपुरको टोली बुधबार हेटौँडा उपमहानगरपालिका-४, कपुर कम्प्लेक्सनजिक बस्ने २२ वर्षीय निश्चल मानन्धरको घरमै पुगेको थियो। हल्कारा, जिल्ला हुलाक कार्यालयका प्रमुख र जिल्ला प्रशासन कार्यालयका कर्मचारीसहितको टोलीले मानन्धरको घरआँगनमै राहदानी हस्तान्तरण गरेको हो।

घरमै राहदानी पाएपछि मानन्धर खुसी देखिन्थे। 'बल्ल सरकारले राम्रो कामको सुरुवात गरेको छ। यस्तो सेवा अन्य क्षेत्रमा पनि विस्तार गर्नुपर्छ,' खुसी हुँदै मानन्धरले भने।

पहिलो चरणमा हेटौँडा-४ का मानन्धरसँगै सगुन नेपाललगायतका सेवाग्राहीलाई घरमै राहदानी पुऱ्याइएको हुलाक कार्यालयले जनाएको छ। आवश्यक जनशक्ति र साधन उपलब्ध भएपछि सेवा थप विस्तार गर्ने योजना रहेको छ।

पहिलो चरणमा ५० राहदानी वितरण

मकवानपुर प्रशासनले पहिलो चरणमा बुधबार ५० वटा राहदानी जिल्ला हुलाक कार्यालयलाई उपलब्ध गराएको छ। जिल्ला हुलाक कार्यालय मकवानपुरका प्रमुख रमेश लामिछानेका अनुसार तीमध्ये २६ वटा राहदानी बुधबार नै सेवाग्राहीका घरमै पुगेर वितरण भइसकेका छन्।



हेटौँडा- १६ का जीवकुमारी गौतम र शिवप्रसाद गौतम हुलाकका कर्मचारीबाट घरमै राहदानी लिँदै।

उनका अनुसार हेटौँडा उपमहानगरपालिका-२, ४, ५, ६, १२, १३, १६ र १७ नम्बर वडामा घरमै पुगेर राहदानी वितरण गरिएको छ। 'हामीले राहदानी सर्टिङ गरेर वितरण सुरु गरेका छौँ,' उनले भने, '५० मध्ये २६ वटा वितरण भइसकेका छन्। केही सेवाग्राहीले कार्यालयमै आएर बुझ्ने बताउनुभएको छ भने केहीसँग सम्पर्क हुन सकेको छैन। कतिपय बाहिर हुनुहुँदो रहेछ।'

लामिछानेका अनुसार सेवाग्राहीको इच्छाअनुसार घरमै राहदानी पुऱ्याउने वा कार्यालयबाट बुझाउने दुवै विकल्प खुला राखिएको छ। 'घरमै ल्याइदिनुस् भन्नेलाई घरमै पुऱ्याउँछौँ, कार्यालयमै आउँछु भन्नेलाई त्यहीँबाट बुझाउने व्यवस्था छ,' उनले भने।

उपमहानगर क्षेत्रभित्र नजिकका स्थानमा राहदानी प्राप्त भएकै दिन पुऱ्याउने व्यवस्था गरिएको छ। टाढा र कठिन भूगोल भएका वडामा भने छुट्टै तालिका मिलाएर अधिकतम भोलिपल्ट बेलुकासम्म वितरण गर्ने योजना रहेको उनले बताए।

यद्यपि, सेवा सञ्चालनमा जनशक्ति र स्रोतसाधनको अभाव चुनौतीका रूपमा देखिएको छ। 'उपमहानगर क्षेत्रमा केही सहज भए पनि गाउँपालिकास्तरमा सवारीसाधनको अभाव छ। कार्यालयको गाडीसमेत बिग्रिएको अवस्थामा छ,' लामिछानेले बताए।

राहदानीसँगै नागरिकता, राष्ट्रिय परिचयपत्र र लाइसेन्स पनि हुलाकमार्फत घरमै उपलब्ध गराउने तयारी

मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार राहदानी तयार भएपछि सेवाग्राहीलाई फेरि प्रशासन धाउनुपर्ने झन्झट अन्त्य गर्न यो सेवा सुरु गरिएको हो।

'सेवा प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालयले हुलाक कार्यालयसँग समन्वय गरेर काम अघि बढाएको छ,' उनले भने, 'प्रारम्भिक चरणमा हेटौँडा उपमहानगर क्षेत्रमा मात्र सेवा सञ्चालन हुनेछ।'

हालसम्म तयार भएर पनि लिन नआएका करिब ५०० राहदानी पहिलो चरणमै घरमै पुऱ्याउने योजना रहेको उनले बताए। जिल्ला प्रशासन कार्यालयले आगामी दिनमा राहदानीसँगै नागरिकता, राष्ट्रिय परिचयपत्र र सवारीचालक अनुमतिपत्र (लाइसेन्स) समेत हुलाकमार्फत घरमै उपलब्ध गराउने तयारी गरेको छ।

यो सेवा नेपाल सरकारले घोषणा गरेको सयबुँदे शासकीय सुधार कार्यक्रमअन्तर्गत सुरु गरिएको हो। १३ चैतमा सार्वजनिक उक्त कार्यक्रमअनुसार सय दिनभित्र नागरिकमैत्री सेवा विस्तार गर्ने लक्ष्य राखिएको छ। सोही कार्यक्रमको बुँदा नम्बर २७ अन्तर्गत घरदैलोमै सेवा पुऱ्याउने नीति कार्यान्वयनस्वरूप मकवानपुरमा राहदानी घरघरमै वितरण सुरु गरिएको प्रजिअ अधिकारीले बताए।

०६३ यताका...

पृष्ठ १ बाट क्रमशः

समिति गठन गर्ने निर्णय गरेको थियो। १५ दिनभित्रमा यस्तो आयोग गठन गर्ने निर्णय थियो। १९औँ दिनमा आयोग गठन गरिएको छ। पूर्वसचिव शारदाप्रसाद त्रितालले सरकारको कदम 'एकदम सकारात्मक' रहेको संक्षिप्त प्रतिक्रिया दिए।

मन्त्रिपरिषद्‌बाट गत १३ चैतमा स्वीकृत भएको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा (सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण)सम्बन्धी ४३औँ बुँदामा आयोग गठन गर्ने विषय समावेश थियो। उक्त बुँदामा 'देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयअन्तर्गत रहने गरी १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने' भनिएको थियो।

सरकारले ल्याएको सयबुँदे कार्यसूचीमा अधिकारसम्पन्न सम्पत्ति छानबिन समितिले पहिलो चरणमा ०६२/६३ देखि चालू आर्थिक वर्ष ०८२/८३ सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरणको संकलन, प्रमाणीकरण तथा छानबिन गर्ने उल्लेख छ।

दोस्रो चरणमा ०४८ देखि ०६१/६२ सम्मको अवधिमा सार्वजनिक पद धारण गरेका सोही प्रकृतिका पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने मन्त्रिपरिषद्‌बाट स्वीकृत कार्यसूचीमा उल्लेख छ। छानबिन प्रक्रियालाई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा सञ्चालन गर्ने तथा समितिले पेस गरेको प्रतिवेदन तथा सिफारिसहरू सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने पनि कार्यसूचीमा छ।

गठन गर्ने भनिएको समितिमा कानुन, अर्थ, राजस्व तथा अनुसन्धान क्षेत्रका विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधिहरू समावेश गर्ने कार्यसूचीले नै स्पष्ट पारेको थियो। समितिका लागि आवश्यक कानुनी तथा प्राविधिक संयन्त्र विकास गरी सम्पूर्ण प्रक्रिया पारदर्शी र नतिजामुखी हुने सुनिश्चित गर्ने कार्यसूचीमा छ। समितिलाई आवश्यक कागजात, विवरण तथा अभिलेख संकलन, विश्लेषण तथा सिफारिस गर्नेलगायतका अधिकार प्रदान गर्ने भनिएको छ।

खासगरी राज्यको लाभका पदमा बसेका उच्च राजनीतिक, प्रशासनिक पदाधिकारीहरूको आर्थिक पारदर्शितामाथि लामो समयदेखि प्रश्न उठ्दै आएको छ। उच्चपदस्थहरूले पदको दुरुपयोग गरी गैरकानुनी गतिविधिमार्फत अकुत सम्पत्ति आर्जन गरेको आमआरोप छ। र, छानबिनका लागि आयोग गठन गर्नुपर्ने विषय वर्षौँदेखि उठ्दै आएको थियो।

यसैगरी, प्रमुख ६ राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धताअनुसार तयार गरेर मंगलबार सरकारले सार्वजनिक गरेको 'राष्ट्रिय प्रतिबद्धता'मा पनि सम्पत्ति छानबिन समिति बनाउनेबारे उल्लेख छ। त्यसको बुँदा नं. १० मा सुशासन तथा भ्रष्टाचार नियन्त्रणबारेको प्रतिबद्धता छ। त्यसमा छ, '०४६ पछि सार्वजनिक पदमा आसीन व्यक्तिको सम्पत्ति पारदर्शी र कानुनी प्रक्रियाअनुसार छानबिन गरिनेछ।'

दलका घोषणापत्रमै थिए सम्पत्ति छानबिन आयोगका विषय

पछिल्लो राजनीतिक बहसमा उच्चपदस्थहरूको सम्पत्ति छानबिन आयोग केवल सरकारको निर्णय मात्र होइन, चुनावी वाचा र राजनीतिक प्रतिज्ञा-पत्रमा पनि थिए। प्रमुख दलहरूले पारदर्शिता, सुशासन र भ्रष्टाचार नियन्त्रणलाई आफ्नो मुख्य एजेन्डाका रूपमा प्रस्तुत गर्दै यस्ता आयोग गठन गर्ने प्रतिबद्धता जनाएका थिए।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले वाचापत्र नाम दिइएको चुनावी घोषणापत्रको पृष्ठ १६ मा बुँदा नम्बर ३ मा सम्पत्ति छानबिनसम्बन्धी विषय छ। उक्त बुँदामा उल्लेख छ, 'वि.सं. २०४६ सालदेखि महत्त्वपूर्ण सार्वजनिक पदमा आसीन व्यक्तिहरूको सम्पत्ति पारदर्शी र कानुनी प्रक्रियाअनुसार छानबिन गर्नेछौँ। अवैध रूपमा आर्जित प्रमाणित सम्पत्ति जफत तथा राष्ट्रियकरण गर्न स्पष्ट कार्यविधि तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्छौँ।' रास्वपाकै 'नागरिक करार'को पहिलो बुँदामै 'दलीयकरणको अन्त्य र २०४६ देखिकै सम्पत्ति छानबिन गर्न उच्चायोग गठन' गर्ने उल्लेख छ।

कांग्रेसको प्रतिज्ञा नाम दिइएको घोषणापत्रको पृष्ठ २३ मा उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठनको विषय छ। भ्रष्टाचारमा संलग्न कोही नउम्किऊन्, कोही नछुटून् 'भ्रष्टाचारको अन्त्य : कांग्रेसको गन्तव्य भन्ने मान्यताका साथ हामी भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्छौँ' भन्दै कांग्रेसले भनेको छ, '२०४८ सालपछि सार्वजनिक जीवनका उच्च तहमा रहेका हरेक व्यक्तिको सम्पत्ति छानबिन गर्न ६ महिनाभित्र उच्चस्तरीय अधिकारसम्पन्न छानबिन आयोग गठन गर्छौँ।'

त्यस्तै, नेपाली कम्युनिस्ट पार्टीको प्रतिबद्धतापत्र नाम दिइएको चुनावी घोषणापत्रमा भ्रष्टाचार नियन्त्रण र सुशासन शीर्षकमा आयोग गठनबारे उल्लेख छ। भ्रष्टाचार नियन्त्रणलाई पार्टीको आधारभूत मान्यता, सोच, नीति तथा कार्यक्रमको प्रस्थानविन्दु बनाइने भन्दै घोषणापत्रमा भनिएको छ, 'हालसम्मका सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन तथा भ्रष्टाचारका काण्डहरूको छानबिन गर्न एक वर्ष समयसीमा रहने गरी अधिकारसम्पन्न स्वतन्त्र आयोग गठन गरिनेछ।'

०५८ सालमा राजा ज्ञानेन्द्रले पनि बनाएका थिए आयोग

सरकारले गठन गरेको सम्पत्ति छानबिनसम्बन्धी यो आयोग दोस्रो हो। यसअघि राजा ज्ञानेन्द्र शाहले ०५८ सालमा यही प्रकृतिको न्यायिक जाँचबुझ आयोग गठन गरेका थिए। सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा १ बमोजिम न्यायिक जाँचबुझ आयोग गठन गरिएको थियो।

मन्त्रिपरिषद्‌ले जाहेर गरेको भन्ने आधारमा राजाले नेपाल अधिकारज्यको संविधान, २०४७ बमोजिम न्यायपरिषद्‌को परामर्शमा सर्वोच्च अदालतका न्यायाधीश भैरवप्रसाद लम्साललाई अध्यक्ष तोकेर न्यायिक जाँचबुझ आयोग गठन गरेका थिए। ०४७ को संविधानको धारा ९२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम सर्वोच्चका न्यायाधीश लम्सालको अध्यक्षतामा सर्वोच्चकै दुई पूर्वन्यायाधीशद्वय सदस्य रहेको तीन सदस्यीय समिति गठन गरिएको थियो।

४ चैत ०५९ मा पेस गरिएको यो प्रतिवेदन सरकारले सार्वजनिक गरेन, अझसम्म गोप्य छ। लम्सालको निधन भइसकेको छ। यसबारे लामो रिपोर्टिङ गरेका वरिष्ठ पत्रकार हरिबहादुर थापाका अनुसार उक्त आयोगले करिब ३० हजार ५९४ जनाको सम्पत्ति छानबिन गरेको थियो। यसैको सिफारिसका आधारमा केहीलाई अख्तियारले मुद्दा पनि चलाएको थियो। थापाको भनाइमा आयोगकै सिफारिसलाई आधार मानेर अख्तियारले केही राजनीतिक व्यक्तित्व, उच्चपदस्थ प्रहरी र कर्मचारीलाई मुद्दा चलाएको थियो।

'तर, स्रोत नखुलेको सम्पत्ति नभएको भनेर धेरैको हकमा अख्तियारले तामेलीमा राख्यो,' उनले भने। थापाको अनुभवमा एमालेलाई छाडेर कांग्रेसलाई कारबाही गरेको भनेर कांग्रेसभित्र असन्तुष्टि थियो।

त्यही न्यायिक जाँचबुझ आयोगको सिफारिसका आधारमा अख्तियारले ०६० र ०६१ ताका त्यतिवेला कांग्रेसका चर्चित नेताहरू गोविन्दराज जोशी, खुमबहादुर खड्कालगायतविरुद्ध मुद्दा दायर गरेको थियो। यी दुवै मुद्दा सर्वोच्चबाट ठहर नै भएका छन्।

यसबारे त्यतिवेला अख्तियारको प्रमुख आयुक्त रहेका (१८ कात्तिक ०५७ देखि १७ कात्तिक ०६३) सूर्यनाथ उपाध्यायसँग नयाँ पत्रिकाले प्रतिक्रिया लिएको थियो। उनले भने, 'आयोगले राजनीतिक र प्रशासनिक व्यक्तिहरूलाई कारबाही सिफारिस गरेको थियो। त्यसमा मन्त्री, सचिवदेखि तलका कर्मचारीसमेत थिए।'

०४७ सालदेखि विभिन्न पदमा बहाल रहेका वा अवकाशप्राप्त राजनीतिक नेतृत्व र कर्मचारी तथा तिनका परिवारका सम्पत्तिहरूको विवरण लिएर आयोगले काम गरेको थियो। ६ महिना अवधि तोकेर यो आयोग गठन भएको थियो।

रोजगारीका लागि...

पृष्ठ १ बाट क्रमशः

निलमले बताइन्। 'निवेदन दिएका छौँ, तर कसैले पनि मेरो श्रीमान्‌को स्थितिबारे पत्ता लगाउन सकेका छैनन्,' उनले भनिन्। निलमका अनुसार १ वैशाख ०७९ मा सपोर्ट मेनपावरमार्फत गएका देवनारायण दुबई विमानस्थलमा सरसफाइको काम गर्दै आएका थिए। उनी ५ मंसिर ०८१ मा बिदामा नेपाल फर्किने तयारीमा थिए। तर, विमानस्थलमा उनको पासपोर्ट नियन्त्रणमा लिएको निलमको भनाइ छ। 'त्यसवेला पासपोर्ट लिएपछि उहाँ सोही विमानस्थलमा पुगेर काम गर्न थाल्नुभयो,' उनले भनिन्, '०८२ मंसिर ५ गते पासपोर्ट लिन जाँदै छु भन्ने जानकारी गराउनुभयो। यसपछि उहाँ सम्पर्कमा आउनुभएको छैन। फोन पनि लाग्दैन।'

त्यसयता परिवारका कसैसँग पनि देवनारायणको सम्पर्क हुन नसकेको निलमले बताइन्। 'उहाँ कहाँ हुनुहुन्छ केही खबर पाउन सकेका छैनौँ,' उनले भनिन्, 'प्रशासनलाई सोध्दा खोजबिन भइरहेको बताउनुभएको छ।'

जिल्ला प्रशासन कार्यालय सप्तरीअन्तर्गतको आप्रवासी स्रोत केन्द्रकी केस स्टडी प्रमुख नीता चौधरीले परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागमा जानकारी गराइसकेको बताइन्। 'त्यहाँबाट सम्बन्धित दूतावासमा समेत जानकारी गराइसकिएको छ। अहिले खोजी कार्य जारी रहेको सूचना छ,' उनले भनिन्।

देवनारायणका सात वर्षकी छोरी र पाँच वर्षका छोरा छन्। परिवार पाल्न अरूको खेतमा काम गरिरहेको निलमले बताइन्। 'पाँच महिना भइसक्यो, उहाँको कुनै पत्तो छैन। साना बच्चालाई के खुवाउने, कसरी पढाउने भन्ने चिन्ताले पिरोल्छ,' उनले आँसु पुछ्दै भनिन्, 'अहिले अर्काको खेतबारीमा काम गरेर जेनतेन गुजारा गरिरहेकी छु।'

सुरक्षा अधिकारीमाथि...

पृष्ठ १ बाट क्रमशः

मुद्दामा कारबाही सिफारिस गरेको थियो। त्यस्तै, नेपाल प्रहरीका एआइजी दानबहादुर कार्की, एआइजी सिद्धिविक्रम शाह, डिआइजी ओम राना, विश्व अधिकारी, एसएसपी दीपशमशेर जबरा र ऋषिराम कँडेल, सशस्त्रका एआइजी नारायदत्त पौडेल, डिआइजी सुरेश श्रेष्ठ तथा एसपी जीवन केसीलाई विभागीय कारबाहीको सिफारिस गरिएको थियो। सेनाका सहायक रथी मनोज बैदवार, प्रमुख सेनानी दिवाकर खड्का, प्रमुख सेनानी गणेश खड्का, सेनानी सन्तोष ढुंगेलको हकमा भने छानबिन समितिको प्रतिवेदनपछि मात्र कारबाही हुने-नहुने तय हुने एक मन्त्रीले बताए। तत्कालीन गृहसचिव दुवाडी र सिडिओ रिजालको हकमा पनि सुरक्षा संयन्त्रकै अधिकारीका रूपमा राखेर तत्काल कारबाही प्रक्रिया अघि बढाइएको छैन।

प्रधानमन्त्री बालेन...

पृष्ठ १ बाट क्रमशः

छुट्याइएको छ। तिनमा बालेनलाई नेताको सूचीमा राखिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पदेखि बंगलादेशका नवनिर्वाचित प्रधानमन्त्री तरिक रहमानसहित २४ जना राजनीतिक क्षेत्रका व्यक्तिसँगै बालेनको नाम समावेश गरिएको छ।

म्यागजिनका प्रधानसम्पादक स्याम ज्याकोबका अनुसार विभिन्न क्षेत्रमा विश्वको दिशा निर्धारण गरिरहेका व्यक्ति यसमा छन्। यो सूची केवल सफलता वा लोकप्रियताका आधारमा नभई विश्वव्यापी प्रभाव, सोच परिवर्तन गर्ने क्षमता तथा समाजमा दीर्घकालीन योगदानका आधारमा तयार गरिएको म्यागजिनले जनाएको छ। २०२६ संस्करणमा विशेषगरी ती व्यक्तिलाई समावेश गरिएको छ, जसले तीव्र रूपमा परिवर्तन भइरहेको विश्वमा नयाँ सोच, प्रविधि र नेतृत्व प्रस्तुत गरिरहेका छन्।

यस वर्षको सूचीमा विभिन्न देशका राष्ट्रप्रमुख, सामाजिक अभियन्ता, उद्यमी, कलाकार र वैज्ञानिक छन्। कृत्रिम बुद्धिमत्ता (एआई), जलवायु परिवर्तन, डिजिटल अर्थतन्त्र र वैश्विक राजनीतिमा निर्णायक प्रभाव पार्ने व्यक्तित्व यस सूचीमा विशेष रूपमा समेटिएका छन्।

बालेन तीन वर्षअघि सन् २०२३ मा सोही म्यागजिनको 'टाइम १०० नेक्ट'को सूचीमा पनि सूचीकृत भएका थिए।

■ टाइम म्यागजिनका 'एडिटर-एट-लार्ज' चार्ली क्याम्पवेलले लेखेको बालेनको 'प्रोफाइल'

'पैसा रुखमा फल्छजस्तो लाग्छ ती मानिसहरूका लागि जसले आफ्नो इमानदारी बेच्छन्,' बालेन्द्र शाह (बालेन) र्‍याप गर्छन्। ३५ वर्षीय नेपाली पूर्वहिप-हप स्टार, जो मार्चमा भएको निर्वाचनमा हिमाली देश नेपालका सबैभन्दा कान्छा प्रधानमन्त्री बनेका छन्। त्यो ऐतिहासिक जित गत शरद ऋतुमा भएको घातक सडक आन्दोलनले बल दिएको थियो, जुन जेन-जीको नेतृत्वमा भएको थियो। आन्दोलनले भ्रष्ट र जनतासँग टाढा रहेको पुरानो राजनीतिक वर्गलाई हटाउन चाहन्थ्यो।

यही आन्दोलनबाट उदाएका शाह, जसलाई आम रूपमा बालेन भनेर चिनिन्छ, सिभिल इन्जिनियरिङ अध्ययन गरेका व्यक्ति हुन्। उनका गम्भीर स्टेज प्रस्तुति र भ्रष्ट अधिकारीविरुद्धका कडा अभिव्यक्तिले चार वर्षअघि उनलाई काठमाडौँको मेयर बनायो। र,अहिले नेपालका करिब तीन करोड जनताको नेता बनाएको छ।

बालेनको उदय केवल पपुलिष्ट युवाविद्रोह मात्र होइन, दक्षिण एसियाको पुरानो वंशवादी राजनीतिक संरचनाको अस्वीकृति पनि हो। यसले क्षेत्रीय सत्ता संरचनामा ठुलो तरंग पैदा गरेको छ।

मेयरका रूपमा उनले फोहोर व्यवस्थापन, शिक्षा र स्वास्थ्य सेवामा सुधार ल्याउन प्रशासनिक जटिलता तोड्ने काम गरेका थिए। (चर्चित अमेरिकी र्‍यापर) टुमाक सकुर र फिफ्टी सेन्टका प्रशंसक रहेका यीनले राष्ट्रियस्तरमा महानगरमा हासिल गरेको सफलता दोहोऱ्याउन सक्लान् ?

बालेनले एकपटक सामाजिक सञ्जालमा लेखेका थिए, 'सबै राजनीतिज्ञ, नयाँ होस् वा पुराना, चोर हुन्।' अब नेपालीले आशा गर्ने छन् किउ नले आफ्नै भनाइ गलत साबित गरून्।

संस्थापन...

पृष्ठ १ बाट क्रमशः

कांग्रेसले संवादको जिम्मा सभापति गगन थापालाई दिएको छ। विशेष महाधिवेशनबाट सभापति भएपछि उनले इतर समूहसँग उच्चस्तरीय वार्तालाई प्राथमिकतामा राखेका छैनन्।

खड्काले १४ चैतमा विज्ञप्ति जारी गरेपछि अनुशासन समितिले १८ चैतमा खड्काको नाम नलिई हुँदै नभएको पद (कार्यवाहक) को नाममा गतिविधि नगर्न सचेत गराएको थियो। खड्काले पुनः ३० चैत्रमा कार्यवाहक सभापतिकै नाममा पुनः विज्ञप्ति जारी गरेपछि अनुशासन समितिले २ वैशाखमा स्पष्टीकरण सोधेको हो।

'..नेपाली कांग्रेसको नक्कली लेटरप्याड बनाएर प्रयोग गरी आफूसँग नभएको जिम्मेवारी उल्लेख गर्दै आफू पार्टीको जिम्मेवारीमा छु भनी नेपाली कांग्रेसको पूर्वउपसभापति पूर्णबहादुर खड्काद्वारा अनधिकृत रूपमा प्रेस विज्ञप्ति जारी गर्ने कार्य पार्टीको विधानविपरीत देखिएकाले नेपाली कांग्रेसको विधान २०१७, (संशोधनसहित) को धारा ३४ को उपधारा ८ (घ) बमोजिम ७ (सात) दिने स्पष्टीकरण सोध्ने निर्णय गर्दछ,' संयोजक तारामान गुरुङको संयोजकत्वमा बुधबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको अनुशासन समितिको निर्णयमा छ।

संयोजक गुरुङले खड्काले पार्टीमा नभएको जिम्मेवारीमा छु भन्दै अनधिकृत वक्तव्य निकालेपछि स्पष्टीकरण सोधिएको बताए। यसअघि सचेत गराउँदा पनि अटेर गरेर नक्कली लेटरप्याड प्रयोग गरेकाले स्पष्टीकरण सोध्ने निर्णय भएको उनले स्पष्ट पारे। 'पार्टीमा नभएको जिम्मेवारीमा छु भन्दै अनधिकृत वक्तव्य निकालेपछि पहिले नै समितिले सचेत गराएको थियो। पुनः सोही गतिविधि दोहोऱ्याएपछि स्पष्टीकरण सोधिएको हो,' गुरुङले भने, 'विधानभन्दा माथि कांग्रेसका कोही पनि नेता-कार्यकर्ता छैनन्। विधानको अधीनमा सबै बस्नुपर्छ।'

विशेष महाधिवेशनलाई अवैधानिक मानेको र आधिकारिकता विवाद अदालतमा विचाराधीन रहेको वेला स्पष्टीकरण सोध्नु निरर्थक र हास्यास्पद रहेको खड्काको भनाइ छ। 'सम्मानित सर्वोच्च अदालतको निर्णय आएपछि सबैले मान्नुपर्छ। सर्वोच्चमा अहिले मुद्दा विचाराधीन छ। यस्तो वेला स्पष्टीकरण सोध्नु भनेको निरर्थक छ, हास्यास्पद छ,' खड्काले भनेका छन्, 'सम्मानित अदालतमा विचाराधीन मुद्दामा न्याय पाउँछौँ भन्ने विश्वास छ।' खड्काले विशेष महाधिवेशनलाई अवैधानिक भनेर आधिकारिकता दाबी गर्दै मुद्दा दायर गरेकाले चुनावसमेत नलडेको बताए। अवैधानिक मानेको कमिटीले सोधेको स्पष्टीकरणको जवाफ नदिने उनले बताएका छन्।

कांग्रेसको आधिकारिकता मुद्दामा अदालतमा बिहीबार पेसी तोकिएको छ। आधिकारिकताको विषय अदालतमा विचाराधीन अवस्थामा रहेको वेला विशेष महाधिवेशन पक्षधरले १५औँ महाधिवेशनको मिति तोकेको भन्दै त्यसलाई रोक्न माग गर्दै १४औँ महाधिवेशन पक्षधरले दायर गरेको अर्को मुद्दामा पनि बिहीबार नै सुनुवाइ हुँदै छ। कांग्रेसको मुद्दालाई सर्वोच्चले अग्राधिकारमा राखेको छ।

१४औँ महाधिवेशन पक्षधर नेता विमलेन्द्र निधिले आधिकारिकताको विषय अदालतमा विचाराधीन अवस्थामा रहेको र ३ वैशाखमा मुद्दा हेर्ने गरी अग्राधिकार प्रदान गरिएकाले विधि, विधानमा टेकेर १४औँ महाधिवेशन पक्षधरकै पक्षमा निर्णय आउनेमा विश्वस्त रहेको बताए। निर्वाचन आयोगको हेलचेक्र्याइँलाई अदालतले विधि, विधानअनुसार निर्णय गर्ने र आफूहरूले न्याय पाउने उनको विश्वास छ।

'निर्वाचन आयोगले हेलचेक्र्याइँमा निर्णय बहुमतका आधारमा गऱ्यो। एक आयुक्तले विधि र विधानअनुसार मान्यता दिन नमिल्ने स्पष्ट आपत्ति जनाउँदासमेत दुईजनाको बहुमतबाट विशेष महाधिवेशनलाई मान्यता दिइयो। तर, अदालतले हेलचेक्र्याइँमा होइन, विधि र विधानका आधारमा निर्णय गर्छ,' निधिले भने, 'विशेष महाधिवेशन आह्वान गर्ने अधिकार वैधानिक प्रक्रिया र निकायमै निहित हुन्छ। केवल बहुमतको आधारमा टुँडिखेलबाट घोषणा गरेर वैधानिकता प्राप्त हुँदैन। रास्वपाले करिब दुईतिहाइ सिट जिते पनि प्रधानमन्त्री नियुक्तिका लागि संसदीय दलको नेता चयन, संवैधानिक प्रक्रिया पूरा गरी राष्ट्रपतिसमक्ष दाबी पेस गरेपछि मात्र नियुक्ति सम्भव भयो, किनकि विधि त्यही हो।'

त्यसैबिच, खड्कालाई स्पष्टीकरण सोध्ने निर्णयप्रति नेता शेखर कोइराला पक्षले पनि आपत्ति जनाएको छ। कारबाहीको धम्की दिएर पार्टी एकताबद्ध हुन नसक्ने सो पक्षको जिकिर छ। कोइरालानिकट नेता केदार कार्कीले सबै मिलेर एकताको महाधिवेशन गर्नुपर्नेमा स्पष्टीकरण सोधिएको भन्दै आपत्ति जनाएका हुन्। उनले सामाजिक सञ्जालमार्फत संवाद गरेर समस्याको समाधान खोज्नुपर्नेमा जोड दिएका छन्।

'बिपी, सुवर्ण शमशेर, किसुनजी, गिरिजा प्रसादहरूले दिएको सदस्यता इँजारमा बाँधेर सुरक्षित राख्नेहरूलाई संवाद होइन कारबाहीको धाक देखाउनु अतिवाद हो। 'हामीले विशेष महाधिवेशनबाट सिंगो कांग्रेसको सभापति बनाएको हो,' उनले लेखेका छन्, 'दास, लास, अश्लील, अराजक, अनुशासनहीन कबिलाको नाइके बनाएको होइन। संवाद गर्नुस्, समाधान निकाल्नुस्, जिम्मेवार हुनुस्। सबै मिलेर एक नेपाली कांग्रेसको नियमित महाधिवेशन गरौँ। संवाद नै समाधानको उपाय हो भन्ने थाहा होला नि।'

कांग्रेसको पछिल्लो विवादलाई लिएर राजनीतिक विश्लेषकका मिश्रित प्रतिक्रिया छन्। विश्लेषक लोकराज बरालले खड्कासँग स्पटीकरण मागेकै आधारमा कांग्रेस विभाजन हुन्छ भन्न नमिल्ने प्रतिक्रिया दिए। 'विशेष महाधिवेशनपछि तत्कालीन संस्थापन पक्षले अदालतमा मुद्दा दायर गरे पनि अन्तरिम आदेश नआएपछि कांग्रेसका नेताहरू गगन थापाकै हस्ताक्षरमा निर्वाचनमा सहभागी भएका थिए। त्यसवेला उनीहरू थापालाई सभापतिका रूपमा स्विकारेर अघि बढेका थिए, यद्यपि चुनावी परिणाम फरक आयो,' उनले भने, 'अहिले आएर पुराना नेताहरूले उठाइरहेका आपत्तिहरूको खास अर्थ देखिँदैन। अघिल्लो चरणमा सोही संस्थापन पक्षले गगन थापा र विश्वप्रकाश शर्मामाथि कारबाही गरेको थियो भने अहिले नयाँ संस्थापनले पूर्णबहादुर खड्कासँग स्पष्टीकरण मागेको छ। राजनीतिक दलभित्र यस्ता घटनाहरू असामान्य होइनन्, त्यसैले यसकै आधारमा पार्टी विभाजन हुन्छ भन्ने लाग्दैन।'

यस्तै, अर्का विश्लेषक गेजा शर्माले कांग्रेसको विवाद आत्मघाती रहेको र यसले कार्यकर्ताको मनोबल कमजोर पार्ने टिप्पणी गरे। 'पछिल्लो निर्वाचनमा पराजयपछि कांग्रेसका केन्द्रीय नेतादेखि स्थानीय कार्यकर्ता पंक्तिसम्ममा गम्भीर राजनीतिक तथा मनोवैज्ञानिक आघात परेको देखिन्छ। एकातिर, शेरबहादुर देउवा-शेखर कोइराला समूह विशेष महाधिवेशनविरुद्ध सर्वोच्च अदालत गएपछि कांग्रेसमा गम्भीर संकट सिर्जना भएको थियो। अर्कातिर, निर्वाचनमा लज्जास्पद पराजयपछि पनि समानान्तर बैठक र अस्वाभाविक गतिविधिलाई निरन्तरता दिएपछि यस्तो संकट थप गहिरिँदै गएको देखिन्छ,' उनी भन्छन्, 'विवाद, विभाजन र एकता वंशाणुगत विशेषता भएको कांग्रेसमा यस्ता विवादित गतिविधिले एकता र अस्तित्वका दुवै दृष्टिमा संशयपूर्ण प्रश्न खडा भएको छ। यस्तो प्रवृत्ति आत्मघाती छ, यसले कांग्रेसलाई थप कमजोर बनाउनेछ र नेता-कार्यकर्ताको मनोबल थप खस्किनेछ।'

■ विभिन्न समिति, तर ब्युरो गठन

कांग्रेसले केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान गठन गरेको छ। प्रतिष्ठानको प्रमुखमा उपसभापति विश्वप्रकाश शर्मा रहेका छन्। कांग्रेस निर्वाचन ब्युरो पनि गठन गरेको छ। अर्की उपसभापति पुष्पा भुसाल ब्युरोको संयोजक बनेकी छिन्। कांग्रेसले सदस्यता व्यवस्थापन केन्द्रीय समिति गठन गरेको छ। महामन्त्री प्रदीप पौडेलको संयोजकत्वमा सहमहामन्त्रीहरू योगेन्द्र चौधरी र प्रकाश रसाइली स्नेही सदस्य रहेको समिति गठन गरिएको हो।

कांग्रेसले संगठन परिचालन तथा समन्वय समिति पनि गठन गरेको छ। महामन्त्री गुरुराज घिमिरेको संयोजकत्वमा गठित समितिमा सहमहामन्त्रीहरू बहादुरसिंह लामा र मुक्ताकुमारी यादव सदस्य छन्। बैठकले केन्द्रीय सदस्य अर्जुननरसिंह केसीको संयोजकत्वमा अन्य राजनीतिक दल संवाद समिति गठन गरेको छ। केन्द्रीय सदस्य चीनकाजी श्रेष्ठको संयोजकत्वमा कांग्रेसको मर्यादाक्रम निर्धारण समिति पनि गठन गरिएको छ। कांग्रेसले सार्वजनिक कार्यक्रम सञ्चालन कार्यविधि–२०८३ प्रदेश र जिल्ला कार्यसमितिको सुझाव सम्मिलित गरेर १ जेठदेखि लागू हुने गरी पारित पनि गरेको छ।

GANDAKI PROVINCE
MADI RURAL MUNICIPALITY
Office of Rural Municipal Executive
Thumakodada Kaski

माडी गाउँपालिका

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८३/०१/०३

यस कार्यालयको मिति २०८२/१२/१० गतेको "राष्ट्रिय दैनिक" पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार विभिन्न कार्यको लागि E-Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरू मध्ये बाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु. Including (V.A.T. and P.S)	कैफियत
MRM/NCB/W08/082-083	Construction Of Krishi Upaj Sankalan Kendra Tarkang at Madi R.M-4	Delight Builders and Consultant, New baneshwor, Kathmandu,Nepal	NRs. 66,09,568.76/-	

प्रमुख प्रशासकीय अधिकृत

स्वास्थ्यमन्त्रीलाई १५ दिनमा बिरामीका तीन हजार १२२ गुनासा

सेवा सुधार्न निर्देशन, डाक्टरहरूलाई ड्युटी समयमा कडाइ गर्दै स्वास्थ्य मन्त्रालय

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशकै जेठो र बिरामीको अत्यधिक चाप हुने वीर अस्पतालबाट सोमबार दिउँसो स्वास्थ्य मन्त्रालयको गुनासो इकाइमा फोन आयो। बिमामा उपचार गराइरहेका एक बिरामीले तीन घण्टादेखि लाइनमा बस्नुपरेको भन्दै गुनासो पोखे। बिमाको सफ्टवेयर नचल्दा बिरामीले घण्टौं कुर्नुपरेको थियो। 'बिमाको सेवा लिन सधैं समस्या भयो, अस्तालले सिस्टम बिग्रिएको भन्छ,' ती बिरामीले मन्त्रालयका कर्मचारीसँग भनेका थिए, 'लौन यो समाधान गर्नुपऱ्यो।'

मन्त्रालयको गुनासो इकाइमा दैनिक तीन सय यस्ता गुनासा आउँछन्। ती सबैजसो गुनासा बिरामी पक्षकै रहेको मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले जानकारी दिए। उनका अनुसार मन्त्रालयमा दैनिक २५० देखि ३०० सम्म गुनासा आउँछन्। १६ चैतदेखि १ वैशाखसम्म तीन हजार १२२ वटा गुनासा आएका छन्। ती गुनासा देशैभरिका स्वास्थ्य संस्थामा सेवा लिन जानेबाट आएको डा. केसीको भनाइ छ। 'अधिकांश गुनासा अस्पतालबाट आइरहेका छन्, सेवाग्राहीले धेरैजसो त बिमाका विषयमा गुनासो गर्नुभएको छ, तीन हजार १२२ मध्ये करिब हजार गुनासा त बिमामै केन्द्रित छन्,' सूचना अधिकारी डा. केसीले भने, 'बिमाको सेवा ढिलो भएको, कर्मचारीले व्यवहार राम्रो नगरेको, लामो समयसम्म लाइन बस्नुपरेको, बिमाको सफ्टवेयर नचलेको जस्ता गुनासा बिरामीले गर्नुभएको छ। ती गुनासा संकलन गरेर सम्बन्धित अस्पताल तथा स्वास्थ्य संस्थालाई सेवा प्रवाह सुधार्न निर्देशन पनि दिइरहेका छौं।'

केसीका अनुसार मन्त्रालयमा १६० वटा स्वास्थ्य संस्थाबाट गुनासो बढी आउने गरेका छन्। जसमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन मानसिक अस्पताल, वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, निजामती अस्पताल, त्रिवि शिक्षण अस्पताल, प्रसूतिगृह, सहिद गंगालाल हृदयरोग केन्द्र, कान्ति बाल अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल, गण्डकी मेडिकल कलेज, भेरी अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, आयुर्वेद चिकित्सालय, नरदेवी, बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, भरतपुर अस्पताल, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलगायत छन्।

त्यसमा पनि सबैभन्दा बढी गुनासो शिक्षण, वीर र पाटन अस्पतालबाट आउने गरेको मन्त्रालयका सूचना अधिकारी केसीले बताए। 'अस्पतालमा सेवाग्राहीलाई कर्मचारीले राम्रो व्यवहार नगरेको, खाजा खाने समय भनेर अनावश्यक कुराउने गरेको, अस्पतालमा सरसफाइ नभएको, काउन्टर संख्या थोरै भएको, समयमा काउन्टर नखुलेको, डाक्टरहरू अस्पतालमा नभएको, पैसा तिर्दा लामो समय लाइन लाग्नुपरेको, अस्पतालको फार्मेसीमा बिमाको औषधि नपाइएकोलगायत गुनासा बढी आउँछन्,' उनले भने, 'हामीले सेवा सहज पार्न भनिसकेका छौं।'

अत्यधिक बिरामीको गुनासो आएपछि स्वास्थ्यमन्त्री निशा मेहता सोमबार त्रिवि शिक्षण अस्पताल र वीर अस्पतालको अनुगमनमा पुगेकी थिइन्। त्यहाँ पनि उनलाई बिरामी र कुरुवाले गुनासा सुनाएका थिए। उनले अस्पतालका निर्देशकलाई सेवा सहज पार्न निर्देशनसमेत दिएकी थिइन्।



● डा. भक्तबहादुर केसी
सूचना अधिकारी, स्वास्थ्य मन्त्रालय



अधिकांश गुनासा अस्पतालबाट आइरहेका छन्, सेवाग्राहीले धेरैजसो त बिमाका विषयमा गुनासो गर्नुभएको छ, तीन हजार १२२ मध्ये करिब हजार गुनासा त बिमामै केन्द्रित छन्। बिमाको सेवा ढिलो भएको, कर्मचारीले व्यवहार राम्रो नगरेको, लामो समयसम्म लाइन बस्नुपरेको, बिमाको सफ्टवेयर नचलेको जस्ता गुनासा बिरामीले गर्नुभएको छ। ती गुनासा संकलन गरेर सम्बन्धित अस्पताल तथा स्वास्थ्य संस्थालाई सेवा प्रवाह सुधार्न निर्देशन पनि दिइरहेका छौं।

स्वास्थ्य मन्त्रालयमा बिरामीका यस्ता गुनासा

- स्वास्थ्य बिमाको सफ्टवेयर बिग्रिएको
- कर्मचारीले राम्रो व्यवहार नगरेको
- खाजा खाने समयमा अनावश्यक कुराउने गरेको
- अस्पतालमा सरसफाइ नभएको
- काउन्टर संख्या थोरै भएको
- समयमा काउन्टर नखुलेको
- डाक्टरहरू अस्पतालमा नभएको
- पैसा तिर्दा लामो समय लाइन लाग्नुपरेको
- अस्पतालको फार्मेसीमा बिमाको औषधि नपाइएको

डाक्टरहरूको सेवा प्रवाहबारे अनुगमन गरिँदै

सरकारी अस्पतालमा डाक्टरले कम समय दिने गरेको गुनासो आएपछि मन्त्रालयले अनुगमनको तयारीसमेत थालेको छ। अधिकांश सरकारी अस्पतालमा दरबन्दी भएका एमबिबिएस तथा विशेषज्ञ डाक्टरसमेत अनावश्यक बिदा बसेको, निजीमा गएर सेवा दिएको, सरकारी अस्पतालमा दैनिक आठ घण्टा सेवा नगरेको भन्ने गुनासा आएपछि मन्त्रालयले अनुगमन थालेको हो। अनुगमनका क्रममा कुन अस्पतालमा कति डाक्टरको दरबन्दी छ, कति डाक्टर बिदामा छन्, कति नियमित ड्युटीमा छन्, उनीहरू कति घण्टा काम गरिरहेका छन् ? लगायत सबै विवरण हेरिनेछ। सरकारी अस्पतालको सेवा प्रवाहलाई सहज पार्न मन्त्रालयले 'अस्पताल सुधार कार्यविधि सुधार, २०८२' समेत जारी गरेको छ। जहाँ अस्पताल, स्वास्थ्यकर्मी र कर्मचारीको दायित्व र सेवा प्रवाहबारे उल्लेख गरिएको छ। 'सेवा प्रवाहलाई सुधार्न यो कार्यविधि ल्याइएको हो, तर सरकारी अस्पतालमा अझै पनि धेरै गुनासा आइरहेका छन्, त्यसैले अनुगमन हुँदै छ, मुख्यतः डाक्टरसापहरू कति घण्टा काम गर्नुहुन्छ, सेवा प्रवाह कस्तो छ भन्नेबारे मन्त्रालयको टोलीले अनुगमन गर्छ,' सूचना अधिकारी केसीले भने, 'सुरुमा उपत्यकाका ठुला अस्पतालमा अनुगमन गर्छौं, सोही आधारमा मातहतका निकायले उपत्यकाबाहिरका स्वास्थ्य संस्थामा पनि अनुगमन गर्नेछन्।' उनका अनुसार कतिपय सरकारी अस्पतालमा चाहिनेभन्दा बढी जनशक्ति छ, तर कतिपयमा कम छ। अनुगमनले स्वास्थ्य जनशक्ति सन्तुलित बनाउनसमेत सहज हुनेछ।

औषधि व्यवस्था विभागका महानिर्देशक मन्त्रालय तानिए

काठमाडौं/ स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बिमा बोर्ड र औषधि व्यवस्था विभागका प्रमुखलाई कारबाही गरेको छ। मन्त्रालयले बोर्डका निमित्त कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेललाई स्पष्टीकरण सोधेको छ। विभागका महानिर्देशक नारायण ढकाल मन्त्रालयमा तानिएका छन्। मन्त्रालयले बोर्डको काममा शंकास्पद भूमिका खेलेको भन्दै समन्वय महाशाखा प्रमुख भीमप्रसाद सापकोटालाई पनि स्पष्टीकरण सोधेको छ।

बोर्डमा बिमा क्लेम र बोर्डका सदस्यलाई काममा फर्काउन शंकास्पद भूमिका खेलेको आशंका गर्दै बोर्डका कार्यकारी निर्देशक डा. पौडेल र मन्त्रालयका समन्वय महाशाखा प्रमुख सापकोटालाई मन्त्रालयले ३० चैतमा स्पष्टीकरण सोधेको थियो। दुवैले जवाफ दिइसकेका छन्। मन्त्रालयले बोर्डमा कतिपय कागजात मिलाउन र निर्णय गर्दा माइन्युट नै व्यवस्थित नगरेको समेत प्रश्न उठाएको थियो।

त्यस्तै, पदीय मर्यादाको दुरुपयोग गरेर यसअघि श्रममन्त्री दीपक साहकी पत्नी जुनु श्रेष्ठलाई बोर्ड सदस्यमा फर्काएको भन्दै विवाद बढेको थियो। यो घटनामा प्रधानमन्त्री बालेन शाहले श्रममन्त्री साहलाई हटाइसकेका छन्। सापकोटा र पौडेलले माइन्युट व्यवस्थित रहेको र रुजुमा कुनै समस्या नभएको दाबी गरेका छन्। निवर्तमान श्रममन्त्री साहकी पत्नी श्रेष्ठलाई बोर्ड बैठकमा बोलाउनु गलत रहेको स्वीकार गरेका छन्।

औषधिको मूल्य निर्धारण गर्दा मनपरी काम गरेको र कानुनी प्रक्रिया पालना नगरेको भन्दै औषधि व्यवस्था विभागका महानिर्देशक ढकाल मन्त्रालय तानिएका छन्। उनको ठाउँमा निमित्त महानिर्देशकका रूपमा शिवानी खड्गीलाई पठाइएको छ। स्वास्थ्यमन्त्रीस्तरीय निर्णयबाट उनलाई जिम्मेवारी दिइएको हो। खड्गी विभागमा दसौं तहकी वरिष्ठ औषधि व्यवस्थापकका रूपमा कार्यरत छिन्।

गण्डकी सरकारका सबै मन्त्री फेरिए

कांग्रेस र एमालेका आठ नयाँ मन्त्री नियुक्त



कास्कीमा रोहितराज पराजुली

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मन्त्रिपरिषद् पुनर्गठन गरेका छन्। पुनर्गठन गर्दा पहिलेका सबै मन्त्री हटाएर आठ मन्त्री नियुक्त गरिएको छ। कांग्रेस र एमालेबाट चार-चारजना मन्त्री नियुक्त भएका हुन्।

१६ जेठ ०८१ मा संविधानको धारा १६८ (३) बमोजिम पाण्डे मुख्यमन्त्रीमा नियुक्त भएका थिए। पाण्डे नियुक्त भएपछि यसअघि पाँचौंपटकमा मन्त्रिपरिषद्लाई पूर्णता दिएका थिए। बुधबारको हेरफेर छैटौं हो। नवनियुक्त मन्त्रीहरूले बुधबार नै पद तथा गोपनीयताको शपथ लिएका छन्।

कांग्रेसबाट जित शेरचन आर्थिक मामिला, नन्दप्रसाद न्यौपाने ऊर्जा, जलस्रोत तथा खानेपानी, रेखा गुरुङ सामाजिक विकास, युवा तथा खेलकुद र नम्दु गुरुङ वन तथा वातावरणमन्त्री नियुक्त भएका छन्। एमालेबाट गोविन्दबहादुर नेपाली भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था, यशोदा रिमाल उद्योग तथा पर्यटन, भीमबहादुर कार्की कृषि, भूमि व्यवस्था तथा सहकारी र लक्ष्मण पाण्डे स्वास्थ्य मन्त्रीमा नियुक्त भएका छन्। सबै पहिलोपटक मन्त्री भएका हुन्। गण्डकीमा यसअघि कांग्रेसबाट विन्दुकुमार थापा, डा. टकराज गुरुङ र भेषबहादुर पौडेल मन्त्री थिए। एमालेबाट पद्मा जिसी, कृष्ण पाठक, प्रकाश केसी र मित्रलाल बस्याल मन्त्री बनेका थिए। उनीहरू सबैलाई हटाएर सत्तागठबन्धनमा रहेका कांग्रेस र एमालेले नयाँ मन्त्री नियुक्त गरेका हुन्।

मन्त्रीमा नपरेपछि कांग्रेस सांसद कुँवरले दिए राजीनामा

मन्त्रिपरिषद्मा हेरफेर गर्दा आफू नपरेको भन्दै कांग्रेस सांसदले पदबाट राजीनामा दिएका छन्। बागलुङ २ (२) बाट निर्वाचित कांग्रेसका द्रोण कुँवरले असन्तुष्टि जनाउँदै राजीनामा दिएका हुन्। सभामुख कृष्ण धितालले इमेलमार्फत कुँवरको राजीनामा आएको जाकारी दिँदै हाल आफू काठमाडौंमा रहेकाले राजीनामाका विषयमा पोखरामा आएर निर्णय गर्ने बताए।

४ मंसिर ०७९ मा सम्पन्न प्रदेश सभा निर्वाचनपछि ६० सदस्यीय गण्डकी प्रदेश सभामा कांग्रेसका २७, एमाले २२, नेकपा (तत्कालीन माओवादी) सात, राप्रपा दुई, नेसपाका एक र एक स्वतन्त्र सदस्य निर्वाचित भएका थिए। निर्वाचनपछि २५ पुस ०७९ मा एमाले संसदीय दलका नेता खगराज अधिकारीको नेतृत्वमा सरकार गठन भएको थियो। त्यसपछि केन्द्रमा सत्ता समीकरण परिवर्तन हुँदा प्रदेशमा समेत चारपटक सरकार फेरबदल भएको छ। चारपटक सरकार फेरबदल हुँदा मुख्यमन्त्री भने दुईजना कांग्रेसका पाण्डे र एमालेका अधिकारी मात्रै बने। यस अवधिमा ३५ जना मन्त्री बनेका छन्।

गण्डकीमा दोस्रोपटक १४ वैशाख ०८० मा संविधानको धारा १६८ (२) अनुसार कांग्रेसका पाण्डे मुख्यमन्त्री नियुक्त भएका थिए। तेस्रोपटक २५ चैत ०८० मा सभामुखको समेत संख्या गणना गर्दै आवश्यक बहुमत पुऱ्याएपछि संविधानको धारा १६८ (२) बमोजिम एमालेका अधिकारी मुख्यमन्त्री भएका थिए।

पतारी पोखरीमा डुबुल्की लगाउनेको भिड



सिराहाको लक्ष्मीपुर पतारी गाउँपालिका- ३ स्थित पतारी पोखरीमा बुधबार नुहाउन जम्मा भएको भिड। हरेक वर्ष २ वैशाखमा निःसन्तान दम्पतीसहित आफन्त सहभागी हुने पतारी मेलाको पोखरीमा बुधबार करिब डेढ सय दम्पतीले डुबुल्की लगाएको लक्ष्मीपुर पतारी- ३ का वडाध्यक्ष दिलीपकुमार साफीले बताए। पोखरीमा निःसन्तान दम्पतीले डुबुल्की लगाउँदा सन्तान प्राप्ति हुने जनविश्वास छ। तस्बिर : मणिलाल विश्वकर्मा/नयाँ पत्रिका

बुटवलमा सडक अतिक्रमण हटाउन सुरु

बुटवल/ बुटवल उपमहानगरपालिकाले सडक अतिक्रमण हटाउन सुरु गरेको छ। सहरलाई व्यवस्थित र सुन्दर बनाउने लक्ष्यसहित सडक तथा सडक फुटपाथ अतिक्रमण हटाउने अभियान सुरु गरेको उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले बताए। यात्रुका लागि सडकपेटीलाई सुरक्षित बनाउन कसैको अनुहार नहेरी काम गर्ने उनले बताए। उपमहानगरपालिकाले तीन दिनसम्म माइकिङ गर्दै व्यवसायीलाई स्वेच्छिक रूपमा सडक अतिक्रमण खाली गर्न आग्रह गरेको थियो। स्वेच्छिक खाली नगरेकालाई बुधबार उपमहानगरपालिकाले डोजरसहितको टोली परिचालन गरी खाली गराएको हो।

अभियानअन्तर्गत बसपार्क, अस्पताल लाइन र ट्राफिक चोक क्षेत्रमा रहेका फुटपाथ अतिक्रमण हटाइएको छ। निर्देशनलाई अटेर गरी व्यापार जारी राख्ने केही व्यवसायीका सामग्री बुधबार बिहान जफत गरिएको उपमहानगरपालिकाले जनाएको छ। नगर प्रमुख पाण्डेयले बुटवललाई सफा, सुरक्षित र व्यवस्थित सहरका रूपमा विकास गर्ने उद्देश्यले यो कदम चालिएको बताए। फुटपाथ खाली गरिएसँगै पैदलयात्रीलाई सहज आवागमनको सुविधा पुगेको छ भने सवारी चाप व्यवस्थापनमा समेत सहयोग पुगेको छ। यसले दुर्घटना न्यूनीकरण, ट्राफिक जाम नियन्त्रण र सार्वजनिक स्थानको प्रभावकारी उपयोगमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ।

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693
स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np

VACANCY ANNOUNCEMENT

Life Insurance Corporation (Nepal) Ltd., a multinational and ISO-certified organization, and one of the leading life insurance companies in Nepal is seeking dynamic, result-oriented and ambitious Nepali citizens for the post of Branch Head.

Eligibility Criteria:

No. of Vacancy	:	**10 (Ten) approx.**
Cadre	:	Senior Associate (**Highly deserving candidates may be considered for appointment in the Assistant Manager (Junior Officer) cadre)**
Educational Qualification	:	Minimum Bachelor's degree in any field. Master's degree desirable
Experience	:	Minimum 2 years' experience in marketing in any Life/General Insurance Company or other Financial Institutions like Banks, Finance Companies etc.
Age Limit	:	30 to 35 years as of the date of application **(the age limit may be relaxed in the case of highly deserving candidates)**
Salary & Benefits	:	As per Company's Rule

Posting of the selected candidates will be anywhere across the country of Nepal.

Job Responsibilities:

- Building and executing plan for achievement of sales targets.
- Enrolment of capable and excellent agents, train and motivate them periodically.
- Leading, developing and mobilizing entire sales team towards the achievement of sales target of the branch.
- Focusing on enchasing customer satisfaction by eliminating procedural hassles.
- Any other matter as delegated by the company.

"Strict confidentiality of the applicants will be maintained by the Company"

Selection Process: Only short-listed candidates shall be called for interview.
Interested candidates can apply through email on info@licnepal.com.np by April 30, 2026.
The Company reserves the right to reject any or all applications without assigning any reasons whatsoever.

संक्षेप

रास्वपा संसदीय दलको बैठक आज

काठमाडौं/ सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी संसदीय दलको बैठक बिहीबार बस्दै छ। दिउँसो १२ बजे संसदीय दलको कार्यालय सिंहदरबारमा बैठक बोलाइएको रास्वपाका सहमहामन्त्री विपिनकुमार आचार्यले बताए। शुक्रबार संसदीय समितिका सभापतिहरूको निर्वाचन हुने भएका कारण पार्टीका तर्फबाट उम्मेदवारीबारे छलफल गर्न बैठक बोलाइएको रास्वपाले जनाएको छ। बिहीबार संसदीय समितिका सभापतिहरूमा मनोनयन दर्ता गर्ने कार्यतालिका छ। त्यसअघि रास्वपाले संसदीय दलको बैठक बोलाएको हो। २७ चैतमा सभामुख डोलप्रसाद अर्यालले शुक्रबारका लागि संसदीय समितिका सभापतिहरूको निर्वाचन तोकेका थिए। सोही दिन उनले प्रतिनिधिसभाको विषयगत समितिमा रहने सदस्यहरूको नामावली पारित गरेका थिए। संघीय संसद्अन्तर्गत १६ वटा संसदीय समिति रहेकोमा प्रतिनिधिसभाअन्तर्गत १०, राष्ट्रिय सभाअन्तर्गत चारवटा समिति र दुईवटा संयुक्त समिति छन्।

जबर्जस्ती करणीको आरोपमा एकजना पक्राउ

ताप्लेजुङ/ प्रहरीले वृद्ध महिलामाथि जबर्जस्ती करणी गरेको आरोपमा एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा २९ वर्षीय विनोद सार्की छन्। इलाका प्रहरी कार्यालय तेल्लोकबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा उनलाई लुकीछिपी बसेको अवस्थामा फेला पारी नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ। सार्कीले ६९ वर्षीया एक वृद्ध महिलालाई ३० चैतमा जबर्जस्ती करणी गरेको आरोप लागेको छ।

प्रशासनिक पुनर्संरचनाका लागि सुझाव संकलन गर्दै बागमती सरकार

मन्त्रालय संख्या १४ बाट आठमा झार्ने तयारी

मकवानपुरमा पोष्टराज अधिकारी

बागमती प्रदेश सरकारले प्रशासनिक संरचना घटाएर कार्यसम्पादन प्रभावकारी बनाउने उद्देश्यसहित 'प्रादेशिक प्रशासनिक पुनर्संरचना' प्रक्रिया तीव्र बनाएको छ। आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटअघि नै प्रशासनिक ढाँचा टुंग्याउने गरी सरकारले काम अघि बढाएको हो।

सार्वजनिक खर्च कटौती, विकास बजेटको प्रभावकारी उपयोग र सुशासनसहित गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न प्रदेश सरकारले पुनर्संरचनाको प्रक्रिया अगाडि बढाएको दाबी गर्दै आएको छ। मन्त्रिपरिषद्को निर्णयअनुसार कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसूदन पौडेलको संयोजकत्वमा गठित उच्चस्तरीय निर्देशक समितिले यससम्बन्धी कामलाई तीव्रता दिएको छ। समितिमातहत रहेको विज्ञ टोलीको प्रतिवेदनलाई अन्तिम रूप दिन मन्त्रालयहरू र प्रदेश सभाअन्तर्गतका विषयगत समितिसँग सुझाव माग गरिएको मन्त्री पौडेलले जानकारी दिए। उनका अनुसार १५ दिनभित्र सुझाव पठाउन पत्राचार गरिएको छ। मन्त्री पौडेलले ७ वैशाखसम्म सुझाव प्राप्त भएपछि अन्तिम निर्णय लिने बताए।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकारले हाल रहेका १४ वटा मन्त्रालयलाई घटाएर मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित आठवटामा सीमित गर्ने तयारी गरेको छ। यस विषयमा सत्तासाझेदार कांग्रेस र एमालेबिच सहमति भइसकेको दाबी गरिएको छ। पूर्वसचिव विमल वाग्लेको संयोजकत्वमा गठित विज्ञ समितिले गत २७ फागुनमा बुझाएको प्रतिवेदनमा मुख्यमन्त्री कार्यालयसहित आठ मन्त्रालय पर्याप्त हुने उल्लेख गरेको थियो। सोही प्रतिवेदनका आधारमा सरकारले करिब ७०१ कर्मचारीको दरबन्दी कटौती गर्ने प्रस्ताव पनि अघि सारेको छ।

प्रतिवेदनअनुसार एक कर्मचारीले औसत ३५ वर्ष सेवा अवधि पूरा गर्दा प्रदेश सरकारलाई ठुलो वित्तीय दायित्व पर्ने भएकाले न्यूनतम दरबन्दी कायम गर्न सुझाव दिइएको हो। समितिका अनुसार प्रस्तावित ७०१ दरबन्दी कटौती गर्दा वार्षिक करिब ४८ करोड ५६ लाख रुपैयाँ बचत हुने र ३५ वर्षको अवधिमा करिब १६ अर्ब ९९ करोड रुपैयाँ वित्तीय दायित्व घट्ने अनुमान पनि गरिएको छ।

सरकारको प्रारम्भिक योजनाअनुसार प्रदेशका सात निर्देशनालयमध्ये कृषि विकास र स्वास्थ्य निर्देशनालय मात्र राखी अन्य पाँचवटा खारेज गरिनेछ। साथै, विभिन्न बोर्ड र अनावश्यक संरचना पनि हटाउने प्रस्ताव पनि प्रतिवेदनमा गरिएको छ।

न्यायालयमा सुधारको प्रश्न

न्यायालयमा सुधार गर्न हरिकृष्ण कार्की आयोगको प्रतिवेदनसँगै यससँग जोडिएका अन्य प्रतिवेदनको समेत निर्मम कार्यान्वयन जरुरी छ




● रचना पौडेल र रितेश पन्थी

अग्रलेख

अहिले न्यायालय कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लको नेतृत्वमा छ। संयोग नै मान्नुपर्छ, कानुन मन्त्रालयमा समेत महिलामन्त्रीका रूपमा सोविता गौतमले जिम्मेवारी सम्हालेको अवस्था छ। सर्वोच्चका भावी प्रधानन्यायाधीश न्यायपरिषद्ले सिफारिस गरेको नामअनुसार वरिष्ठतम् न्यायाधीशले नै पाएको खण्डमा र संवैधानिक परिषद्ले पूर्णता पाएर सिफारिस भएपछि संसदीय सुनुवाइबाट अनुमोदन भएमा अबको ३३औँ प्रधानन्यायाधीश सपना प्रधान मल्ल बन्नुहुनेछ। संविधानको धारा १३६ ले प्रधानन्यायाधीशलाई समग्र न्याय प्रशासनको अन्तिम जिम्मेवारी सुम्पेको परिप्रेक्ष्यमा न्यायालयको विकृति र विसंगति रोक्न निजको इमानदार प्रयास र व्यवहारले अहं भूमिका निर्वाह गर्छ।

नेपालको न्यायालय हाल जटिल मोडमा छ। अहिले न्यायप्रणालीप्रति जनगुनासो र जनवितृष्णा बढ्दो छ। न्याय महँगो हुँदै गएको छ। वकिलको पारिश्रमिक नै महँगो छ। अदालतमा मुद्दा पर्नु भनेकै दुःखका दिन सुरु भए भनेर बुझ्नुपर्ने अवस्था छ। हालैको गौरीबहादुर कार्की आयोगको प्रतिवेदनले समेत न्यायालयलाई वकिलको स्वर्ग भनेर तितो यथार्थ उदांगो पारिदिएको छ। त्यस्तै, अदालतको फैसला कार्यान्वयन कछुवा गतिमा छ। न्यायप्रशासन झन्झटिलो, अति प्रक्रियामुखी हुनु र पीडितमैत्री नहुनुले सेवाग्राही आजित भएको अवस्था छ।

जेन-जी विद्रोहताका न्यायको मन्दिर भनिने अदालत जल्नुलाई न्यायालयप्रतिको जनआक्रोशका रूपमा बार-बेन्च र न्यायप्रशासनले बुझ्नुपर्छ। अझै पनि देशभरका अदालतमा एक लाख ४८ हजार मुद्दा (सन् २०२५ को जुलाईसम्म) विचाराधीन अवस्थामा छन्। न्यायालयमा कर्मचारीको कमी भई कामको बोझ बढी हुँदा न्याय सम्पादन छिटोछरितो हुन सकेको छैन। त्यसका लागि न्याय क्षेत्रमा चाहिने आवश्यक मानव स्रोतसाधनबारे संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कानुन तथा न्याय क्षेत्रमा दरबन्दी बढाउनुको विकल्प छैन। त्यसैले, यस लेखमा न्याय क्षेत्रमा सुधारका लागि विभिन्न प्रतिवेदन र आयोगको सुझाव र अबको बाटोबारे चर्चा गरिनेछ।

पूर्वन्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन : न्यायपालिकामा हुन सक्ने विकृति, विसंगति, अनियमितता वा भ्रष्टाचार एवं बिचौलियाबाट हुन सक्ने क्रियाकलाप र त्यसको रोकथामका लागि चाल्नुपर्ने उपायका सन्दर्भमा सर्वोच्च अदालतकै न्यायाधीश हरिकृष्ण कार्कीले पेस गरेको प्रतिवेदन कार्यान्वयन भएमा न्यायालयप्रति जनविश्वास बढाउन र न्यायक्षेत्रमा सुधार ल्याउन सकिन्छ। सर्वोच्चको पञ्चवर्षीय रणनीतिक योजनामा समेत यसको सुझाव सम्बोधन गरिएको छ। यसले विगतमा २०६४, २०६६ र २०७२ मा भएका पूर्वअध्ययनको समेत समीक्षा, त्यसको कार्यान्वयन अवस्था, चुनौती र समस्याबारे समेत प्रकाश पारेको छ।

यसले न्यायालयमा बिचौलियाका विभिन्न स्वरूपका अलावा पूर्णकालीन पेसेवर बिचौलियाको पनि न्यायालयमा व्यापक प्रभाव रहेको, गैरकानुनी कार्यमा संलग्नता भएको र त्यसले गर्दा न्यायिक कामकारबाही तथा न्यायमा विचलन भएको उल्लेख गरेको छ। त्यस्तै नागरिक बडापत्रमा उल्लिखित सेवा कार्यान्वयनमा सम्बन्धित अधिकारीले चासो नदिएको, अर्को पक्ष नआउन्जेल तारिख नदिई कुरेर बस्नुपर्ने, केही कानुन व्यवसायीले नै बिचौलियाको भूमिका खेल्ने गरेको र कानुन व्यवसायीमा व्यावसायिकताको ह्रास हुँदै गएको पनि प्रतिवेदनमा समेटिएको छ।

त्यस्तै, कर्मचारी व्यवस्थापनका सम्बन्धमा कर्मचारीको भ्रष्टाचारजन्य गतिविधि र आचरणले गर्दा अदालतको जनआस्थामा गम्भीर असर परेको, कर्मचारीमा हाकिमी संस्कार हाबी भएको, दरबन्दी र कामको चापअनुसार कर्मचारीको समयमै पदपूर्ति एवं व्यवस्थापन हुन नसकेको र कर्मचारीको वृत्ति विकास तथा क्षमता विकासमा समान अवसर प्राप्त हुन नसकेको प्रतिवेदनले औंल्याएको छ।

न्यायालयमा विकृति र विसंगतिका केही कारणमा कानुनी व्यवस्थापनको कमजोर पालना, नातावाद, कृपावाद र संरक्षणवाद हाबी हुनु, न्यायाधीश र कर्मचारीलाई कामका आधारमा प्रोत्साहन नहुनु, सदाचार एवं निष्ठामा कमी हुनु, कर्मचारीमा अत्यधिक राजनीतीकरण हुनु र न्यायाधीश नियुक्ति वरिष्ठता, योग्यता र इमानदारी एवं अनुभवका आधारमा नियुक्ति नहुनुजस्ता समस्या प्रतिवेदनले देखाएको छ। त्यस्तै, न्यायपालिकाको शुद्धीकरण र सुदृढीकरणका लागि सर्वोच्चको क्षेत्राधिकार पुनरावलोकन गर्ने, संवैधानिक परिषद्को सुधारका लागि प्रधानन्यायाधीशको भूमिकाको अध्ययन गर्नुपर्ने, सूचना प्रविधिमार्फत न्याय पहुँचयोग्य बनाउनुपर्ने, वैज्ञानिक पद्धति अवलम्बन गरेर इजलास गठन र पेसी तोक्ने र बिचौलियाको गतिविधि नियन्त्रण गर्न छुट्टै कानुन खाँचो रहेको पनि प्रतिवेदनले उल्लेख गरेको छ।

त्यस्तै, न्याय सेवा र सरकारी वकिलसम्बन्धी छुट्टै ऐनको व्यवस्था गर्नुपर्ने, सरकारी साक्षीलाई समयमै भत्ता दिनुपर्ने, उजुरी तथा गुनासोको प्रभावकारी सम्बोधन गर्नुपर्ने, न्यायाधीकरणको संरचना सुधार गर्नुपर्ने, अनलाइन एवं बैंकिङ प्रणालीमार्फत दस्तुर तिर्न बुझाउन मिल्ने गरी प्रबन्ध मिलाउनुपर्नेसहित धेरै सुझाव प्रतिवेदनले दिएको छ। यो प्रतिवेदनलाई इमानदार कार्यान्वयनमा लगिएमा न्यायालयभित्रका ८० प्रतिशत समस्या समाधान हुने विश्वास गरिएको छ। त्यस्तै, छुट्टै 'जुडिसियल पे कमिसन' गठन गरी न्यायाधीश एवं कर्मचारीलाई सो आयोगको सुझावअनुसार तलबभत्ता उपलब्ध गराउनुपर्ने पनि प्रतिवेदनले संकेत गरेको छ। फैसला कार्यान्वयनका सम्बन्धमा न्यायपालिका वा कार्यपालिका कसले गर्ने भन्नेमा अध्ययन गरेर सोहीबमोजिम गर्नुपर्ने सल्लाह पनि प्रतिवेदनले दिएको छ।



> संविधानले प्रधानन्यायाधीशलाई समग्र न्याय प्रशासनको अन्तिम जिम्मेवारी सुम्पेको हुनाले न्यायालयको विकृति र विसंगति रोक्नमा पनि निजको इमानदार प्रयास र व्यवहारले अहं भूमिका निर्वाह गर्छ

त्यसैगरी, न्यायपालिकालाई राष्ट्रिय बजेटको एक प्रतिशत बजेट विनियोजन हुने कुराको सुनिश्चितता गरी सो बजेट परिचालनमा वित्तीय स्वायत्ततासमेतको प्रत्याभूति गरिनुपर्नेमा पनि प्रतिवेदनले जोड दिएको छ। नेपाल बारको चितवन घोषणापत्र-२०८० ले समेत न्यायिक सुशासनका लागि यो प्रतिवेदन सर्वोच्चको पूर्ण बैठकबाट ग्रहण गरी अक्षरशः कार्यान्वयन गरेर नागरिकको न्यायिक अधिकार सुनिश्चित गर्नुपर्छ भनेको थियो।

गौरीबहादुर कार्की आयोग प्रतिवेदनको सुझाव : कार्की आयोगले आफ्नो संस्था सुधार्न आफैं अग्रसर हुनुपर्ने भन्दै न्यायालय सुधार्ने जिम्मेवारी प्रधानन्यायाधीश र सर्वोच्च अदालतकै हुने भनेको छ। आयोगको प्रतिवेदनले दलका तर्फबाट जिम्मेवारी लिएका व्यक्ति नै विभिन्न राजनीतिक दलको कोटामार्फत न्यायाधीश नियुक्त गरिनुले जनविश्वासमा क्षय भएको र न्याय स्वच्छ, किफायती, निष्पक्ष र छिटो हुनुपर्नेमा त्यस्तो न्यायको उपभोक्ताले अनुभूति नगरेको उल्लेख गरेको छ।

त्यस्तै कुनै राजनीतिक प्रभावका आधारमा कुनै सार्वजनिक चासोका मुद्दा छिटो निरुपण हुने कुनैको भने वर्षौं पालोसम्म नआउने अवस्था हुनुले नेपालमा स्वच्छ न्याय पाइन्छ र ? भन्ने संशय जनतामा उत्पन्न गरेको, वकिलको पारिश्रमिकले गर्दा सर्वसाधारणले सामान्य निवेदनसम्म लेखाउन नसक्ने अवस्था भएको, कुनै पनि मुद्दाको गम्भीरतालाई हेरी पक्राउ पुर्जी जारी गर्ने विषयमा अनुसन्धान गर्ने निकायलाई स्वायत्त बनाउनुपर्ने गरी फौजदारी संहितामा संशोधन गर्नुपर्ने, न्यायपरिषद्को बनोट फेर्न संविधान संशोधन गर्नुपर्नेलगायत सुझाव पनि कार्की आयोगले दिएको छ।

त्यस्तै, अदालतमा आवश्यक मात्रामा कर्मचारी र न्यायाधीश थप्नुपर्ने, एउटा मुख्य वकिलले बहस गरे पुग्नेमा धेरै वकिलले घन्टौं बहस गर्दा इजलासको समय बर्बादी भएको, बेन्च रोज्ने कुप्रवृत्ति हटाउनुपर्ने र न्यायपरिषद्मा सुधार गर्न अदालत आफैं जुर्मुराउनुपर्ने पनि कार्की आयोगले उल्लेख गरेको छ।

बार एसोसिएसनमा राजनीतिक छाया : विजय मिश्र नेतृत्वको वर्तमान बार एसोसिएसनमा कांग्रेस-एमाले पक्षधर वकिलको प्यानलले जितेको थियो। तर, एमाले-कांग्रेसको सरकार हुँदासमेत बारले उपादेयता सिद्ध गर्न न्यायालय सुधारमा आवश्यक पहलकदमी नलिनुचाहिँ दुःखद हो। शक्तिकेन्द्रसँग नजिक भएर पद मात्र ओगट्न जित्नुको अर्थ हुँदैन। जनताले वकिललाई पनि 'झोले' भन्न थालेको त्यसै होइन।

कार्की आयोगको प्रतिवेदनलाई कार्यक्षेत्रबाहिर गएको भन्दै अस्वीकार गर्नु भनेको बारले आफ्नो अपजसको भारी बोक्न नचाहेको संकेत हो। आयोगको प्रतिवेदन सुरुमै अस्वीकार गर्दै अध्ययन समिति बनाउनुको अर्थ छैन। यहाँ बारको पदाधिकारी नै राजनीतिक छत्रछायाबाट माथि उठ्न नसकेको प्रस्ट देखिन्छ।

यसअघि गोपालकृष्ण घिमिरेको कार्यकालमा बारको कार्यसमितिले वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यको संयोजकत्वमा नौ सदस्यीय न्यायालय पुनर्संरचनाका लागि अध्ययन तथा सुझाव समिति- २०८१ गठन गरेको थियो। सो समितिले संवैधानिक परिषद्मा भावी प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिस गर्नबाहेक अन्य संवैधानिक निकायका प्रमुख र पदाधिकारीको सिफारिसमा निजको कुनै भूमिका नहुने व्यवस्था गर्न, न्यायपरिषद्मा ६५ वर्ष पुगेका र सर्वोच्चको न्यायाधीशमा नियुक्ति लिने कुनै प्रलोभन नभएका वरिष्ठ अधिवक्तालाई सदस्यका रूपमा नियुक्ति गर्दा बेथिति हट्ने उल्लेख गरेको छ। प्रधानन्यायाधीश र न्यायाधीशहरूको संसदीय सुनुवाइको व्यवस्था हटाउनुपर्ने, सर्वोच्चको क्षेत्राधिकारको पुनरावलोकन गरी पुनः परिभाषित गर्नुपर्ने, संवैधानिक इजलास दिनहुँ बस्ने व्यवस्था गर्नुपर्ने, संघीय संसद्को सदस्यको निर्वाचन विवाद अन्य इजलासबाट हेर्ने र प्रदेश तथा स्थानीय तहको विवाद उच्च अदालतले हेर्ने व्यवस्था गर्नुपर्ने र उच्च अदालतलाई अभिलेख अदालतका रूपमा राख्नुपर्नेजस्ता महत्त्वपूर्ण सुझाव पनि समितिले दिएको छ।

त्यस्तै नेपाल बार एसोसिएसनको ढाँचामा परिवर्तन, न्यायाधीशको महाभियोग प्रक्रिया, न्यायिक समिति, न्यायपरिषद् नियमावली, जिल्ला न्यायाधीश नियुक्ति, न्यायाधीशको पदावधि र मध्यस्थकर्ताका सम्बन्धमा पनि सो समितिले सुझाव दिएको छ। जसको कार्यान्वयन न्यायालय सुधारमा सहायकसिद्ध हुन सक्छ।

अहिलेको नेपाल बार एसोसिएसनले सर्वोच्च अदालत र अन्य अदालतको फैसला अध्ययन गर्न समिति बनाएको भन्ने सुनिएको थियो। त्यसको काम कहाँ पुग्यो, अत्तोपत्तो छैन। नेपाल बारले राजनीतिक भाग खोज्ने, राजनीतिक स्वार्थपूर्ति गर्ने र दलको कठपुतली बन्ने होइन, न्यायालयको समग्र सुधारबारे निर्मम बनेर रणनीति बनाउने, निष्पक्ष भएर सरकारलाई घचघचाउने र वकिलको हकहितका विषय जिम्मेवार ढंगले उठाउन सक्नुपर्छ।

निष्कर्षमा अब न्याय क्षेत्र सुधारसम्बन्धी हरिकृष्ण कार्की आयोगको प्रतिवेदनसँगै यससँग जोडिएका अन्य प्रतिवेदनसमेत कार्यान्वयन गर्न सबै निर्मम रूपले लाग्नैपर्छ। सरकारले संविधान संशोधन कार्यदल बनाइसकेको हुँदा दलहरू न्यायिक सुशासनका लागि संविधान संशोधन गर्नसमेत एकमत हुनैपर्छ। सरकारले कानुन र न्यायको सहज पहुँच गराउन भूमिका खेल्नु जरुरी छ। हाम्रो न्यायालयमा राजनीति र दलीयकरण हाबी भएर जनअसन्तुष्टि बढेको सत्य हो। यसलाई सबैले गम्भीर रूपले हेर्नुपर्छ।

(पौडेल र पन्थी अधिवक्ता तथा अनुसन्धानकर्ता हुन्)

---

३ प्रश्न

नेपाल प्रहरीका पूर्वीडिआइजी **पीताम्बर अधिकारी**लाई



लुटेराविरुद्ध गोलीसमेत प्रहार गर्ने प्रहरीको नीतिले कस्तो प्रभाव पार्न सक्ला ?

समाजमा शान्ति सुव्यवस्था कायम गर्न प्रहरीले परिस्थितिअनुसार फरक-फरक रणनीति अपनाउनुपर्ने हुन्छ। यस क्रममा प्रहरीले सबै खालका अपराधी हतियारबद्ध हुँदैनन् र सबै अपराधीले हतियारको बल प्रदर्शन गर्दैनन् भन्ने मनन गर्नुपर्छ। कुनै अपराधीले हतियारको भाषा बोल्छ भने प्रहरीले आफ्ना तर्फबाट साझेदारी या मित्रताको भाषा बोलेर हुँदैन। परिस्थिति हेरेर जघन्य प्रकृतिको अपराध र त्यसमा संलग्न अपराधीविरुद्ध हतियार प्रयोग गर्नु अन्यथा होइन। यसबाट त्यस्ता अपराध न्यूनीकरणमा सकारात्मक प्रभाव नै पर्छ।

चोरी, लुटपाट, लागुऔषध कारोबारजस्ता अपराध रोक्न प्रहरीले कस्तो रणनीति अपनाउनु ठिक हुन्छ ?

सामाजिक अपराधको प्रकृति निकै 'भेग' छ। लागुऔषधसँग सम्बन्धित अपराधका मुख्यतः दुई पाटा छन्। पहिलो हो, नियन्त्रण, पक्राउ, बरामदी र कानुनी कारबाही। यो अलि कडा प्रकृतिको हुन्छ। लागुऔषधको मागमा न्यूनीकरण, कुलत या दुर्व्यसनका कारण पत्ता लगाएर रोकथामका लागि गरिने प्रयास, परामर्श आदि नरम प्रकृतिका रणनीति हुन्। लागुऔषधका कारोबारी हतियारविना त हिँड्दैहिँड्दैनन्। उनीहरूलाई नियन्त्रणमा लिन प्रहरीले हतियार नचलाई सम्भव हुँदैन। हतियार चलाउँदा पनि न्यूनतम क्षति होस् भन्नेतर्फ भने प्रहरीले ध्यान दिएकै हुन्छ।

आमनागरिकमा शान्ति सुरक्षाको प्रत्याभूति गराउन प्रहरीले के गर्नुपर्छ ?

आमनागरिकमा शान्ति सुरक्षाको प्रत्याभूति गराउन प्रहरीले सबैभन्दा पहिले 'क्विक रेस्पोन्स' देखाउनुपर्छ। घटनास्थल या पीडितको पहुँचमा प्रहरी कतिखेर पुग्यो, सूचना पाएपछि उसले कस्तो 'रेस्पोन्स' देखायो, त्यसले आमजनतामा प्रभाव पार्छ। प्रहरीले अपराध र अपराधी हेरेर बल प्रयोगसँगै दृढ कारबाही गर्नुपर्ने हुन्छ। साथै, पीडितमा मनोपरामर्शसहित मित्रवत् व्यवहार प्रस्तुत गरेमा पनि त्यसले आमसर्वसाधारणमा प्रहरी मेरो साथी हो भन्ने भावनाको विकास भई शान्ति सुरक्षाको प्रत्याभूति हुन सक्छ।

प्रेरक प्रसंग

बाघ र अर्नाको जम्काभेट

एउटा घना जंगल थियो। जंगलमा विभिन्न जनावर बस्थे। सबैको आआफ्नै बसोवास क्षेत्र र समूह थिए। उनीहरूमध्ये कतिको त एक-आपसमा भेट पनि हुँदैनथ्यो। उनीहरूले एक-अर्कालाई चिन्दा पनि चिन्दैनथे।

एक दिन भर्खरै जवान भएको एउटा बाघ जंगलमा एक्लै घुमिरहेको थियो। उसले केही समयदेखि एक्लै सिकार गर्न थालेको थियो। ऊ जंगलका अनेक दृश्य हेर्दै र रमाउँदै सिकारको खोजीमा अघि बढ्दै थियो। अर्कातिर एउटा जवान अर्ना पनि त्यसैगरी आफ्नो समूह छाडेर जंगलमा एक्लै घुमिरहेको थियो। ऊ पनि कता नरम र स्वादिलो घाँस पाइन्छ भनेर चाख्दै हिँडिरहेको थियो।



केही टाढाबाटै बाघ र अर्नाले एक-अर्कालाई देखे। दुवैले पहिलोचोटि एक-अर्कालाई देखेका थिए। त्यसैले, दुवैलाई दुवैको स्वभाव र क्षमता थाहा भएन। बाघले अर्नालाई आफूभन्दा ठुलो देख्यो। दुइटा जब्बर सिङ र मोटोघाटो शरीर देखेर ऊ अर्नामाथि आक्रमण गर्नबाट हच्किंयो। उता अर्ना पनि बाघ देखेर हच्किंयो। कस्तो जनावर हो, नजिक जाँदा केही हानि पो हुने हो कि भनेर ऊ टक्क रोकियो।

बाघ र अर्ना दुवै एक-अर्कालाई हेरिरहेका थिए। दुवै एक-अर्काका गतिविधि नियाल्दै थिए। अर्नाले नजिकै नरम र स्वादिलो प्रजातिको घाँस देख्यो। त्यो देखेर ऊ त्यहीँ चर्न थाल्यो। यो देखेर बाघले मनमनै सोच्यो- ए, यो त घाँस खाने जनावर पो रहेछ। आखिर घाँस खाने जनावरलाई त म सिकार गर्न सकिहाल्छु नि ! यो सोचर ऊ बिस्तारै अघि बढ्यो। घाँस खानमा मस्त भएको अर्नाले बाघ आफूतिर आउँदै गरेको पत्तै पाएन। एक्कासि बाघले घाँटीमा आक्रमण गरेपछि मात्र उसले थाहा पायो। तर, त्यतिन्जेल ढिलो भइसकेको थियो। ऊ बाघको पन्जाबाट उम्किन सकेन र बाघको सिकार बन्यो।

आखिर आफ्नो स्वभाव र कमजोरी शत्रुलाई थाहा दिएकाले नै अर्नाको ज्यान गयो। त्यसैले, हामीले पनि शत्रु या अरू कसैसामु आफ्नो कमजोरी थाहा दिनु बुद्धिमानी हुँदैन।

टिप्पणी nayapatrikaofficial @naya_patrika

छानबिन समिति सफल बनोस्

नवगठित सरकारले अन्ततः उच्चस्तरीय अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गरेको समाचार सुनियो। अब यो समितिले पाएको कार्यादेशअनुसार तत्काल काम सुरु गरेर लक्षित व्यक्तिहरूको सम्पत्ति छानबिन गरोस्। सरकारले पहिलो चरणमा २०६२ यता विभिन्न पदमा पुगेका नेता तथा कर्मचारीको सम्पत्ति छानबिन गर्ने र दोस्रो चरणमा ०४८ यताको पनि सम्पत्ति छानबिन गर्ने भनेको हुनाले अब देशमा कसैले अवैध सम्पत्ति जोडेका छन् या छैनन्, प्रस्ट हुने देखिन्छ। समितिले काम सुरु गरेपछि कुनै भेदभाव या पूर्वाग्रह राखेर काम नगरोस्। उसले निष्पक्ष भई इमानदारीपूर्वक छानबिन गरी देखिएको कैफियत सार्वजनिक गर्न कन्जुस्याइँ नगरोस्। समिति आफ्नो काममा सफल बनोस्।

● **बलिना कायस्थ**, ग्वार्को, ललितपुर

के चाहन्छन् कांग्रेस नेताहरू ?

यतिखेर नेपाली कांग्रेस पार्टी संस्थापन र इतर पक्षबिचको चर्को विवादले थप थला पर्ने अवस्था देखिन्छ। निर्वाचन परिणामले पार्टी पहिल्यै थला परिसकेको छ। यसलाई उठाउन पार्टीका सबै नेता-कार्यकर्ता एकजुट भई पार्टी सुदृढीकरण अभियानमा जुट्नुपर्ने अवस्थामा एक-अर्काबिच आरोप-प्रत्यारोप र कारबाही, प्रतिकारबाहीको शृंखलामा उत्रेको देख्दा उनीहरू पार्टीलाई नसिध्याई विश्राम नलिने प्रतिज्ञा गरेर अघि बढेका छन् कि जस्तो देखिन्छ। आखिर के चाहन्छन् कांग्रेस नेता ?

● **स्वीकृत लामिछाने**, नैकाप, काठमाडौं

किन हुँदैन पुँजीगत खर्च ?

चालू आवको चैत मसान्तसम्ममा सरकारको पुँजीगत खर्च जम्मा २३.५८ प्रतिशत मात्रै भएको देखिनु चिन्ताजनक छ। एक त हाम्रो पुँजीगत बजेट नै कम हुन्छ। त्यही कम पुँजीगत बजेटबाट पनि जम्मा २३ प्रतिशत मात्र खर्च हुनु भनेको हाम्रो देशमा विकास निर्माणका काम लगभग ठप्प नै छन् भन्दा हुन्छ। यस्तो न्यून पुँजीगत खर्चले देशको अर्थतन्त्रलाई नै सुस्त बनाउने निश्चित छ। आखिर किन हुँदैन पुँजीगत खर्च ?

● **बलदेव पासवान**, थानकोट, काठमाडौं

सरकारले ठिक गऱ्यो

वर्तमान सरकारले विपक्षीका एजेन्डा पनि समेटेर आफ्नो नीति बनाएको सुन्दा खुसी लाग्यो। संसद्मा प्रतिनिधित्व गर्ने ६ दलका घोषणापत्रलाई समेत समेटेर सरकारले तयार गरेको 'राष्ट्रिय प्रतिबद्धता'को मस्यौदामा नेपाललाई पाँच वर्षभित्र मध्यम आय भएको मुलुक बनाउने प्रतिबद्धता गरिएको समाचारले थोरै नै भए पनि आशा जगाएको छ।


राष्ट्रिय हितका कुनै पनि मुद्दा या दीर्घकालीन नीतिमा सबै दलबिच राष्ट्रिय सहमति हुनु अति जरुरी हुन्छ। खासगरी देशको शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योगधन्दा, विकास निर्माण, परराष्ट्र सम्बन्धजस्ता विभिन्न विषयमा राष्ट्रिय सहमति गरी प्रस्ट नीति बनाएर सबै दलका प्रतिनिधिका तर्फबाट हस्ताक्षर गरेर कार्यान्वयनमा लाने हो भने आगामी दिनमा जसको सरकार आए पनि उसका लागि सो नीति मार्गदर्शक बन्न सक्छ। त्यसैले, यस्ता गम्भीर विषयमा सत्तपक्ष या प्रतिपक्ष नभनी राम्रा कुरा, जसका तर्फबाट आए पनि त्यसलाई समेटेर दीर्घकालीन नीति तर्जुमा गरियोस् र भविष्यमा जुनसुकै दल सत्तामा पुगे पनि या प्रतिपक्षमा रहे पनि उसले त्यसलाई अपनत्व लिन सकोस्।

राष्ट्रिय हितका मुद्दा या नीति, जसले बनाए पनि त्यसमा सबैको सहमति भएमा भविष्यमा कार्यान्वयनमा लाँदा कुनै समस्या आउँदैन। तर, यसो भन्दाभन्दै पनि त्यस्ता नीति-निर्माण गर्ने क्रममा गम्भीर बहस, विचार विमर्श र सम्बन्धित क्षेत्रका विज्ञासित परामर्श लिन चुक्नुहुन। यसरी सबै पक्षमा ध्यान दिएर सबै पक्षलाई समेटेर कुनै नीति तय गरिन्छ भने त्यो दीर्घकालसम्म कार्यान्वयनमा रहन सक्छ।

● **गौरिका यादव**, जनकपुरधाम, धनुषा

क्युबाले चिकित्सक पठायो, अमेरिकाले विनाश

जमैकाली जनतालाई स्वास्थ्य सेवा पुऱ्याउन पठाइएका क्युबाली चिकित्सकलाई अमेरिकी दबाबमा फिर्ता बोलाइनु उनीहरूलाई सेवाबाट वञ्चित गरिनु हो



देश/विदेश

● जाफरी एस एलेन

जब गत महिना क्युबामा लोडसेडिङका कारण करिब एक करोड मानिसलाई अँध्यारोमा बस्न बाध्य पारियो, अमेरिकी मिडिया कभरेजमा उही पुरानो भाष्य दोहोरियो- एक असफल कम्युनिस्ट राज्य, पतन हुन लागेको शासन र एक अवसर। त्यो मिडिया कभरेजले वास्तविकता देख्न सकेन। क्युबाले आफूलाई जसरी हेरिरहेको छ, अमेरिकाले ठिक विपरीत ढंगले मूल्यांकन गरिरहेको छ।

गत साता रुसी तेल ट्यांकर अनातोली कोलोडकिन (प्रतिबन्धित रुसी जहाज) क्युबाली बन्दरगाह माटान्जासमा पुग्यो। सो जहाजले तीन महिनामा पहिलोपटक देशमा इन्धन 'डेलिभरी' गऱ्यो (सात लाख ३० हजार ब्यारेल कच्चा तेल), जुन केवल १० दिनका लागि क्युबाली ऊर्जा आवश्यकता पूरा गर्न पर्याप्त थियो। क्युबातर्फ गइरहेको अर्को रुसी ट्यांकर सी हर्स भेनेजुएलातर्फ मोडियो।

क्युबामाथि अमेरिकी नाकाबन्दी जारी छ। क्यारिबियन सागरमा अमेरिकी विनाशकारी र अन्य सैन्य जहाजले निरन्तर निगरानी गरिरहेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेका छन् कि उनी 'सम्मानजनक' ढंगले अमेरिकाले 'कब्जा गर्न पाउने' अपेक्षा गर्छन्। 'मैले क्युबालाई मुक्त गर्दै भने मलाई लाग्छ कि म यसलाई जे पनि गर्न सक्छु,' उनले हालै भनेका छन्। यो भाषा विशेषगरी क्रूर र राजनीतिक रूपमा अस्पष्टजस्तो लाग्न सक्छ।

यो नवउपनिवेशवादको तर्क हो, त्रुटिवश व्यक्त गरेको भनाइ होइन। विशेषगरी र ऐतिहासिक रूपमा, यो तर्क अमेरिकाले एक शताब्दीभन्दा बढी समयदेखि फ्लोरिडाबाट केबल ९० माइल टाढा रहेको एउटा टापु (क्युबा)मा लागू गर्दै आयो र क्युबाले अमेरिकी साम्राज्यवादलाई अस्वीकार गर्ने उपाय खोजिरह्यो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोको सहयोगमा अन्ततः क्युबालाई 'आत्मसमर्पण' गर्न बाध्य पारेर ट्रम्पले 'सम्मान' पाएको देखिन्छ।

अमेरिकी विश्लेषण (आधिकारिक र पत्रकारिता) ले कसरी वर्तमान संकटलाई असफल बनाइरहेको छ भन्नेबारे बुझ्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा यो हो- समस्या जानकारी होइन, यो साम्राज्यवादी दृष्टिकोण हो, जसले क्युबालाई आफ्नै कथाको नायकका रूपमा भन्दा पनि उसलाई व्यवहार गर्नुपर्ने सानो खेलाडीका रूपमा व्याख्या गर्छ। म पहिलोपटक १९९० को दशकको अन्त्यतिर क्युबा गएको थिएँ। त्यहाँ एक युवा मानवशास्त्रीका रूपमा तालिममा सहभागी भएको थिएँ। त्यतिबेला म ल्याटिन अमेरिकी अध्ययन परम्परामा डुबेको थिएँ। क्युबाले केही दिनमै मलाई यसबाट वञ्चित गरायो। हवानाको सडकमा हिँड्दै गर्दा मलाई क्युबाली प्रहरीले बारम्बार रोक्यो र 'डेम कार्नेट' (परिचयपत्र) माग्यो। निःसन्देह, मेरो शरीरले मलाई युवा अश्वेत क्युबाली पुरुषको श्रेणीमा राखेको थियो। तसर्थ, प्रहरीले कार्ड माग्नु सामान्य थियो।

मलाई यहाँको दिनचर्याबारे पहिल्यै थाहा थियो, डिप साउदमा गाडी चलाउनेदेखि भौगोलिक रूपमा जुनसुकै स्थानमा हिँडडुल गर्नेसम्म। क्युबामा जोखिम कम थियो। मेरो आफ्नै मातृभूमिमा जस्तो। कुनै घातक कारबाही वा स्पष्ट मृत्युदण्डको सजाय थिएन। अमेरिकी नीति-निर्माता र अनौपचारिक पर्यवेक्षकले पनि क्युबालाई हेर्दा प्रायः एउटा सरल पोस्टकार्ड मात्र देख्छन्।

अनगन्ती अवसरमा मैले क्युबाली (शिक्षाविद् र साधारण मानिस दुवै)लाई प्रश्न सोधें, यदि क्रान्तिले सबैलाई मुक्ति दियो भने किन अश्वेतलाई अझै पनि सीमान्तकृत बनाइएको छ र पेसा तथा राज्यमा उनीहरूको कम प्रतिनिधित्व हुन्छ ? उत्तर रंगिएका भौतिकवादीबाट आए। भाषा मार्क्सवादी थियो। विश्लेषण दार्शनिक थियो। त्यो विश्लेषण केवल मैले सामना गरेको मनोवृत्ति मात्र थिएन, बरु संरचनात्मक थियो।

जुलाई २०२१ मा म छक्क पर्ें, जब क्युबाली (जसमध्ये धेरैजसो टापुको सबैभन्दा गरिब अश्वेत मानिस थिए) सान्टियागो डी क्युबा र हवानाको सडकमा उत्रिए, जुन क्रान्तिपछिको सबैभन्दा ठुलो विरोध प्रदर्शन थियो। कुप्रबन्धन, दमन र असहमतिलाई दण्डित गर्ने निगरानी संयन्त्रले निरन्तर खोक्रो बन्दै गएको सत्ताले एक विशेष प्रकारको थकान महसुस गऱ्यो। यही कारणले गर्दा धेरै क्युबाली, जसलाई म चिन्छु र सम्मान गर्छु, अब क्युबाली राज्यबाट धेरै कम आशा गर्छन्।

क्युबाली क्रान्तिको तागतलाई कम आकलन गर्न मिल्दैन। समतामूलक समाजतर्फ क्रान्तिले ल्याएको योगदान महत्त्वपूर्ण छ। क्युबाको सत्ताको कमजोरीलाई केलाउँदै गर्दा यसले आफ्ना छिमेकीलाई गरेको योगदान पनि प्रशंसनीय छ। क्युबाले आफ्नो सिमानाबाहिरको संसारका लागि पनि उत्तिकै सहयोग गरेको छ। अफ्रिकी मुलुक जमैकालाई हेर्नुहोस्, जहाँ ३० वर्षमा ४७ हजारभन्दा बढी क्युबाली चिकित्साकर्मी पुगे। उनीहरूले त्यहाँ ८० लाखभन्दा बढी बिरामीको उपचार गरे र ७४ हजारभन्दा बढी शल्यक्रिया गरे। तर, त्यो सहयोग व्यवस्था अब अमेरिकी दबाबमा अन्त्य भएको छ। अमेरिकाको दबाबमा जमैकाबाट २७७ क्युबाली स्वास्थ्यकर्मीलाई फिर्ता बोलाइयो, ती क्लिनिकमा निर्भर मानिस चुपचाप परिणाम सहन बाध्य छन्। तपाईंले २०१४ को पश्चिम अफ्रिकालाई हेर्नुपर्छ, जतिबेला क्युबाले इबोलाविरुद्ध लड्न ३०० भन्दा बढी डाक्टर र नर्स पठाएको थियो। यो विश्वको सबैभन्दा ठुलो एकल-देशीय योगदान थियो।

(एलेन अफ्रिकी-अमेरिकी र अफ्रिकी डायस्पोरा अध्ययनका प्राध्यापक हुन्)


अलजजिराबाट

नीतीश कुमारको बहिर्गमनसँगै विहारमा एक युगको अन्त्य

नीतीशले आमविहारी जनतालाई परिवर्तन सम्भव छ भनेर विश्वास दिलाए, जुन उनको सबैभन्दा ठुलो सफलता हो

भारतको पूर्वी राज्य विहारको इतिहासमा सबैभन्दा लामो समय मुख्यमन्त्री रहेका नीतीश कुमारले अन्ततः मंगलबार पदबाट राजीनामा दिए। योसँगै राज्यको राजनीतिमा एक युगको अन्त्य भएको मानिएको छ। नीतीशको आगमनले त्यसअघि राज्यमा हाबी भएको भनिएको 'जंगल राज' अन्त्य गरेको र पूर्वाधार विकासको लहर ल्याएको भनेर उनको कार्यकालको प्रशंसा गरिन्छ। सँगसँगै, सत्तामा टिकिरहन राजनीतिक गठबन्धन पटक-पटक बदलिरहने प्रवृत्तिले उनको चमक घटायो। नीतीशले अन्ततः मंगलबार पटनाको लोकभवनमा आफ्नो अन्तिम मन्त्रिपरिषद् बैठकको अध्यक्षता गरे र पदबाट राजीनामा दिए।

उनले राजीनामा दिँदै गर्दा विहारले सन् २०२५-२६ मा १३.१ प्रतिशतको बलियो आर्थिक वृद्धिदर रेकर्ड दर्ज गऱ्यो, जुन राष्ट्रिय औसत ९.८ प्रतिशतभन्दा बढी हो। यद्यपि, उनले बारम्बार गठबन्धन परिवर्तन गर्दा उनको 'अवसरवादी राजनीति'को आलोचनाले यो उपलब्धिलाई केही ओझेलमा पाऱ्यो। गठबन्धन बदलिरहँदा १० पटक राज्यको मुख्यमन्त्रीको शपथ लिएका नीतीशलाई विरोधीहरूले 'पलटु-राम' भन्ने गर्थे। हुन पनि विगत ११ वर्षको अवधिमा उनले पाँचपटक गठबन्धन परिवर्तन गरे। र, राज्यमा भएका प्रत्येक विधानसभा चुनावमा उनी नेतृत्वको गठबन्धनले जित हासिल गरिरह्यो।



● इशा मिश्रा

(मिश्रा वरिष्ठ पत्रकार हुन्)

नीतिशको शासनकालमा विहारमा केही वर्ष लगातार दोहोरो अंकको वृद्धि देखियो। पूर्वाधारमाथिको उच्च लगानी र कल्याणकारी योजनाको बलमा आएको यस वृद्धिका कारण उनलाई समर्थकले 'विकासपुरुष' र 'सुशासनबाबु' भन्ने गर्छन्। सन् २००० को दशकको सुरुवातमा लालुप्रसाद यादवको कार्यकालमा देखिएको अव्यवस्थापछि आएका नीतीशले राज्यमाथि लाग्ने 'भारतको सबैभन्दा पिछडिएको राज्य'को बिल्ला हटाउन धेरै मिहिनेत गरे।

नीतीशका समर्थक तथा उनका पार्टीका नेता उनलाई विहारलाई रूपान्तरण गर्ने आशाको किरणका रूपमा वर्णन गर्थे। तथापि, पूर्वाधारमा भएको अभूतपूर्व लगानीका बाबजुद राज्यमा देशका अन्य भागको तुलनामा औद्योगिक विकास भने अहिलेम्म देखिएन। यसले रोजगारी सिर्जना तथा सबल अर्थतन्त्र बन्न नसकेको विरोधीहरू बताउँछन्। तथापि, उनका समर्थक भने उनी आएपछि राज्यमा अराजकताको अन्त्य भएर शान्ति सुरक्षा लागू हुनुलाई नै ठुलो मान्छन्। साथै सडक र बिजुलीजस्ता पूर्वाधारमा ठुलो काम भएकाले भावी नेतालाई सहजता भएको बताउँछन्।

परिवर्तनको सम्भावना

नीतीशका समकालीन नेताहरूले उनको शासनको प्रशंसा गर्दै उनले वैचारिक लडाइँ जितेको औंल्याउँछन्। विहार राज्यका वरिष्ठ भाजपा नेता देवेश कुमारले नीतीशबारे बोल्दै भने, 'उनले विहारी जनतामा विश्वास जगाए। एउटा पूर्ण रूपमा अस्तव्यस्त राज्यमा उनले जुन सुरक्षा र आशाको विकास गरे, त्यो नै उनको सबैभन्दा ठुलो जित हो। उनले आमजनतालाई परिवर्तन सम्भव छ भनेर विश्वास दिए।'

नीतीशलाई अक्सर 'सामाजिक नेता' पनि भनिन्थ्यो, किनभने उनले पिछडिएका जातिका लागि काम गरे। उनले विशेषगरी अति पिछडिएका वर्गलाई संगठित गरे र उनीहरूको राजनीतिक सहभागिता बढाए। सन् २०२३ मा विहारमा भएको जातीय जनगणनापछि, उनले अनुसूचित जाति, अनुसूचित जनजाति अन्य पिछडिएका वर्ग र आर्थिक रूपमा पिछडिएका वर्गका लागि आरक्षण ५० प्रतिशतबाट बढाएर ६५ प्रतिशत पुऱ्याए। तथापि, पटना उच्च अदालतले पछि यस निर्णयलाई उल्ट्याईदियो।



नीतीशले १० पटक विहारको मुख्यमन्त्रीका रूपमा सेवा गरे। उनको कार्यकाल मिश्रित रह्यो। सुरुमा, विकास र कानुन व्यवस्था उलेख्य सुधार गरेकोमा प्रशंसित बनेका नीतीशले त्यही दरमा औद्योगीकरण र रोजगार वृद्धि गर्न नसक्दा विहार अझै भारतभरमा सबैभन्दा विपन्न नै रहेको छ।

विहार राज्यको राजनीति र समाजबारे लेख्दै आएका दिल्ली विश्वविद्यालयका सह-प्राध्यापक डा. चन्द्रचूड सिंह नीतीश कुमारलाई एक जननेताका रूपमा व्याख्या गर्छन्। ' उनले त्यस्तो समयमा पदभार ग्रहण गरे, जब विहार अत्यन्त दयनीय अवस्थामा थियो। राजनीतिमा उच्च जात एकदम हाबी थियो। उनले राजनीतिमा हिंसा कम गर्दै पिछडिएका जातिलाई मूलधारमा ल्याउन ध्यान केन्द्रित गरे। यसले जनतामाझ उनको स्वीकार्यता बढायो।'

सत्तामा पकड बढाएपछि नीतीशले केही कठोर नीति पनि लागू गरे। आफ्नो लोकप्रियता शिखरमा रहेको समयमा सन् २०१६ मा उनले राज्यमा रक्सीजन्य पदार्थको बिक्री-वितरणमा प्रतिबन्ध लगाए। उनले अघिल्लो वर्ष भएको विधानसभा चुनावमै यस्तो व्यवस्था लागू गर्ने वाचा गरेका थिए। यसले विशेषगरी महिलामाझ उच्च समर्थन प्राप्त गऱ्यो। यस कदमलाई राज्यमा विकराल रहेको मदिरा समस्या हटाउन र विहारलाई रूपान्तरण गर्ने उद्देश्यले चालिएको एक प्रमुख सामाजिक सुधारको रूपमा प्रस्तुत गरिएको थियो।

यद्यपि, रक्सीजन्य सामग्रीको बिक्रीमा प्रतिबन्ध लगाउने नीतिमा समस्या पनि देखियो। विशेषतः मदिराको तस्करी, कालोबजारी, लुकेर बनाइएका नक्कली मदिरा खाँदा हुने मृत्यु र राज्यको राजस्वमा उल्लेखनीय गिरावटजस्ता समस्या देखियो। नीतीश कुमार नेतृत्वको जनता दल युनाइटेड(जेडियू)को प्रतिद्वन्द्वी दल राष्ट्रिय जनता दल (आरजेडी)का नेता तेजस्वी यादवले दाबी गरेअनुसार रक्सी बिक्री-वितरणमा प्रतिबन्ध लागेदेखि विषाक्त मदिराबाट एक हजार ३०० भन्दा बढी मानिसको मृत्यु भएको छ। वास्तविक संख्या योभन्दा धेरै हुन सक्ने भन्दै धेरैले आँखाको ज्योति गुमाएको पनि उनले बताए।

महिला समर्थन पहिलो शक्ति

नीतीश कुमारले आफूलाई महिला सशक्तीकरणमा दृढतापूर्वक लागिरहने नेताका रूपमा प्रस्तुत गरे। उनले कैयौं महिला सशक्तीकरण गर्ने कार्यक्रम ल्याए भने राजनीतिक सहभागिता बढाउने काम गरे। यसबाट महिला मतदातामाझ उनको बलियो समर्थन कायम बन्यो। उनले गाउँ पञ्चायतमा महिलाका लागि ५० प्रतिशत आरक्षण लागू गरे। त्यस्तै महिलाको आर्थिक पहुँच सुधार गर्न 'जीविका योजना' अन्तर्गत स्वयं सहायता समूह विस्तार गरे।

सन् २००६ मा उनले स्कुले छात्राहरूका लागि साइकल योजना सुरु गरे। यस कार्यक्रमले बालिकाहरूको विद्यालय छाड्ने दर उल्लेख्य घटाएको र शिक्षामा पहुँच बढाएको तथ्यांकले देखाउँछ। साथै यस कार्यक्रमले छात्रा भर्ना र नियमित कक्षामा उपस्थितिमा पनि सुधार गर्न सघायो। नीतीशले प्रहरी प्रशासनलाई मजबुत बनाएर द्रुत परीक्षणमार्फत कानुन र व्यवस्थामा सुधार गरे। पूर्वाधारको हकमा उनले सडक, पुल र ग्रामीण विद्युतीकरणमा सुधार गरे।

तथापि यी सुधारका बाबजुद मानव विकासका प्रमुख सूचकमा विहार अझै पनि भारतका अन्य राज्यमध्ये सबैभन्दा पुछारमा छ। सन् २०२२ मा राज्यले मानव विकास सूचकांकमा ०.६०९ अंक प्राप्त गऱ्यो, जुन भारतका राज्यमा सबैभन्दा कम हो। यो सूचकांकले स्वास्थ्य, शिक्षा र आयस्तर मापन गर्छ। शिक्षा क्षेत्र पनि दबाबमा छ। भर्नामा २३ प्रतिशतभन्दा बढीले गिरावट आएको छ। माध्यमिक तहमा विद्यालय छाड्ने दर लगभग १९.५ प्रतिशतसम्म छ। उच्च शिक्षामा राज्यका विद्यार्थीको सहभागिता पनि न्यून छ। कुल भर्ना अनुपात केवल २५.५ प्रतिशत छ, जुन भारतका राज्यमध्ये सबैभन्दा खराब हो।


पूर्वाधार विकासकै अनुपातमा उद्योगधन्दा विकास नहुँदा रोजगारी बढ्न सकेको छैन। यसले कामको खोजीमा धेरै देशभित्रै वा बाहिर जान बाध्य छन्। परिणामस्वरूप बसाइँसराइ राज्यको एक प्रमुख समस्या बनेको छ। एक अनुमानअनुसार करिब ७५ लाख विहारीहरू कामको खोजीमा राज्य छोड्छन्। लालुप्रसाद यादवको नेतृत्वमा हुर्केका र पछि नीतीश कुमारको नेतृत्वमा काम गरेका एक पूर्वआइएएस अधिकारीले नाम नछाप्ने सर्तमा बताएअनुसार नीतीशको पछिल्लो कार्यकालमा विहारको अवस्था पुनः बिग्रिन थालेको थियो।

उच्च बसाइँसराइका कारण विहारमै काम गर्ने क्षमतावान् जनशक्तिको अभाव देखिन्छ। अर्थात्, झन्डै नीतीशको २० वर्षे शासनकालमा मानिसले आर्थिक पक्षमा भने उलेख्य परिवर्तन महसुस गर्न सकेनन्। जंगलराज अन्त्य गरेको दाबी गर्ने नीतीशले राज्यको नोकरशाही प्रणालीमा व्याप्त भ्रष्टाचार र घूसखोरी अन्त्य गर्न सकेन, जुन निक्कै व्याप्त भएको छ। २० वर्ष लामो अवधिमा राज्यमा राज्यले प्रयास गरे अनुरूप ठुला चिनी मिलका उद्योगहरू पुनः सुरु हुन सकेका छैनन्। पटना विश्वविद्यालयजस्ता उच्च शैक्षिक संस्था झनझन् कमजोर बन्दै गएका छन्। र, जब स्कुल प्रणाली बिग्रिँदै जान्छ, त्यसले बिस्तारै सबै कुरामाथि असर गर्छ।

द प्रिन्टबाट

इतिहासमा आज

अप्रिल १६



सन् १८५३ : भारतमा पहिलो यात्रुवाहक रेल बम्बईको बोरीदेखि थानेसम्म ३४ किमि ट्र्याकमा चल्यो।

इसापूर्व १४५७ : स्पष्ट ऐतिहासिक प्रमाण भएको विश्वको सबैभन्दा पुरानो मेगिद्दोको युद्ध यसै दिन सुरु भएको थियो। युद्धमा फारोहा थुटमोस तृतीय नेतृत्वको इजिप्टेली फौजले कनाइट गठनबन्धलाई हरायो।

सन् १७०५ : इंग्ल्यान्डकी महारानी एनले क्याम्ब्रिज विश्वविद्यालयमा एक समारोहबिच चर्चित वैज्ञानिक आइज्याक न्युटनलाई देशको सबैभन्दा ठुलो सम्मान 'नाइटहुड'ले सम्मानित गरिन्।

सन् १८८९ : विश्वचर्चित फिल्म अभिनेता तथा निर्देशक चार्ली च्यापलिन यसै दिन जन्मिएका थिए।

सन् १९१२ : हेरियट क्विम्बाई बेलायत र युरोपबिच रहेका समुद्री भाग 'इंग्लिस च्यानल' उडेर पार गर्ने पहिलो महिला पाइलट बनिन्।

सन् १९१७ : रुसमा भएको फेब्रुअरी क्रान्तिमा राजतन्त्र फालिएको खबर पाएलगत्तै लेनिन लामो स्विट्जरल्यान्ड निर्वासनबाट देश फर्किए। रुसमा उनले सोही वर्ष अक्टोबरमा भएको समाजवादी क्रान्तिमा नेतृत्वदायी भूमिका खेले र सोभियत संघको जग बसाए।

सन् २०२४ : संयुक्त अरब एमिरेट (युएई)मा ७५ वर्षयताकै ठुलो वर्षा भयो।

विश्व संक्षेप

हंगेरीमा ओर्बानको हारले रोकिएको युक्रेनी ऋण निकासा हुने

ब्रसेल्स/ हंगेरीमा हालै भएको निर्वाचनमा भिक्टर ओर्बानको हारले युक्रेनलाई छुट्याइएको ९० अर्ब युरो निकासा खुल्ने मंगलबार युरोपेली संघकी एक अधिकारीले बताइन्। युरोपेली युनियनको विस्तार शाखाकी प्रमुख मार्ता कोसले आइएमएफ र विश्व बैंकको वसन्त बैठकको छेकोमा बोल्ने क्रममा १६ वर्षदेखि हंगेरीमा शासन गरिरहेको ओर्बानको बहिर्गमनलाई 'युरोपका लागि ठुलो जित' बताइन्।

'व्यक्तिगत रूपमा यस परिवर्तनले युक्रेनको संघमा प्रवेश प्रक्रियामा सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा गर्छु,' कोसले भनिन्। साथै हालसम्म हंगेरी सरकारको विरोधका कारण युक्रेनका लागि छुट्याइएको रकम रोकिने गरेकोमा अब यसअघि विनियोजन गरिएको ९० अर्ब युरोको ऋण निकासा पारित हुने बताइन्।

युरोपेली संघका कुनै पनि प्रस्ताव पारित हुन संघका सबै सदस्यको सर्वसम्मति हुनुपर्ने प्रावधान छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग नजिक रहेका ओर्बानले यसअघि युक्रेनलाई छुट्याइएका कोषमाथि भिटो प्रयोग गर्ने गरेका थिए।

युद्धमा इरानलाई २७० अर्ब डलरको क्षति भएको प्रारम्भिक अनुमान

तेहरान/ इरानले संयुक्त राज्य अमेरिका र इजरायलको आक्रमणले पुऱ्याएको क्षतिको क्षतिपूर्ति माग गरेको छ। संयुक्त राष्ट्र संघका लागि तेहरानका राजदूतले मंगलबार यो क्षतिपूर्ति इरानमाथि आक्रमणका लागि भूमि प्रयोग गर्ने दिएका पाँच क्षेत्रीय देशबाट भर्पाई हुनुपर्ने बताए।

इरानले स्ट्रेट अफ हर्मुज प्रोटोकलमार्फत क्षतिको क्षतिपूर्ति उठाउन सकिने विचारको पनि प्रस्ताव गरेको छ। यसअन्तर्गत त्यस जलमार्गबाट गुज्रने जहाजमाथि इरानले कर उठाउने विषय समावेश हुनेछ। प्रारम्भिक अनुमानअनुसार फेब्रुअरी २८ मा अमेरिका-इजरायलले आक्रमण सुरु गरेदेखि इरानले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लगभग २७० अर्ब डलरको क्षति व्यहोरेको इरानी सरकारका प्रवक्ता फतेमेह मोहजेरानीले बताए। मंगलबार रुसी समाचार एजेन्सी 'आरआइए नोवोस्ती'मा प्रकाशित मोहजेरानीको अन्तर्वार्तामा उक्त रकमा उल्लेख छ। प्रवक्ता मोहजेरानीले क्षतिको प्रारम्भिक तथ्यांक मात्र उल्लेख गर्दै त्यसको विस्तृत विवरण भने उल्लेख गरेकी छैनन्।

संकटमा शिक्षामा गरिने कटौतीको गम्भीर हुन्छ असर



● अल जाजी हसन

अल जाजी दरविस एजुकेसन एभोभ अल (इएए) फाउन्डेसनमा सञ्चार निर्देशक हुन्।



जब कुनै बालबालिकाको विद्यालय शिक्षा महिनौं वा वर्षौंसम्म अवरुद्ध हुन्छ, त्यसको परिणाम कक्षाकोठामा मात्र सीमित रहँदैन। पहिले नै तनावमा रहेका परिवारले प्रायः आफ्ना बच्चालाई काममा पठाउँछन्। केटीहरूलाई पहिले स्कुलबाट निकालिन्छ। बालविवाह बढ्छ र शिक्षामा फर्कने सम्भावना घट्दै जान्छ।

आजको संसारमा शिक्षा बहसलाई प्रायः नैतिक अनिवार्यताको रूपमा प्रस्तुत गरिन्छ। तर, त्यो संरचना अब पर्याप्त छैन। लामो द्वन्द्व, जलवायु झट्का र सार्वजनिक बजेटमा कडाइको वर्तमान युगमा सुधार पनि अर्को कुरा हो, रणनीतिक पूर्वाधारमा सुधार। जब यो ध्वस्त हुन्छ, अस्थिरता तीव्र हुन्छ। जब यो कायम रहन्छ, समाज छिटो पुनर्स्थापित हुन्छ, अर्थतन्त्र चाँडै पुनरुत्थान हुन्छ र संकट कम हुन्छ।

तथ्यांक स्पष्ट छन्। युनेस्कोका अनुसार विश्वव्यापी रूपमा २५ करोड बालबालिका विद्यालयबाहिर छन्, यसका कारण शिक्षाका लागि तोकिएको लक्ष्य प्रगतिउन्मुख देखिदैन। साथै, विषम मौसम अब 'भविष्यको जोखिम' रहेन। युनिसेफको अनुमान छ कि सन् २०२४ मा मात्र ८५ देशमा कम्तीमा २४ करोड २० लाख विद्यार्थीको विद्यालय शिक्षा जलवायु खतराले अवरुद्ध भएको थियो। त्यसबाहेक शिक्षामाथि सैन्य आक्रमण पनि बढ्दै छ। एउटा व्यापक प्रयोग हुने विश्वव्यापी तथ्यांकले सन् २०२० र २०२३ को बिचमा विद्यालय, विद्यार्थी र शिक्षा कर्मचारीमाथि ११ हजारभन्दा बढी आक्रमण र सैन्य प्रयोगका घटना रेकर्ड गरेको छ। यी पृथक् शिक्षा तथ्यांक होइनन्। तिनीहरू व्यापक राजनीतिक र आर्थिक अशान्तिका लागि प्रारम्भिक चेतावनी हुन्।

जब कुनै बालबालिकाको विद्यालय शिक्षा महिनौं वा वर्षौंसम्म अवरुद्ध हुन्छ, त्यसको परिणाम कक्षाकोठामा मात्र सिमित रहँदैन। पहिले नै तनावमा रहेका परिवारले प्रायः आफ्ना बच्चालाई काममा पठाउँछन्। केटीहरूलाई पहिले स्कुलबाट निकालिन्छ। बाल विवाह बढ्छ र शिक्षामा फर्कने सम्भावना घट्दै जान्छ। समयसँगै, 'सिकाइ संकट' 'जनशक्ति संकट'मा परिणत हुन्छ। त्यसपछि यो सामाजिक एकताको संकट बन्छ। र, अन्ततः यो अस्थिरताको संकटमा परिणत हुन्छ, किनकि समुदायले पुनर्निर्माण गर्न आवश्यक सीप, विश्वास र संस्थागत विश्वास गुमाउँछन्।

यसैकारण नीति-निर्माताले आपत्कालीन अवस्थामा शिक्षालाई 'राम्रोसँग राख्न सकिने' कुराको रूपमा व्यवहार गर्न बन्द गर्नुपर्छ, जुन स्थिरता नआएसम्म स्थगित गर्न सकिन्छ। आजको संसारको धेरैजसो भागमा, अस्थिरता आफैंमा एउटा वातावरण बनेको छ। द्वन्द्व र जलवायु विघटन वर्तमान दशकका मुख्य विशेषता हुन्। त्यसैले, शिक्षा प्रणाली आदर्श परिस्थितिमा मात्र नभई कठिन समयमा पनि सञ्चालन हुने गरी डिजाइन गरिनुपर्छ। द्वन्द्व प्रभावित क्षेत्रका अनुभवबाट एउटा पाठ स्पष्ट छ, सबैभन्दा प्रभावकारी शिक्षा प्रतिक्रिया भनेको पहुँच बढाउनु मात्र होइन, शिक्षामा लचिलोपन निर्माण गर्नु हो।

शिक्षामा लचिलोपन निर्माण गर्दा विद्यालय बन्द हुँदा, परिवार विस्थापित हुँदा वा सार्वजनिक वित्त संकुचित हुँदा पनि सिकाइ जारी रहन्छ। सक्रिय द्वन्द्व सन्दर्भमा लचिलो समुदायमा आधारित मोडेल, हराएका वर्ष पुनः प्राप्ति गर्न द्रुत सिकाइ र औपचारिक पाठ्यक्रमलाई वैकल्पिक मार्गसँग जोड्ने मिश्रित दृष्टिकोणमार्फत शिक्षा वितरणलाई निरन्तरता दिइएको छ। यी समाधानका उपायले बालबालिकालाई विस्थापन र असुरक्षाबिच पनि सिकाइसँग जोडिन सक्षम बनाएका छन्, जसले गर्दा स्थायी रूपमा छोड्ने संख्यामा उल्लेखनीय कमी आएको छ।

नाजुक सन्दर्भमा क्षेत्र परीक्षण गरिएका दृष्टिकोणले सबैभन्दा महत्त्वपूर्ण तीन रणनीतिक परिवर्तनलाई औंल्याउँछ। पहिलो, शिक्षालाई आवश्यक नागरिक पूर्वाधारको रूपमा सुरक्षित गर्नुहोस्। द्वन्द्वको अवस्थामा, विद्यालयलाई संरक्षित स्थानको रूपमा व्यवहार गर्नुपर्छ र शिक्षामाथिको आक्रमणले वास्तविक राजनीतिक मूल्य चुकाउनुपर्छ।

शिक्षाको सुरक्षा गर्नु भनेको भौतिक संरचनाबारे मात्र होइन, यसमा शिक्षकहरूको सुरक्षा, सिकाइ स्थलमा सुरक्षित मार्ग सुनिश्चित गर्ने, विद्यालयलाई सैन्य प्रयोगबाट मुक्त राख्ने र समुदायस्तरको सुरक्षा संयन्त्रलाई बलियो बनाउने समावेश छ। जहाँ शिक्षालाई सक्रिय रूपमा सुरक्षित गरिएको छ, त्यहाँ समुदायले ठुलो लचिलोपन देखाएका छन्। जहाँ सुरक्षा असफल हुन्छ, त्यहाँ हरेक अन्य लगानीको पनि चुहावट हुन्छ।

दोस्रो, पूर्णताका लागि होइन, निरन्तरताको लागि डिजाइन। धेरैजसो अवस्थामा आपत्कालीन शिक्षालाई अस्थायी रूपमा हेरिन्छ। त्यो दृष्टिकोणले गति र गुणस्तरबिचको गलत छनोट सिर्जना गर्छ। स्मार्ट दृष्टिकोण भनेको गुणस्तर थ्रेसहोल्डको साथ निरन्तरता हो, हराएको समय पुनः प्राप्ति गर्न द्रुत सिकाइ, विस्थापनमा काम गर्ने लचिलो मोडेल, आघातलाई सम्बोधन गर्न मनोसामाजिक समर्थन र बालबालिकालाई स्थायी रूपमा पछाडि धकेलिनबाट रोक्ने उपचारात्मक मार्ग। लक्ष्य केवल बालबालिकालाई 'भर्ना' गर्नु होइन, बरु तिनीहरूलाई मापनयोग्य र स्थानान्तरणयोग्य तरिकाले सिकाइ राख्नु हो।

तेस्रो, विशेषगरी युवाका लागि आर्थिक सहभागितासँग सिकाइलाई जोड्नुहोस्। नाजुक सन्दर्भमा कतै नपुग्ने शिक्षाले निराशालाई बढावा दिन र बहिष्करणलाई गहिरो बनाउन सक्छ। किशोरकिशोरी र युवा वयस्कहरूका लागि जीविकोपार्जनका मार्ग वैकल्पिक होइनन्, बरु स्थिरीकरणको अंश हुन्। धेरै द्वन्द्व प्रभावित देशमा उद्यमशीलता समर्थन, वित्तीय साक्षरता र सीप तालिमलाई जीविकोपार्जनमा पहुँचसँग जोडेर युवालाई आय कायम राख्न, निर्भरता कम गर्न र नकारात्मक सामना गर्ने संयन्त्रहरूको प्रतिरोध गर्न मद्दत गरेको छ। यसको अर्थ प्रत्येक कक्षाकोठालाई रोजगार प्रशिक्षण केन्द्रमा परिणत गर्नु होइन। यसको अर्थ शिक्षालाई हस्तान्तरणीय सीप, साक्षरता, संख्यात्मकता, डिजिटल योग्यता र समस्या समाधान निर्माण गर्ने र युवालाई तालिम वा उद्यम समर्थनमा विश्वसनीय मार्ग सुनिश्चित गर्नु हो।

यस्ता परिवर्तन गर्न आर्थिक पक्ष आवश्यक पर्छ। तैपनि, शिक्षा बजेटको सुरक्षाको तर्क भावनात्मक छैन, यो आर्थिक रूपमा तर्कसंगत छ। शिक्षा पतनको लागत महँगो छ, दीर्घकालीन मानवीय निर्भरता, कमजोर वृद्धि, उच्च बेरोजगारी, शोषणका लागि बढी जोखिम र दोहोरिने संकटको लामो व्यवस्थापन। शिक्षा एक हिसाबले धेरै जोखिम कम गर्ने केही हस्तक्षेपमध्ये एक हो।

यसैकारण, साझेदारीको महत्त्व पनि यही हो। सरकार, अन्तर्राष्ट्रिय संस्था, नागरिक समाज र निजी क्षेत्र प्रत्येकले फरक-फरक विषय नियन्त्रण गर्छन्, नीति, वित्तपोषण, सेवा वितरण र नवप्रवर्तन। सबैभन्दा टिकाउ परिणाम तब हुन्छन्, जब ती विषय पंक्तिबद्ध हुन्छन्, जब आपत्कालीन प्रतिक्रिया राष्ट्रिय क्षमतालाई बलियो बनाउन डिजाइन गरिन्छ र जब नवप्रवर्तनहरूलाई नमुनाको रूपमा होइन, बरु प्रणालीव्यापी योजनाको अंशको रूपमा अपनाइन्छ।

अन्ततः यो पाठ कुनै पनि एकल संस्था वा कार्यक्रमभन्दा फराकिलो छ। यदि सरकारहरू कम संकट देख्न चाहन्छन् र समाज नाजुकताको चक्रबाट बाहिर निस्कन चाहन्छ भने त्यसले शिक्षालाई रणनीतिक रूपमा ट्याकल गर्नुपर्छ। यसको अर्थ झट्काको समयमा शिक्षालाई जोगाउनु, निरन्तरताको लागि अनुकूलन गर्नु र सामाजिक एकता कायम राख्ने सीप र अवसरसँग जोड्नु हो। भविष्य ती देशहरूको हो, जसले शिक्षा प्रणालीमा देखिइएको अवरोधलाई विभिन्न कदम चालेर समाधान गर्छन्।

न्युजविकबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ३ वैशाख ०८३

मध्यपूर्वको युद्धले वैदेशिक लगानी प्रतिबद्धता थप प्रभावित

युद्धका कारण विश्व अर्थतन्त्रमा अनिश्चितता देखिएसँगै नेपालमा आउने वैदेशिक लगानी प्रतिबद्धतामा पनि देखियो असर



उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेत भन्छन्-

यसै पनि जेन-जी आन्दोलनपछि वैदेशिक लगानी प्रतिबद्धता कम थियो । नयाँ सरकार बनेपछि भने बढ्ने अपेक्षा थियो । तर, मध्यपूर्वमा जारी युद्धका कारण वैदेशिक लगानी प्रतिबद्धता थप प्रभावित भएको महसुस गरेका थियौँ । मध्यपूर्वको तनावले विश्व अर्थतन्त्रमै अनिश्चिता थपेको छ । विश्वव्यापी रूपमा कच्चा पदार्थलगायतका वस्तु तथा सेवाको मूल्य बढेको छ । यो अवस्थामा जोकोही पनि लगानी गर्ने निर्णयबाट पछि हट्छन् । त्यसको असर नेपालमा पनि परेको छ । यही परिस्थिति कायम भएमा प्रतिबद्धता भएका लगानीसमेत नआउने जोखिम छ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

वैदेशिक लगानी प्रतिबद्धतालाई जेन-जी आन्दोलन पछि मध्यपूर्वमा जारी इरान-अमेरिका युद्धले थप प्रभावित बनाएको छ । २३ र २४ भदौको जेन-जी आन्दोलनपछि वैदेशिक लगानी प्रतिबद्धता प्रभावित भएको थियो । तर, नेपालमा लगानी गर्न खोज्ने विदेशी लगानीकर्ता २१ फागुनको चुनावपछि बन्ने सरकारसम्मका लागि पर्ख र हेरको अवस्थामा थिए । सरकार गठन भएसँगै लगानी आकर्षित हुने अपेक्षा पनि थियो । तर, झन्डै दुईतिहाइको बहुमत पाएको स्थायी सरकार बने पनि १६ फागुनमा अमेरिका र इजरायल मिलेर इरानमाथि गरेको आक्रमण र त्यसपछिका तनावका कारण वैदेशिक लगानी प्रतिबद्धता थप प्रभावित बनेको छ ।

युद्धका कारण विश्वव्यापी रूपमा इन्धनको अभाव बढ्नुका साथै मूल्य पनि उच्च दरमा बढेको छ । युद्धका कारण विश्व अर्थतन्त्रमा अनिश्चितता देखिएको छ । त्यसको असर नेपालमा आउने वैदेशिक लगानी प्रतिबद्धतामा पनि देखिएको हो । उद्योग विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चैत महिनामा ६१ परियोजनामा एक अर्ब १२ करोड ९२ लाख रुपैयाँ मात्रै वैदेशिक लगानी प्रतिबद्धता आएको छ, जुन अपेक्षाकृत र उत्साहजनक नभएको विभागका महानिर्देशक जितेन्द्र बस्नेतले बताए ।

गत आवको चैतमा ५३ परियोजनामा १३ अर्ब ३१ करोड ५१ लाख रुपैयाँबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । तर, चालू आवको चैतमा भने एक अर्ब १२ करोड ९२ लाख रुपैयाँ प्रतिबद्धता आएको छ । यो पुस, माघ र फागुनको तुलनामा केही बढी भए पनि उत्साहजनक नभएको बस्नेतको भनाइ छ ।



■ पछिल्लो दुई वर्षमा आएको वैदेशिक लगानी प्रतिबद्धता

आव	०८१/८२		०८२/८३	
महिना	परियोजना	प्रतिबद्धता रकम	परियोजना	प्रतिबद्धता रकम
साउन	९०	नौ अर्ब १५ करोड २५ लाख	१२७	२४ अर्ब १० करोड ५० लाख
भदौ	५९	तीन अर्ब ८३ करोड २४ लाख	१०९	आठ अर्ब ९८ करोड ७० लाख
असोज	५५	तीन अर्ब ४५ करोड ६३ लाख	७५	दुई अर्ब चार करोड ५७ लाख
कात्तिक	५९	दुई अर्ब २२ करोड ३७ लाख	७१	एक अर्ब ५४ करोड ३९ लाख
मंसिर	५६	दुई अर्ब ११ करोड २२ लाख	५६	एक अर्ब ९१ करोड ४९ लाख
पुस	३५	चार अर्ब ९९ करोड ९१ लाख	३९	५९ करोड ९५ लाख
माघ	३२	एक अर्ब ६ करोड ५२ लाख	४९	एक अर्ब चार करोड ७२ लाख
फागुन	४०	१७ अर्ब ७९ करोड ८६ लाख	३०	३८ करोड ६० लाख
चैत	५३	१३ अर्ब ३१ करोड ५१ लाख	६१	एक अर्ब १२ करोड ९२ लाख

'यसै पनि जेन-जी आन्दोलनपछि वैदेशिक लगानी प्रतिबद्धता कम थियो । नयाँ सरकार बनेपछि भने प्रतिबद्धता बढ्ने अपेक्षा थियो । तर, मध्यपूर्वमा जारी युद्धका कारण वैदेशिक लगानी प्रतिबद्धता थप प्रभावित भएको महसुस गरेका थियौँ,' उनले भने, 'मध्यपूर्वको तनावले विश्व अर्थतन्त्रमै अनिश्चितता थपेको छ । विश्वव्यापी रूपमा कच्चा पदार्थलगायतका वस्तु तथा सेवाको मूल्य बढेको छ । यो अवस्थामा जो कोही पनि लगानी गर्ने निर्णयबाट पछि हट्छन् । त्यसको असर नेपालमा पनि परेको छ । यही परिस्थिति कायम भएमा प्रतिबद्धता भएका लगानीसमेत नआउने जोखिम छ ।'

यस सम्बन्धमा विभागले थप विश्लेषण गर्ने उनले बताए । 'इरान युद्धले के कसरी असर गरेको छ, त्यो विषयमा थप विस्तृत रूपमा विश्लेषण गर्ने तयारी पनि छ,' उनले बताए ।

नौ महिनामा ४१ अर्ब ७९ करोड प्रतिबद्धता

चालू आवको नौ महिनामा ६ सय १५ परियोजनामा ४१ अर्ब ७९ करोड ८५ लाख ८० हजार रुपैयाँ वैदेशिक लगानी प्रतिबद्धता आएको छ । यो संख्याको आधारमा गत आवको यसै अवधिको तुलनामा बढी हो । गत आवको नौ महिनामा चार सय ८० परियोजनामा वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । रकमका आधारमा भने कम हो । गत आवको नौ महिनामा ५७ अर्ब ९७ करोड ५४ लाख ७३ हजार रुपैयाँ लगानी प्रतिबद्धता आएका थियो । गत आवभर भने आठ सय ४० परियोजनामा ६४ अर्ब ९६ करोड ५१ लाख ४३ हजार रुपैयाँ लगानी प्रतिबद्धता आएको थियो ।

महानिर्देशक बस्नेतले चालू आवको लगानी प्रतिबद्धता सन्तोषजनक नभएको बताए । 'गत आवमा ६५ अर्ब हाराहारीमा प्रतिबद्धता आएको थियो । चालू आवको चैतसम्म कम्तीमा पनि ५० अर्बको प्रतिबद्धता आउनुपर्ने हो,' उनले भने, 'तर, त्यसअनुसार प्रतिबद्धता आउन सकेन ।'

कुन महिना कति ?

तथ्यांकअनुसार चालू आवको साउनमा एक सय २७ परियोजनामा २४ अर्ब १० करोड ५० लाख रुपैयाँबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । त्यसपछि भदौमा एक सय नौ परियोजनामा आठ अर्ब ९८ करोड ७० लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको देखिन्छ । त्यसपछि असोजमा ७५ परियोजनामा दुई अर्ब चार करोड ५७ लाख रुपैयाँ, कात्तिकमा ७१ परियोजनामा एक अर्ब ५४ करोड ३९ लाख रुपैयाँ र मंसिरमा ५६ परियोजनामा एक अर्ब ९१ करोड ४९ लाख रुपैयाँ वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । त्यसपछि पुसमा ३९ परियोजनामा ५९ करोड ९५ लाख रुपैयाँ, माघमा ४९ परियोजनामा एक अर्ब चार करोड ७२ लाख रुपैयाँ र फागुनमा ३० परियोजनामा ३८ करोड ६० लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको थियो । चैत महिनामा भने ६१ परियोजनामा एक अर्ब १२ करोड ९२ लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको हो ।

कुन क्षेत्रमा कति ?

समीक्षा अवधिमा कृषि क्षेत्रमा सबैभन्दा धेरै २२ अर्ब आठ करोड ८० लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ । १६ परियोजनामा सोबराबरको लगानी प्रतिबद्धता आएको हो । यस्तै, पर्यटनमूलक क्षेत्रका १६४ परियोजनामा ११ अर्ब ४६ करोड २० लाख ५० हजार रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ । सेवा क्षेत्रका ४७ परियोजनामा तीन अर्ब ८९ करोड ६४ लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ । यस्तै, उत्पादनमूलक क्षेत्रका ३८ परियोजनामा दुई अर्ब ५४ करोड ५६ लाख रुपैयाँ, ऊर्जाका दुई परियोजनामा २३ करोड ४२ लाख ५० हजार रुपैयाँ, खनिज दुई परियोजनामा ११ करोड ५० लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ । संख्याका आधारमा सूचना प्रविधि क्षेत्रमा धेरै आकर्षण देखिएको छ । सूचना प्रविधिका ३४६ परियोजना एक अर्ब ४५ करोड ७२ लाख ३६ हजार रुपैयाँ लगानी प्रतिबद्धता आएको छ ।

मध्यपूर्वका सबै देशमा पुनः खुल्यो श्रम स्वीकृति, नयाँ रोक्का भने यथावत्

बिदामा आएर काम गर्नका लागि पुनः विदेश जान नपाएका युवाहरूले श्रम स्वीकृति खोल्न दबाब दिँदै आएका थिए

नयाँ पत्रिका

मध्यपूर्वका सबै देशमा रोजगारीका लागि जान चाहने कामदारका लागि पुनः श्रम स्वीकृति खुला गरिएको छ । तर, नयाँ श्रम स्वीकृति भने रोक्का गर्ने निर्णय यथावत् छ । सरकारको यस्तो निर्णयले मध्यपूर्वमा भएको तनावले नेपाल फर्किएका युवाहरूलाई पुनः ती देशमा काम गर्न जाने बाटो खुलेको छ ।

३ चैतमा सात देशका लागि पुनः श्रम स्वीकृति खोलिएको थियो । अहिले युद्ध रोक्न बार्ता जारी भएको र युद्धको प्रभावसमेत कम देखिएको भनेर परराष्ट्र मन्त्रालयले नै रिपोर्टिङ गरेपछि सबै देशका लागि पुनः श्रम स्वीकृति खुला गरिएको मन्त्रालयले जनाएको छ । बिदामा नेपाल आएर काम गर्नका लागि पुनः विदेश जान नपाएका युवाहरूले श्रम स्वीकृति खोल्न दबाब दिँदै आएका थिए ।



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बुधबार एक सूचना जारी गर्दै युद्धरत इजरायलसहित कुवेत, बहराइन र लेबननमा पुनः श्रमस्वीकृति खुला गर्ने निर्णय गरेको हो । यसअघि ३ चैतबाट लागू हुने गरी साउदी अरेबिया, युएई, कतार, ओमान, यमन, जोर्डन र टर्कीका लागि पुनः श्रम स्वीकृति खुला गर्ने निर्णय गरिएको थियो ।

अमेरिका-इजरायल र इरान युद्धका कारण मध्यपूर्वका सबै देशमा अहिले तनाव छ । इरानले मध्यपूर्वमा रहेका अमेरिकी सैन्य बेसक्याम्पलाई लक्षित गरी मिसाइल प्रहार गरिरहेका कारण अधिकांशमा देशमा भौतिक संरचना सहित मानवयीय क्षति समेत भएका छन् । मध्यपूर्वमा युद्धको प्रभाव देखिनासाथ सरकारले १७ फागुनदेखि लागू हुने गरी १२ देशमा नयाँ र पुराना सबै श्रम स्वीकृति रोक्का गर्ने निर्णय गरेको थियो । तर, युद्धको असर कम हुँदै गएको रिपोर्टिङ पछि गत

वैदेशिक रोजगार विभागका प्रवक्ता चन्द्रबहादुर शिवाकोटीले मध्यपूर्वको वर्तमान अवस्था र छुट्टीमा नेपाल आएर पुनः रोजगारीका लागि विदेश जान चाहेको युवाको मनस्थितिलाई हेरेर सरकारले निर्णय गरेको बताए । 'पहिले सातवटा देशमा पुनः श्रम स्वीकृति खोलिएको थियो । अहिले थप देशमा पनि खुला गरिएको हो,' उनले भने, 'नयाँ श्रम स्वीकृति भने जारी गर्ने निर्णय भएको छैन ।' मध्यपूर्व नेपाली कामदारहरूको प्रमुख श्रम गन्तव्य मुलुक हुन् । यीमध्ये पनि युएई, साउदी अरब, कुवेत, कतार, बहराइन, ओमान, जोर्डनलगायतका देशमा धेरै नेपाली कामदार कार्यरत छन् ।

विभागको तथ्यांकअनुसार मध्यपूर्वका १६ देशमा १७ लाख २९ हजारभन्दा बढी नेपाली कार्यरत छन् । यी देशमा थोरै संख्यामा रहेका नेपालीहरू ! व्यवसाय गरिरहे पनि ठुलो संख्यामा कामदारहरू छन् ।

■ मिहिनेती मजदुर



काठमाडौंको भत्केको पुलनजिकै एक मेसिनरी पसलमा काम गर्दै एक कामदार । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

०८३ को पहिलो कारोबार दिन ३३.२७ अंकले बढ्यो नेप्से

सरकारको राष्ट्रिय प्रतिबद्धताको मस्यौदा सार्वजनिक भएपछि लगानीकर्ता उत्साहित

नयाँ पत्रिका

२०८३ सालको पहिलो कारोबारमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३३.२७ अंकले बढेको छ । बुधबार १.१७ प्रतिशतले बढेर परिसूचक २८६६.८७ विन्दुमा पुगेको हो ।

भर्खरै सम्पन्न निर्वाचनमा राष्ट्रिय मान्यताप्राप्त ६ वटा राजनीतिक दलहरूका घोषणापत्रका आधारमा सरकारले तयार पारेको राष्ट्रिय प्रतिबद्धताको मस्यौदा सार्वजनिक भएपछि लगानीकर्ताहरू सकारात्मक देखिएका छन् । प्रतिबद्धताको मस्यौदामा पुँजीबजारलाई पारदर्शी, सुरक्षित र लगानीमैत्री बनाउन नियामक सुधार, प्रविधिमैत्री कारोबार तथा लगानीकर्ता संरक्षण संयन्त्र सुदृढ गरिने उल्लेख छ । त्यस्तै, पुँजीबजारमा साना, स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण बढाउन, लगानीकर्ताका लगानी सुरक्षित गरिने भनिएको छ । संस्थागत लगानीकर्ताको विस्तार, प्रोत्साहन र सहजीकरण गरिनेछ भने पुँजीबजार, कर नीति स्थिर र लगानीमैत्री हुने उल्लेख छ । यसले लगानीकर्तामा सकारात्मक सन्देश प्रवाह हुँदा बजार बढेको जानकारहरूको बुझाइ छ ।

बुधबार कारोबार भएकामध्ये दुई सय २१ कम्पनीको मूल्य बढेको छ भने ४५ वटा कम्पनीको सेयर मूल्य घटेको छ । तीन कम्पनीको सेयर मूल्य भने स्थिर छ ।

रिजलाइन इनर्जी, सूर्यकुण्ड हाइड्रोइलेक्ट्रिक, होटेल फरेस्ट इन्, सिन्धु विकास बैंक, पाल्पा सिमेन्ट इन्डस्ट्रिज, सुपर खुदी हाइड्रोपावर र शिखर पावर डेभलपमेन्टको सेयर मूल्य उच्च दरले बढेर सर्किट लागेको छ ।

सर्वाधिक कारोबार हुनेमा शिवम् सिमेन्ट छ । यसको ५८ करोड नौ लाख रुपैयाँको सेयर कारोबार भएको छ । नेसनल हाइड्रोपावर कम्पनीको ५७ करोड ११ लाख, रिलायन्स स्पिनिङ मिल्सको ४९ करोड ४१ लाख, सोलु हाइड्रोपावरको ४१ करोड ३२ लाख र रिडी पावर कम्पनीको ३७ करोड ६५ लाखको कारोबार भएको छ ।

बैंकिङ समूहको परिसूचक १.३ प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैंक समूहको १.५३ प्रतिशत, फाइनान्स समूहको १.२१ प्रतिशत, होटेल तथा पर्यटन समूहको ३.१६ प्रतिशत, जलविद्युत् समूहको २.१४ प्रतिशत, इनभेस्टमेन्ट समूहको ०.८९ प्रतिशत, जीवन बिमा समूहको ०.४६ प्रतिशत, उत्पादन तथा प्रशोधन समूहको ०.११ प्रतिशत, माइक्रोफाइनान्स ०.६४ प्रतिशत, सामूहिक लगानी कोष ०.५६ प्रतिशत, निर्जीवन बिमा ०.३९ प्रतिशत, व्यापार समूह २.३३ प्रतिशत र अन्य समूहको ०.११ प्रतिशतले बढेको छ ।

कुल सेयर कारोबार १० अर्ब ५३ करोड रुपैयाँको छ । २ करोड ६४ लाख ३८ हजार पाँच सय २१ कित्ताको सेयर किनबेच भएको छ । कुल बजार पुँजीकरण ४८ खर्ब ८९ अर्ब ६० करोड रुपैयाँ कायम छ ।

सडक अलपत्र पार्ने ठेकेदारसँग मागियो स्पष्टीकरण

बाजुरा/ लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्न नसक्ने बाजुरा र अछामका ठेकेदार कम्पनीलाई १५ दिने स्पष्टीकरण सोधिएको छ । सुदूरपश्चिम प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पर्ने पूर्वाधार विकास कार्यालय साँफेबगर, अछामले निर्माण कार्यमा ढिलासुस्ती गर्दै आएका निर्माण व्यवसायीलाई १५ दिने स्पष्टीकरण सोधिएको कार्यालय प्रमुख जंगबहादुर थापाले बताए ।

कार्यालयले जारी गरेको सूचनाअनुसार विभिन्न सडक निर्माण तथा स्तरोन्नति आयोजनाका लागि सम्झौता गरेका निर्माण व्यवसायीहरूले काम नगरेको, प्रगति सन्तोषजनक नरहेको र कार्यालयले पटक-पटक लिखित तथा मौखिक निर्देशन दिँदा पनि ठेकेदारले वास्ता नगरेको उल्लेख छ । जिम्मा लिएको काममा सुधार नभएको देखिँदा ठेक्का किन नतोड्ने भन्ने विषयमा कारण पेस गर्ने गरी कार्यालयले सूचना जारी गरेको उनले बताए ।

ठेकेदारले पटक-पटक थपिएको म्यादभित्र पनि अपेक्षित प्रगति नभएपछि अन्तिम पटक १५ दिनको समय दिँदै चित्तबुझ्दो स्पष्टीकरण पेस गर्न कार्यालयले समय दिएको हो । सूचनामा तोकिएको समयभित्र निर्माण व्यवसायीले सन्तोषजनक जवाफ नदिएमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार ठेक्का सम्झौता अन्त्य गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाइने पूर्वाधार विकास कार्यालय साँफे अछामका सबइन्जिनियर देवेन्द्र राउतले जानकारी दिए । स्पष्टीकरण सोधिएका योजनामा बाजुरा र अछामका विभिन्न सडकको स्तरोन्नति तथा निर्माण योजनाहरू रहेका छन् । अछामको घुघुरकोट फडा खप्तड नैनी सडक, कर्णाली करिडोरअन्तर्गत माणिकान्दा मालिका सडक, जैगड माझठाना रामारोशन, बाजुराको कैलाशमाडौं पन्धारा, मार्तडी-कोल्टी-पिलुचौर सडक, सेराअटैचौर थामलेख सडकलगायतका योजना समावेश छन् ।

योजना बैंकमा कसी लगाउँदै कोशी प्रदेश सरकार

अब पालिका र सांसदहरूले टुक्रे र आधारविनाका योजनाहरू पहुँच प्रयोग गरेर मागे नपाउने

विराटनगरमा **गणेश लम्साल**

विकास प्रक्रियालाई दिगो बनाउन पालिका र सांसदहरूले मागेका योजनाहरू छनोटका लागि कोशी प्रदेश सरकारले योजना बैंकलाई कसी लगाउन थालेको छ । अब पालिका र सांसदहरूले टुक्रे र आधारविनाका योजनाहरू पहुँच प्रयोग गरेर मागे पनि पाउनेछैनन् । योजना पार्न अनिवार्य अंकभारमा पार्ने गरी आधारसहितका योजना छनोट गरेर प्रदेश योजना आयोगको योजना बैंकमा दर्ता गराउनुपर्नेछ ।

कोशी सरकारले प्रदेशको विकास प्रक्रियालाई संस्थागत, पारदर्शी र परिणाममुखी बनाउन योजना छनोट र बजेट निर्माणको परम्परागत शैलीमा परिवर्तन गर्ने गरी कार्यविधि निर्माण गरेर यौजना बैंकमार्फत छनोट गर्ने नीति लिएको हो ।

कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष तारा निरौलाका अनुसार अघिल्ला वर्षहरूमा खल्तीबाट योजना हाल्ने प्रवृत्तिले योजना बैंकमा योजनाहरूको खात लागे पनि कार्यान्वयनमा छनोट हुन सकेनन् । गत वर्ष कोशी प्रदेश योजना बैंकमा झन्डै ५० हजार योजना प्रविष्ट भएका थिए । तर, तीमध्ये मात्र १२ हजार मात्रै छनोट भएर कार्यान्वयनमा जान सकेको उनले जानकारी दिए । उनले भने, 'यसपालि हामी कुनै दबाब र प्रभावमा पर्नेछैनौं आवश्यकताको आधारसहित आएका योजनालाई मात्र योना बैंकमा प्रविष्ट गराउनेछौं ।' कोशी योजना आयोगले सही योजनाहरू छनोट गर्न 'योजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८२' जारी गरेको छ ।

नयाँ कार्यविधिले कोशी प्रदेशका एक सय ३७ वटै स्थानीय तह, जिल्ला समन्वय समिति र सबै मन्त्रालयहरूलाई एउटै सूत्रमा बाँधेर विकासको साझा मार्गचित्र कोर्ने लक्ष्य राखेको छ । यसपालिको योजना बैंक सफल भएमा कोशी प्रदेशको योजनाबद्ध विकासका लागि कोसेढुंगा साबित हुने उपाध्यक्ष निरौलाले विश्वास व्यक्त गरे ।

प्रदेश योजना आयोगका सदस्य किशोरकुमार राईका अनुसार कोशीमा आयोजना बैंक प्रणाली नै अवैज्ञानिक हुँदा राम्रा योजनाहरू छनोट हुन पाएका थिएनन् । तर, यसपालि विकासलाई कनिका छरेजस्तो नभई महसुस हुने गरी योजना छनोट गर्ने नीति सरकारले लिएको छ । त्यसका लागि प्रदेश योजना आयोगले विशेष सफ्टवेयर प्रयोग गर्ने भएको छ । यसले पालिका र प्रदेश सरकारलाई डिजिटल प्रणालीमार्फत वास्तविक योजना छनोटमा पनि सजिलो बनाएको छ ।

कोशी प्रदेश योजना आयोगले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट निर्माणका लागि पूर्वतयारी सुरु गरिसकेको छ । यसै सन्दर्भमा प्रदेश योजना आयोगले ९ चैत ०८२ मा सबै मन्त्रालय र स्थानीय तहहरूलाई पत्राचार गर्दै आयोजना बैंक सूचना प्रणालीमार्फत योजनाका विवरणहरू प्रविष्ट गर्न आह्वान गरिसकेको छ । सबैले वैशाख दोस्रो साताभित्र मापदण्डमा आधारित योजनाहरू बैंकमा प्रविष्ट गराइसक्नुपर्नेछ ।

कोशी सरकारको योजना आयोगको कार्याविधिको नयाँ मापदण्डअनुसार सडक तथा पुलका आयोजनाका लागि न्यूनतम एक करोड रुपैयाँ लागत हुनुपर्नेछ । झोलुंगे पुल, सिँचाइ, शिक्षा, स्वास्थ्य, खेलकुद र खानेपानीजस्ता भौतिक पूर्वाधारका योजनाहरूको लागत कम्तीमा २५ लाख रुपैयाँ हुनुपर्नेछ ।

पर्यटन प्रवर्द्धनका आयोजनाका लागि ५० लाख र सहरी क्षेत्रको ढल तथा नाली निर्माणका लागि २५ लाखको सीमा तोकिएको छ । यसले गर्दा साना योजनाहरू स्थानीय तहले नै कार्यान्वयन गर्ने र ठुला तथा रणनीतिक महत्त्वका योजनाहरू मात्र प्रदेश सरकारको कार्यक्षेत्रमा पर्नेछन् । यद्यपि, प्रदेश सरकारले विशेष र अपवादका परिस्थितिमा भने साना, तर महत्त्वपूर्ण योजनालाई समेट्न सक्ने अधिकार सुरक्षित राखेको छ, तर त्यस्ता योजना पनि आयोजना बैंककै प्रक्रियाबाट आउनुपर्नेछ ।

त्यस्तै, ३० अंकको क्षेत्रगत आधारमा आयोजनाको पूर्वतयारी, जग्गा प्राप्तिको सुनिश्चितता र विस्तृत आयोजना प्रतिवेदनको अवस्थालाई ध्यान दिइनेछ । ७५ अंकभन्दा बढी पाउने आयोजनालाई 'उच्च प्राथमिकता'मा राखिनेछ भने ५० देखि ७४ अंक पाउनेलाई मध्यम र सोभन्दा कम पाउनेलाई न्यून प्राथमिकतामा वर्गीकरण गरिनेछ ।

बहुवर्षीय आयोजनाहरूको हकमा कार्यविधिले अझ बढी कडाइ गरेको छ । कुनै पनि आयोजनालाई बहुवर्षीय ठेक्कामा लैजानुअघि त्यसको वातावरणीय प्रभाव मूल्यांकन, स्रोतको सुनिश्चितता र प्राविधिक सम्भाव्यता अध्ययन अनिवार्य रूपमा सम्पन्न भएको हुनुपर्नेछ । साथै, बहुवर्षीय आयोजनाका लागि बढीमा ३० करोड रुपैयाँसम्मको प्रस्ताव गर्न सकिनेछ भने सामाजिक पूर्वाधारका कार्यक्रममा १५ करोडभन्दा बढीको प्रस्ताव गर्न पाइनेछैन । प्रदेश सरकारले योजना निर्माण गर्दा आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा वातावरण, सुशासन र अन्तरसम्बन्धित क्षेत्र गरी ६ वटा मुख्य क्षेत्रमा वर्गीकरण गरेको छ ।

एलएस अटोले गर्‍यो नयाँ इभी मोडेल सार्वजनिक



काठमाडौं/ चिनियाँ अटोमोबाइल ब्रान्ड एलएस अटोले नेपालमा तेस्रो मोडेल सार्वजनिक गरेको छ। नेपालका लागि एलएस अटोको आधिकारिक वितरक ब्लु कर्पोरेसन प्रालिले एलइभी एक्स इलेक्ट्रिक एसयुभी सार्वजनिक गरेको हो। साथै, काठमाडौंको ज्ञानेश्वरमा नयाँ सोरुम पनि उद्घाटन गरिएको छ। कम्पनीले यसअघि एलइभी ०१ एसई र एलइभी ०१ सीई बिक्री गर्दै आएको थियो। अहिले सार्वजनिक गरिएको मोडेल एलइभी एक्स अल ह्विल ड्राइभ भर्सन रहेको बताइएको छ।

कम्पनीका अनुसार, प्राविधिक रूपमा, एलइभी ०१ र एलइभी एक्स दुवै 'प्योर इलेक्ट्रिक प्लाटफर्म'मा आधारित छन्। एलइभी एक्सले ५५० किमिसम्मको रेन्ज दिन्छ। यसमा १९८ किलोवाट क्षमताको मोटर तथा ७७ किलोवाट आवर ब्याट्री प्याक जडान गरिएको छ।

साथै, गाडीमा होरिजन्टल डिआरएल, भर्टिकल हेडलाइट, प्यानोरोमिक सनरुफ, ३६० डिग्री क्यामेरा, वायरलेस चार्जिङ, मल्टिकलर एम्बियन्ट लाइटलगायतका प्रिमियम फिचर समावेश छन्। सुरक्षाका लागि १० वटा एयरब्याग, एबिएस, इबिडी, इलेक्ट्रोनिक स्टाबिलिटी कन्ट्रोल, अट्र्याक्सन कन्ट्रोल, क्रुज कन्ट्रोल, हिल असिस्टजस्ता सुविधा उपलब्ध छन्। यसको मूल्य ८४ लाख ९५ हजार रुपैयाँ तोकिएको छ।

नयाँ वर्षको अवसरमा कम्पनीले एक्सचेन्ज क्याम्प र विशेष अफर ल्याएको छ। टेस्ट ड्राइभ गर्ने ग्राहकलाई आकर्षक उपहार उपलब्ध गराइने र गाडी बुकिङपछि डेलिभरी लिने ग्राहकलाई चीन भ्रमणको अवसरसमेत प्रदान गरिने कम्पनीका महाप्रबन्धक नवीन फुयाँलले बताए।

मेची इन्डस्ट्रिजको आइपिओ बिक्री प्रबन्धकमा एसबिआई मर्चेन्ट



काठमाडौं/ मेची इन्डस्ट्रिजले सर्वसाधारणमा सेयर (आइपिओ) निष्कासन जारी गर्ने भएको छ। यो कम्पनीको आइपिओ निष्कासक तथा बिक्री प्रबन्धक रूपमा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेड नियुक्त भएको छ। नियुक्तिसम्बन्धी सम्झौतामा नेपाल एसबिआई मर्चेन्टका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार भण्डारी र मेची इन्डस्ट्रिजका अध्यक्ष पवन घिमिरेले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। यसअनुसार, कम्पनीले १०० रुपैयाँ कित्ताका दरले १५ करोड रुपैयाँबराबरको १५ लाख कित्ता सेयर सर्वसाधारणमा निष्कासन गर्नेछ।

पोखरामा सञ्चालित सटल बसको खर्च कामना सेवा विकासले व्यहोर्ने



काठमाडौं/ पोखरा महानगरपालिकाले सञ्चालन गरेको सटल बसको खर्च कामना विकास बैंकले व्यहोर्ने भएको छ। महानगरले हवाई यात्रुलाई लक्षित गरी अन्तर्राष्ट्रिय पोखरा विमानस्थलदेखि अमरसिंहचोकसम्म आवतजावत गर्न निःशुल्क सटल बस सेवा सञ्चालनमा ल्याएको छ। महानगरले असार मसान्तसम्म सञ्चालन गर्ने उक्त सटल बस सेवाको लागत खर्च कामना सेवा विकास बैंक व्यहोर्ने गरी द्विपक्षीय सम्झौता गरिएको छ।

सम्झौतापत्रमा पोखरा महानगरपालिकाका तर्फबाट कार्यकारी अधिकृत ईश्वरीप्रसाद पोखरेल र बैंकका तर्फबाट क्षेत्रीय प्रमुख शिवकुमार ढकालले हस्ताक्षर गरेका छन्।

क्षेत्रीय प्रमुख ढकालले स्थानीय सरकारले सर्वसाधारणका लागि गर्ने यस्ता कार्यमा बैंकले सहयोग गर्न पाएकामा खुसी व्यक्त गरे। महानगरपालिकाले सञ्चालन गर्ने निःशुल्क सटल बस सेवामा सहयोग गरेकामा महानगरपालिकाका प्रशासकीय अधिकृत पोखरेलले धन्यवाद दिए। दैनिक दुईवटा विद्युतीय बसले बिहान ६ बजेदेखि राति १० बजे सम्म यात्रुलाई सेवा दिनेछन्।

नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०३

कम्पनी ऐन, २०६३ को दफा (५) को उपदफा (१) बमोजिम स्थापना भएको प्रा.लि. दर्ता नं.: २५३१८१/७७/७८ को जयश्री हेल्थकेयर प्रा.लि. कम्पनीको नाम परिवर्तन भई अब उपरान्त सिनर्जी न्यूट्राटेक प्रा.लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सिनर्जी न्यूट्राटेक प्रा.लि.
चैनपुर, लिपनीमल
बारा, नेपाल

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०११ जेठ २२ गते

स्वर्गारोहण: वि.सं. २०८२ चैत्र २१ गते

स्व. डिल्लीराज भुसाल

हाम्रा सहकर्मी श्री प्रनिल भुसालको पूजनीय पिता **डिल्लीराज भुसाल**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४५२८९६९, ईमेल: sanima@sanimabank.com

एनसेल प्रयोगकर्तालाई हिमालयन जाभा कफीमा छुट



काठमाडौं/ एनसेल प्रयोगकर्ताले हिमालयन जाभा कफिसपमा छुट पाउने भएका छन्। एनसेल र हिमालयन जाभा कफीबिचको सहकार्यमा नयाँ वर्ष ०८३ देखि सुरु भएको विशेष अफरमा एनसेलका ग्राहकले देशभरका सबै हिमालयन जाभा कफी आउटलेटमा प्रिमियम कफी, पेय पदार्थ र खानेकुरामा विशेष छुट पाउने भएका हुन्।


यो साझेदारीले ग्राहकको भेटघाट, बैठक र जमघटलाई थप रमाइलो र अर्थपूर्ण बनाउने बताइएको छ। ४९९ वा सोभन्दा माथिका योग्य प्याक प्रयोग गर्ने सबै ग्राहकले एक कप कफी खरिद गर्दा अर्को एक कप निःशुल्क प्राप्त गर्नेछन्। साथै, तेस्रो कप कफी खरिदमा ३० प्रतिशत छुट हुनेछ।

त्यसैगरी, २५ वर्ष वा सोभन्दा कम उमेरका युवा तथा एनसेल प्रयोग गर्ने पर्यटकले ९९ वा सोभन्दा माथिको प्याक प्रयोग गर्दा सबै किसिमका खानेकुरा तथा पेय पदार्थमा २० प्रतिशत छुट पाउनेछन्। यसबाहेक ९९ वा सोभन्दा माथिको प्याक चलाउँदै गरेका वा रेन्टल प्लानमा सक्रिय सबै एनसेल प्रयोगकर्तालाई हिमालयन जाभाका खानेकुरा तथा पेय पदार्थहरूमा १० प्रतिशत छुट हुने बताइएको छ।

'हिमालयन जाभा कफीसँगको यो साझेदारीमार्फत हामीले हाम्रा ग्राहकलाई व्यस्त दैनिकीबाट केही समय निकाल्न, एकअर्कासँग जोडिन अनि जीवनका ससाना खुसी साट्न थप कारण दिइरहेका छौं,' एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले भने, 'यो अफरले कफीको हरेक कपलाई अझ अर्थपूर्ण बनाउँछ।'

छुट प्राप्त गर्नका लागि ग्राहकले एनसेल एपमा गएर 'पार्टनर्ड सर्भिसेस'भित्र रहेको 'हिमालयन जाभा कफी' छानेर छुट अफरबारे थाहा पाउन सक्नेछन्। एउटा बिलमा एउटा मात्र छुट लागू हुने बताइएको छ।

पोको एक्स-८ सिरिज सार्वजनिक



काठमाडौं/ बहुप्रतिक्षित पोको एक्स-८ सिरिज सार्वजनिक गरिएको छ। पोकोको आधिकारिक विक्रेता टेलिकमले दुई नयाँ स्मार्टफोन पोको एक्स-८ प्रो फाइभ-जी र पोको एक्स-८ प्रो म्याक्स फाइभ-जी बजारमा ल्याएको हो।

कम्पनीका अनुसार, पोको एक्स-८ प्रोमा फ्ल्यागसिपस्तरको डाइमेनसिटी ८५००-अल्ट्रा प्रोसेसर जडान गरिएको छ, जसले उच्च प्रदर्शनसँगै ऊर्जा दक्षता पनि प्रदान गर्ने कम्पनीको दाबी छ। क्यामेरातर्फ, ५० मेगापिक्सेल मुख्य क्यामेरा, आठ मेगापिक्सेल अल्ट्रावाइड र २० मेगापिक्सेल फ्रन्ट क्यामेरा जडान गरिएको कम्पनीले जनाएको छ।

त्यस्तै, पोको एक्स-८ प्रो म्याक्समा अझ शक्तिशाली डाइमेनसिटी ९५०० एस चिपसेट प्रयोग गरिएको छ। टेलिटकका कार्यकारी निर्देशक प्रतीक जालानले पोको एक्स-८ सिरिज केवल गेमिङका लागि मात्र नभई समग्र उत्कृष्ट अनुभव खोज्ने प्रयोगकर्ताका लागि डिजाइन गरिएको बताए। उनका अनुसार यसमा उच्चस्तरीय प्रोसेसिङ पावर, आकर्षक डिस्प्ले, टिकाउ डिजाइन र हाइपर एआई प्रविधिको संयोजन छ।

कम्पनीले पोको एक्स-८ मोडेल ८/२५६ भेरियन्टको मूल्य ६३ हजार ९९९ र १२/५१२ को ७३ हजार ९९९ रुपैयाँ तोकेको छ। यस्तै, एक्स-८ प्रोम्याक्सको १२/२५६ को मूल्य ७९ हजार ९९९ र १२/५१२को ८९ हजार ९९९ निर्धारण गरिएको छ।

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल बैशाख महिना ३ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय नागढुंगाबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायिक अधिविकर्ष तथा आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

ऋणीको विवरण

नाम : **नेपाल लक्ष ग्रुप अफ कम्पनी प्रा.लि.** अख्तियार प्राप्त संचालक : भिस्म कुमार राना
दर्ता नं. : ११९५५४/०७०/०७१ दर्ता गर्ने कार्यालय : कम्पनि रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७०/१०/२७
स्थायी लेखा नं. : ६०१८४५५५२ रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सालझण्डी गा.बि.स.वडा नं. ४
शाखा कार्यालय : कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १०

अख्तियार प्राप्त संचालकको विवरण

हिरा सिंह रानाको नाति चित्र बहादुर रानाको छोरा रुपन्देही जिल्ला सालझण्डी वडा नं. २ हाल, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **भिस्म कुमार राना** (ना.प्र.नं.: १२७११ स्याङजा जारी मिति र जिल्ला : २०५०/०५/०१, रुपन्देही)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) नर बहादुर आलेको नाति रोक बहादुर आलेको छोरा स्याङ्गजा जिल्ला पौवेगौडे वडा नं. २ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५ बस्ने **सन्तोष आले मगर** (ना.प्र.नं.: ४२३००२/४६ जारी मिति र जिल्ला : २०७०/०२/१५, स्याङ्गजा)

२) गंगे दरैको नाति धन बहादुर दरैको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ बस्ने **होम बहादुर दरै** (ना.प्र.नं.: ४० जारी मिति र जिल्ला : २०४९/०४/०४, तनहुँ)

३) शुक बहादुर दरैको छोरी धन बहादुर दरैको बुहारी होम बहादुर दरैको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ३ हाल, ११ बस्ने **रनि माया दरै** (ना.प्र.नं.: ७६९२० जारी मिति र जिल्ला : २०५७/०७/२४, तनहुँ)

यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :
१) मिति २०७९ साल कार्तिक महिना ३० गतेको नयाँ पत्रिका दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०७९ साल माघ महिना ४ गतेको नागरिक दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी २१ दिने
३) मिति २०७९ साल फागुन महिना २३ गतेको कारोबार दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी १५ दिने
४) मिति २०८० साल पुस महिना २४ गतेको कारोबार दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने
५) मिति २०८० साल चैत महिना २० गतेको कारोबार दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (रोपनी)
भिस्म कुमार राना	तनहुँ जिल्ला फराकचौर वडा नं. ९	९ज	७०९	०-७-१-१
			७१०	०-११-३-१
			७११	२-१२-२-२
			७१२	०-८-०-०
			७१३	२-०-१-१
			७१४	३-२-०-३

शर्त बन्देजहरु :
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल बैशाख महिना ९ गते बुधबार भित्र यस बैकको शाखा कार्यालय नागढुंगा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल बैशाख महिना १० गते विहीबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय नागढुंगामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

रोयल इनफिल्डको २०२६ एडिसन गोवन क्लासिक ३५० सार्वजनिक



बुटवल/ मिड-साइज मोटरसाइकल सेग्मेन्टमा विश्वव्यापी अग्रणी रोयल इनफिल्डले नेपालमा २०२६ एडिसन गोवन क्लासिक ३५० सार्वजनिक गरेको छ। बोबर-इन्स्पायर्ड डिजाइनमा आएको यो मोटरसाइकल राइडरकेन्द्रित नयाँ सुविधासहित बजारमा ल्याइएको कम्पनीले जनाएको छ। आधिकारिक विक्रेता गैरे प्रतिष्ठान प्रालि बुटवलमा बुधबार सार्वजनिक गरिएको हो।

यो नयाँ मोडेलमा ३४९ सिसी एयर-आयल कुल्ड सिंगल-सिलिन्डर इन्जिन जडान गरिएको छ, जसले ६,१०० आरपिएममा २०.२ बिएचपी पावर र ४,००० आरपिएममा २७ एनएम टुर्क्यु उत्पादन गर्छ। कम्पनीका अनुसार, यो इन्जिनलाई लेड-ब्याक बोबर स्टाइलअनुरूप स्मुथ र आरामदायी राइडिङ अनुभव दिन विशेष रूपमा ट्युन गरिएको छ।

मोटरसाइकलमा नयाँ असिस्ट-एन्ड-स्लिपर क्लच, अपग्रेड गरिएको युएसबी टाइप-सी चार्जिङ पोर्ट तथा डाउनसिफ्टमा राम्रो नियन्त्रण दिने प्रणाली समावेश गरिएको छ।

डिजाइनतर्फ यसले आफ्नो सिग्नेचर सिंगल-सिट बोबर स्टाइलिङ कायम राखेको छ। लन्चका अवसरमा गैरे प्रतिष्ठानकी सञ्चालिका लक्ष्मी गैरेले नेपालका राइडरमाझ यो मोडेलले विशेष आकर्षण पाउने विश्वास व्यक्त गरिन्।

उनका अनुसार गोवन क्लासिक ३५० ले स्वतन्त्र जीवनशैली रुचाउने राइडरहरूका लागि ब्रान्डको लाइनअपमा फरक पहिचान बनाउनेछ। यसको सुरुवाती मूल्य पाँच लाख ९८ हजार छ।

पाँच कम्पनीको सेयर निष्कासन गर्न बोर्डको अनुमति

काठमाडौं/ नेपाल धितोपत्र बोर्डले दुईवटा म्युचुल फन्डलाई सार्वजनिक निष्कासनका लागि अनुमति दिएको छ। बोर्डले सिद्धार्थ इक्विटी फन्ड-२ र एलएस होराइजन-१२ निष्कासन गर्न बुधबार अनुमति दिएको हो।

एलएस होराइजन-१२ ले १२ वर्ष अवधिको १२ करोड एकाइ निष्कासन गर्नेछ भने सिद्धार्थ इक्विटी फन्ड-२ ले १० करोड एकाइ सार्वजनिक निष्कासन गर्नेछ। प्रतिएकाइ १० रुपैयाँमा निष्कासन गरिने यी दुवै बन्दमुखी योजना हुन्।

सिद्धार्थ इक्विटी फन्ड-२ को योजना व्यवस्थापक, निष्कासक तथा बिक्री प्रबन्धका सिद्धार्थ क्यापिटल रहेको छ। यस्तै, एलएस होराइजन-१२ मा कोष प्रवर्द्धक लक्ष्मी सन्राइज तथा योजना व्यवस्थापक तथा बिक्री प्रबन्धक सन्राइज क्यापिटल रहेको छ।

बोर्डले तीन कम्पनीलाई आइपिओ जारी गर्न स्वीकृति दिएको छ। स्वीकृति पाउनेमा एभरेस्ट कलर, माउन्ट पावर डेभलपमेन्ट र सर्वोत्तम पेन्ट्स छन्। एभरेस्टले सात लाख ९० हजार, माउन्ट एभरेस्टले २५ लाख ८० हजार र आठ लाख ५० कित्ता सेयर बिक्री गर्नेछन्।

कुमारी बैंक लिमिटेड केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०१/०३ नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड केन्द्रिय कार्यालय टंगाल, काठमाडौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ बैशाख १० गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/११/१९ मा दर्ता नं. २५७७३४/०७७/०७८ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **डिजिटेक ट्रेडर्स प्रा.लि.।**
सञ्चालक - राजेश प्रधान

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **राजेश प्रधान**
ना.प्र.नं.- १११२८
जारी मिति - २०४२/०३/२०, जि.प्र.का. ललितपुर
बाबु - रतन लाल प्रधान
बाजे - कुल मान प्रधान
स्थायी ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. २३ (साविक ललितपुर न.पा., वडा नं. ०१)
हालको ठेगाना- ऐ.ऐ

२. **संगीता मल्ल**
ना.प्र.नं.- १२८०३
जारी मिति - २०४४/०२/२५, जि.प्र.का. काठमाण्डौ
बाबु - गोपाल मल्ल
बाजे - दिर्घ सिंह मल्ल
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, काठमाण्डौ न.पा., वडा नं. १७
हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. २३ (साविक ललितपुर न.पा., वडा नं. ०१)

लिलाम हुने सम्पत्तिको विवरण

१. **डिजिटेक ट्रेडर्स प्रा.लि.**को नाममा मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौमा दर्ता कायम रहेको का.म.न.पा., वडा नं. १९ स्थित कित्ता नं. १२१ र १०८ को क्षे.फ. क्रमश: १५५.७० र २२५.७८ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **डिजिटेक ट्रेडर्स प्रा.लि.**को नाममा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला ढल्केबर गा.वि.स., वडा नं. ५ स्थित कित्ता नं. १३४ र ३४७ को क्षे.फ. क्रमश: ०-२-०-० र ०-२-०.५-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. **डिजिटेक ट्रेडर्स प्रा.लि.**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला निजगढ न.पा., वडा नं. ७ स्थित कित्ता नं. १५२९ को क्षे.फ. ०-१-०-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
४. **डिजिटेक ट्रेडर्स प्रा.लि.**को नाममा मालपोत कार्यालय, सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला शिद्देश्वर न.पा., वडा नं. ६ स्थित कित्ता नं. ३४३ को क्षे.फ. जम्मा ०-१-०-३ (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८३ बैशाख ९ गते** भित्र बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८३ बैशाख १० गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्र्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८३ बैशाख १० गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
कर्जा असुली विभाग बागबजार, काठमाण्डौं फोन नं. ०१-५३४६९९१

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार ३ वैशाख ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

जय ट्रफीका लागि ६ टोली छनोट

आगामी सिजनको जय ट्रफीका लागि प्रधानमन्त्री कप एकदिवसीय क्रिकेटबाट त्रिभुवन आर्मी, सुदूरपश्चिम, एपिएफ, मधेश, पुलिस तथा लुम्बिनी छनोट


त्रिभुवन आर्मी


सुदूरपश्चिम


एपिएफ


मधेश


पुलिस


लुम्बिनी

नयाँ पत्रिका

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट आगामी सिजनको राष्ट्रिय जय ट्रफीका लागि ६ टोली छनोट भएका छन् । प्रधानमन्त्री कपअन्तर्गत बुधबार समूह चरणका सबै खेल समाप्तिपछि शीर्ष ६ स्थान सुरक्षित गरेका टोली जय ट्रफीमा छानिएका हुन् । समूह चरणमा सहभागी दश टोलीले एक-अर्काविरुद्ध समान नौ खेल खेलेका थिए । जसबाट त्रिभुवन आर्मी, सुदूरपश्चिम, नेपाल एपिएफ, मधेश प्रदेश, नेपाल पुलिस तथा लुम्बिनी प्रदेश शीर्ष ६ स्थानमा रहँदै जय ट्रफीका लागि छनोट भएका हुन् ।

रनरेटका आधारमा गण्डकी प्रदेश सातौँ स्थानमा रह्यो । गण्डकी र लुम्बिनीले नौ खेलबाट समान ९ अंक बटुलेका थिए । रनरेट राम्रो हुँदा लुम्बिनी छैटौँ स्थानमा रह्यो । बागमती, कर्णाली र कोशी प्रदेश यसअघि नै जय ट्रफीको दौडबाट बाहिरिएका थिए । प्रतियोगितामा कोशी प्रदेशले एक खेल पनि जितेन । कर्णालीले एक खेल मात्र जित्यो । बागमती र गण्डकीले समान चार खेल जितेका छन् ।

लिग चरणमा ४४ खेल हुँदा आर्मी क्लब अपराजित रह्यो । एक खेल वर्षाले रद्द हुँदा आर्मीले आठ खेलमा जित निकाल्यो । आर्मीले अन्तिम खेलमा बुधबार लुम्बिनी प्रदेशमाथि रोमाञ्चक एक विकेटको जित निकाल्यो । अर्को खेलमा मधेशले नेपाल पुलिसलाई चार विकेटले हराएको थियो । दोस्रो स्थानमा सुदूरपश्चिम रह्यो । सुदूरपश्चिमले नौ खेलबाट १२ अंक हात पारेको छ ।

प्रधानमन्त्री कपको फाइनलमा आर्मी र सुदूरपश्चिमबिच प्रतिस्पर्धा हुनेछ । नेपाल क्रिकेट संघले शीर्ष दुई स्थानमा रहने टोलीबिच उपाधि भिडन्त हुने जनाएको छ । यो खेल शुक्रबार हुनेछ । नेपाल एपिएफ क्लब ११ अंकका साथ तेस्रो स्थानमा छ । एपिएफसँग समान अंक जोडेको मधेश रनरेटमा चौथोमा रहेको छ । लुम्बिनी र पुलिसले पनि ९ अंक हात पारेका छन् । रनरेटमा पुलिस पाँचौँ लुम्बिनी छैटौँ भयो ।

लुम्बिनीमाथि आर्मीको रोमाञ्चक जित

चालू प्रधानमन्त्री कपअन्तर्गत बुधबार ४४औँ खेलमा आर्मीले लुम्बिनी प्रदेशमाथि एक विकेटको रोमाञ्चक जित निकालेको छ । जनकपुरको मैदानमा पहिलो ब्याटिङ गरेको लुम्बिनीले ३९.२ ओभरमा सबै विकेट गुमाएर १३८ रनको योगफल बनायो । प्रत्युत्तरमा आर्मीले २५.२ ओभरमा नौ विकेटको नोक्सानीमा १४१ रन जोड्दै समूह चरणमा आफ्नो अपराजित यात्रालाई यथावत् राख्यो । आर्मीले नौ विकेटको क्षतिमा जित निकाले पनि खेलको १४८ बलअघि नै सफलता चुमेको हो । आर्मीलाई निर्मल गुरुङ र सन्तोष यादवले बलिङमा समस्यामा पारेका थिए । निर्मलले नौ ओभर बलिङ गर्दा चार विकेट लिए । सन्तोषले ६ ओभरमा १७ रन दिएर पाँच विकेट लिए । यी दुवै बलरको उत्कृष्ट बलिङ स्पेलमा आर्मी इनिङ्सको एक समय ११२-६ र १३४-९ को नाजुक अवस्थामा थियो । तर, ११औँ क्रमका ब्याट्सम्यान आकाश चन्द र इमरान शेखले दसौँ विकेटका लागि आवश्यक रन पूरा गरे । आकाशले एक बलमा चौका प्रहार गरी टोलीलाई जित दिलाए ।

बलियो ब्याटिङ मानिएको आर्मीका कुनै पनि ब्याट्सम्यानले गतिलो प्रदर्शन गर्न सकेनन् । उनीहरूले खेल छिटो सक्ने चक्करमा आफ्नो विकेट गुमाउँदै जाँदा लुम्बिनी खेलमा हाबी भएको थियो । अघिल्लो खेलमा १८९ रनको उत्कृष्ट इनिङ्स खेलेका कप्तान विनोद भण्डारी शून्यमा आउट भए । ओपनर तृतराज दासले चार बलमा समान एक चौका र छक्का प्रहार गरी १० रन जोडे । मध्यक्रममा भीम सार्की, कुशल मल्ल, अर्जुन साउद तथा जिनेन्द्र ठकुरीले गतिलो साथ दिए ।

भीमले १३ बलमा चार चौकाको सहयोगमा १८ रन बनाए । कुशलले ३६ बलमा सात चौका र एक छक्का प्रहार गरी ४१ रन जोडे । अर्जुनले ३६ बल सामना गरी चार चौका र एक छक्काको सहयोगमा २८ रनको योगदान दिए । इमरानले अन्तिमसम्म नटआउट रही १६ रनको महत्त्वपूर्ण योगदान दिए ।

लुम्बिनीविरुद्ध आर्मीको कसिलो बलिङ

पहिलो ब्याटिङ गरेको लुम्बिनीको ओपनिङ गतिलो थियो । पहिलो विकेटका लागि प्रज्वल थापा र रञ्जित खड्काबिच १०.४ ओभरमा ४२ रनको साझेदारी भएको थियो । प्रज्वलले ३३ बलमा दुई चौका र एक छक्का प्रहार गरी १५ रन बनाए । ओपनर रञ्जित दोस्रो विकेटका रूपमा आउट भए । उनले ५५ बल खेलेर २८ रन बटुले । यसक्रममा उनले पाँच चौका प्रहार गरेका थिए । मध्यक्रममा कप्तान देव खनालले ३६ बलमा २३ रन बनाए । आकाश त्रिपाठीले २१ तथा सन्तोष यादवले ११ रन बनाए । बलिङमा कुशल मल्लले आठ ओभरमा एक मेडन राखी २६ रन खर्चेर चार विकेट लिएका थिए । भीम सार्कीले १.२ ओभरमा दुई रन दिएर दुई विकेट लिए । नरेन साउदले ४३ रन खर्चेर दुई विकेट हात पारे ।

मधेशविरुद्ध पुलिस कमजोर

प्रतियोगिताको ४५औँ खेलमा नेपाल पुलिसले मधेशविरुद्ध कमजोर ब्याटिङ प्रदर्शन गर्दा चार विकेटको हार सामना गरेको छ । वीरगन्जमा पहिलो ब्याटिङ गरेको पुलिसले ४०.३ ओभरमा सबै विकेट गुमाएर १३० रनको योगफल खडा गऱ्यो । प्रत्युत्तरमा मधेशले २४.१ ओभरमा ६ विकेटको नोक्सानीमा १३१ रन बनाउँदै महत्त्वपूर्ण जित निकाल्यो । मधेशको जितमा अरनिको यादवले ४४ बलमा ६ छक्का र तीन चौका प्रहार गरी ६५ रनको नटआउट योगदान दिए । रूपेश सिंहले २९ बलमा २७ रनको योगदान दिए । पुलिसका लागि बलिङमा गुल्सन झाले पाँच ओभरमा २० रन दिएर तीन विकेट लिए । सागर ढकालले ९.१ ओभरमा ३० रन दिएर दुई विकेट हात पारे । पुलिसको ब्याटिङमा ओपनर कुलश भुर्तेलले ३९ रन बनाउन ६ चौका र एक छक्का प्रहार गरेका थिए ।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
आर्मी	९	८	०	१७	२.४७
सुदूरपश्चिम	९	६	३	१२	०.६२
एपिएफ	९	५	३	११	०.४२
मधेश	९	५	३	११	०.२५
पुलिस	९	४	४	९	०.२५
लुम्बिनी	९	४	४	९	०.२०
गण्डकी	९	४	४	९	-०.१
बागमती	९	४	५	८	०.३३
कर्णाली	९	१	७	३	-१.९
कोशी	९	०	८	१	-२.१

■ इन्डियन प्रिमियर लिग

साबिक विजेता बेंग्लोर शीर्ष स्थानमा उक्लियो

एजेन्सी



साबिक विजेता रोयल च्यालेन्जर्स बेंग्लोर १९औँ इन्डियन प्रिमियर लिग (आइपिएल)को शीर्ष स्थानमा उक्लिएको छ । बेंग्लोरले लखनउ सुपर जायन्टलाई पाँच विकेटले हराउँदै शीर्ष स्थानमा रहेको राजस्थान रोयल्सलाई विस्थापित गरेको हो । बेंग्लोरको मैदानमा लखनउले पहिलो ब्याटिङ गर्दै २० ओभरमा सबै विकेट गुमाएर १४६ रनको मध्यम योगफल खडा गऱ्यो ।

प्रत्युत्तरमा बेंग्लोरले १५.१ ओभरमा पाँच विकेटको क्षतिमा १४९ रन जोड्यो । बेंग्लोरले पाँच खेलमा चार जित र एक हार सामना गरी ८ अंक जोडेको छ । दोस्रो स्थानमा रहेको राजस्थानले पाँचै खेलमा चार जित र एक हार निकाली ८ अंक बटुलेको छ । रनरेटमा राजस्थान दोस्रो स्थानमा झरेको हो । बेंग्लोरको जितमा विराट कोहलीले सर्वाधिक ४९ रनको योगदान दिए । उनले ३४ बलमा ६ चौका र एक छक्का प्रहार गरेका थिए । उनी एक रनले अर्धशतकीय बनाउन चुके । त्यसपछि कप्तान रजत पडिकलले १३ बलमा २७ तथा जितेश शर्माले नौ बलमा २३ रन बनाए ।

ब्याटिङमा चुक्यो लखनउ

यसअघि ब्याटिङ गरेको लखनउको मध्य तथा पुछारका ब्याट्सम्यानले फितलो प्रदर्शन गरेका थिए । ओपनर मिचेल मार्स र एडिन मार्क्रामले पहिलो विकेटका लागि ३.६ ओभरमा ३२ रनको साझेदारी गरे । पहिलो विकेटबाहेक लखनउले अन्य विकेटका लागि गतिलो साझेदारीको साथ पाउन सकेन । कप्तान ऋषभ पन्त १ रनमा आउट भए । निकोलस पुरन पनि १ रनमै पेभेलियन फर्केका थिए । पुरन आउट हुँदा लखनउ ६.१ ओभरमा ३५-२ को अवस्थामा थियो ।

ओपनर मिचेलले ३२ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ४० रनको योगदान दिए । मध्यक्रमका आयुश बदोनीले २४ बलमा ३८ रन बनाए । उनले चार चौका र एक छक्का प्रहार गरेका थिए । मुकुल चौधरीले २८ बलमा तीन चौका र दुई छक्काको सहयोगमा ३९ रनको योगदान दिए ।

झापा- ११ विराट गोल्डकपको फाइनलमा

विराटनगरमा गणेश लम्साल

पूर्वविजेता झापा- ११ ले बुधबार विभागीय टोली नेपाल पुलिसलाई १-० ले हराउँदै विराट गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा स्थान पक्का गरेको छ । झापाको जितमा फागुराम थारूले एक मात्र निर्णायक गोल गरेका थिए । उनले खेलको ६७औँ मिनेटमा दोस्रो बारमा गोल गर्दै टोलीको अन्तिम दुईमा स्थान पक्का पारे । जितसँगै झापाले १० वर्षअघिको बदला समेत लिएको छ । ०७२ को विराट गोल्डकपको फाइनलमा झापा पुलिसँग १-० ले पराजित भएको थियो । खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । खेलको २८औँ मिनेटमा सञ्जीव लामाले डिबक्सभित्रबाट प्रहार गरेको बल बारमा लागेर फर्किएको थियो । झापाले अब उपाधिका लागि बिहीबार हुने दोस्रो सेमिफाइनलको विजेतासँग प्रतिस्पर्धा गर्नेछ । घरेलु टोली सम्राट स्पोर्टस् क्लब र चर्च ब्वाइज युनाइटेडबिच प्रतिस्पर्धा हुँदैछ । चर्च ब्वाइजले विभागीय टोली एपीएफलाई १-० ले हराउँदै अन्तिम चारमा स्थान बनाएको हो । सम्राट स्पोर्टसले भारतको बिरसामुन्डा स्पोर्टस् एकेडेमीलाई ३-१ ले पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको थियो ।

खेल संक्षेप

नेपालसहित चार राष्ट्र सेमिफाइनलमा

काठमाडौं/ आईटिएफ एसिया- १२ अन्तर्गत दक्षिण एसियाली क्षेत्रीय छनोटको पुरुषतर्फको सेमिफाइनल समीकरण पूरा भएको छ । समूह 'ए'बाट भारतले विजेता तथा श्रीलंकाले उपविजेताका रूपमा अन्तिम चारको स्थान पक्का गरेका छन् । समूह 'बी'बाट पाकिस्तान र नेपाल छनोट भए । पाकिस्तान समूह विजेता र नेपाल उपविजेता बनेका छन् । फाइनल प्रवेश खेलमा नेपालले भारतको सामना गर्नेछ । श्रीलंकाले पाकिस्तानविरुद्ध प्रतिस्पर्धा गर्नेछ । सेमिफाइनलमा विजयी टोली आगामी १५ देखि २० सेप्टेम्बरसम्म सिंगापुरमा हुने एसियाली फाइनल प्रतियोगिताका छनोट हुनेछन् । पुरुषमा बंगलादेशबाहेक ६ राष्ट्र सहभागी छन् । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउटका आधारमा खेलाइएको हो । बुधबार नेपालका पुरुष र महिला टोलीले हार सामना गरेका छन् । पुरुषमा पाकिस्तानले नेपाललाई पराजित गऱ्यो । एकल स्पर्धामा पाकिस्तानका मुहम्मद आयानले सभ्यजंग कार्कीलाई ६-० र ६-२ ले हराए । अर्को खेलमा पाकिस्तानका मुहम्मद गिलले आरित मल्ललाई ६-२ र ६-१ को सोझो सेटमा पराजित गरे । डबल्समा पाकिस्तानका मुहम्मद फाइजन र गिलको जोडीले साहंश बस्नेत र सभ्यजंगको जोडीलाई ६-२ र ६-१ ले हरायो । पुरुषमा भारतले श्रीलंकालाई ३-० ले पाखा लगायो ।

गण्डकी क्रिकेट र भिक्टोरियनबिच सम्झौता

काठमाडौं/ गण्डकी प्रादेशिक क्रिकेट संघ र अस्ट्रेलियाको भिक्टोरियन इन्स्टिच्युट अफ टेक्नोलोजीबिच क्रिकेट विकासका लागि सम्झौता भएको छ । भिक्टोरियनले एक वर्षका लागि गण्डकी प्रदेशको पुरुष र महिला सिनियर टोलीलाई प्रायोजन गर्ने सम्झौतामा उल्लेख छ । संघका अध्यक्ष सञ्जयकान्त सिग्देल र भिक्टोरियनका अन्तर्राष्ट्रिय निर्देशक बाबु खनालबिच सम्झौता भएको हो । गण्डकीले कुनै पनि प्रतियोगितामा सहभागिता जनाउँदा भिक्टोरियनको लोगोसहितको जर्सी प्रयोग गर्ने सिग्देलले बताए । भिक्टोरियनका अन्तर्राष्ट्रिय निर्देशक खनालले सम्झौतालाई आगामी दिनमा पनि निरन्तरता दिइने जनाए । संघका अध्यक्ष सिग्देलले सम्झौतापछि गण्डकी प्रदेशका क्रिकेटर खेलाडीले एक्सपोजर पाउने आशा व्यक्त गरेका छन् ।

सातजना खेलकुद विकास समिति अध्यक्ष नियुक्त

धनगढी/ सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्ले प्रदेशका सात जिल्लामा खेलकुद विकास समिति अध्यक्ष नियुक्त गरेको छ । परिषद्का अध्यक्षसमेत रहेका सुदूरपश्चिमका सामाजिक विकासमन्त्री मेघराज खड्काको अध्यक्षतामा बसेको परिषद्को बैठकले सात जिल्लामा अध्यक्ष नियुक्त गरेको हो । बैतडी जिल्ला खेलकुद विकास समितिको अध्यक्षमा भूपेन्द्र चन्द, बाजुरामा कोपिलासिंह कुँवर, अछाममा गोकुलबहादुर शाह र बझाङमा कमलबहादुर सिंहलाई अध्यक्ष नियुक्त गरिएको प्रदेश खेलकुद परिषद्ले जनाएको छ । त्यस्तै, खेलकुद विकास समिति कञ्चनपुरको अध्यक्षमा ज्ञानेन्द्रबहादुर सिंह, कैलालीको अध्यक्षमा दिनेश भण्डारी र डडेल्धुरा जिल्ला खेलकुद विकास समितिको अध्यक्षमा जगतबहादुर ऐरलाई नियुक्त गरिएको छ ।

यू-१३ क्रिकेटमा फूलबारीको सहज जित

बिर्तामोड/ इन्डो-नेपाल यू-१३ टी-२० क्रिकेट च्याम्पियन्स ट्रफीको समूह 'बी'मा इनरुवाको फूलबारी स्पोर्टस् एकेडेमीले भारत पटनाको एचपी (हाई परफर्मेन्स) क्रिकेट एकेडेमीलाई चार विकेटले हराएको छ । बुधबार भएको खेलमा पटनाले २० ओभरमा ६ विकेट गुमाउँदै १३९ रन बनाएको थियो । टोलीका लागि अंशु कुमारले २७ र जित ज्योतिले २० रन बनाए । फूलबारीका बलर अब्दुल राफेले ४ ओभरमा दुई विकेट लिए । १४० रनको लक्ष्य पछ्याएको फूलबारीले १६.१ ओभरमा ६ विकेटको क्षतिमा जित निकाल्यो । फूलबारीका लागि रेहान अन्सारीले २६ रनको योगदान दिए । दिवस विष्ट २१ रनमा अविजित रहे । अब्दुल राफेले १९ रन बनाए । पटनाका आयुश कुमार, शशांक शेखर र अंशु कुमारले समान एक विकेट लिए । ब्याटिङ र बलिङ उत्कृष्ट प्रदर्शन गरेका दिवस खेलकै म्यान अफ दी म्याच भए ।

भुवन र नीरज क्वार्टरफाइनलमा

नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर- २०२५/२६ अन्तर्गत सातौँ प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्लेको पहिलो चरणमा आठ गल्फर क्वार्टरफाइनलमा पुगेका छन् । रोयल नेपाल गल्फ क्लबमा बुधबार लगातार तीन प्रतियोगिता जितेका भुवन नगरकोटीसँगै नीरज तामाङ, रामे मगर, सञ्जय लामा, जयराम श्रेष्ठ, रवि खड्का, दिनेश प्रजापति र टंकबहादुर कार्की अन्तिम आठमा पुगेका हुन् । दोस्रो वरीयताका भुवनले सबैभन्दा सहज जित निकाले । उनले १५औँ स्थानका कृष्णमान राजवाहकलाई ७-६ ले हराए । १२औँ होलमा जित हात पारेका भुवनले सेमिफाइनल प्रवेशको खेलमा टंकबहादुर कार्कीविरुद्ध खेल्नेछन् ।



यसैगरी, दसौँ स्थानका टंकले सातौँ वरीयताका धनलाई २-० ले हराए । यी दुईबिच कडा प्रतिस्पर्धा चल्दा टंकले १८औँ होलमा जित निकाले । नेपाल नम्बर एक गल्फर नीरजले १६औँ स्थानका सूर्यप्रसाद शर्मालाई ३-२ ले हराउँदै अन्तिम आठमा स्थान सुरक्षित गरे । १६औँ होलमा जित निकालेका नीरजले क्वार्टरफाइनलमा भेट्टान गल्फर रामे मगरसँग खेल्नेछन् । नवौँ वरीयताका रामेले आठौँ स्थानका भुवनकुमार रोकामाथि १-० को जित निकालेका छन् ।

तेस्रो वरीयता पाएका दिनेश प्रजापतिले १४औँ वरीयताका बलभद्र राईलाई सहजै ६-४ ले माथ दिए । दिनेशले क्वार्टरफाइनलमा रवि खड्कासँग खेल्नेछन् । छैटौँ वरीयताका रविले ११औँ स्थानका दीपक मगरलाई ४-२ ले हराएका छन् । यसैगरी, चौथो स्थान पाएका सञ्जयले रमेश अधिकारीलाई ३-२ ले पराजित गरे । सञ्जयले बिहीबार सेमिफाइनल प्रवेशका लागि जयराम श्रेष्ठसँग खेल्नेछन् । जयरामले वाक ओभर पाएर अन्तिम आठको स्थान सहजै बनाए । १२औँ वरीयताका प्रदीप लामा अनुपस्थित भएपछि जयरामले बाई पाएका हुन् । सूर्य नेपाल गल्फ टुर, २०२४/२५ को अर्डर अफ मेरिटका शीर्ष १६ मा रहेका खेलाडीले प्रतिस्पर्धा गरेका छन् ।

■ आइसिसी च्यालेन्ज ट्रफी खेल्दै नेपाल



काठमाडौं/ रुवान्डामा हुने आइसिसी महिला च्यालेन्ज ट्रफीमा सहभागी हुने नेपाली महिला राष्ट्रिय टोलीको बुधबार बिदाइ गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले टोलीको बिदाइ गरेको हो । च्यालेन्ज ट्रफीमा नेपालसहित पाँच टोलीले प्रतिस्पर्धा गर्नेछन् । जसमा नेपाल, इटाली, रुवान्डा, अमेरिका र भानुआटु छन् । सबै टोलीले एक-अर्काविरुद्ध दुईपटक खेल्नेछन् । नेपालले १८ अप्रिलमा अमेरिकाविरुद्ध पहिलो खेल खेल्नेछ । नेपालले १ मेमा इटालीविरुद्ध अन्तिम खेलमा प्रतिस्पर्धा गर्ने क्यानले जनाएको छ । नेपाली टोलीको कप्तानी इन्दु बर्मा र पूजा महतोले उपकप्तानी गर्नेछन् । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

च्याम्पियन्स लिगबाट बाहिरिए लिभरपुल र बार्सिलोना

एजेन्सी

युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताबाट दुई पूर्वविजेता बार्सिलोना र लिभरपुल बाहिरिएका छन् । साबिक विजेता फ्रेन्च क्बल पेरिस जर्मेन (पिएसजी)ले इंग्लिस क्लब लिभरपुललाई दोस्रो क्वार्टरफाइनलमा लेगमा २-० ले हरायो । हारसँगै लिभरपुलको यस सिजनको च्याम्पियन्स लिग यात्रा क्वार्टरफाइनलमै सीमित भयो । दुवै लेगमा सानदार जित निकालेको पिएसजी समग्रमा ४-० ले विजयी हुँदै सेमिफाइनलमा पुगेको छ । उपाधि रक्षा गर्न पिएसजीलाई अब दुई खेल जित्नुपर्ने हुन्छ ।

लिभरपुलले दुवै लेगमा पिएसजीविरुद्ध एक गोल पनि गर्न सकेन । हारसँगै लिभरपुल यस सिजन कुनै पनि मुख्य उपाधिविहीन हुने देखिन्छ । पिएसजीले अब सेमिफाइनलमा बायर्न म्युनिख वा रियल म्याड्रिडबिचको विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ । लिभरपुलले आफ्नो घरेलु मैदान एनफिल्डमा उत्कृष्ट प्रदर्शन गर्न सकेन । आफ्नै मैदानमा लिभरपुलले पुनरागमन गर्ने अपेक्षा थियो । तर, उस्मान डेम्बेलेले दुई गोल गरेपछि लिभरपुल रोकियो । सुरुमा पिएसजी र लिभरपुल आक्रामक रूपमा प्रस्तुत भएका थिए ।

पहिलो हाफको खेलमा दर्शकले भरपुर मजा लिए । तर, दुवै टोलीका खेलाडीले अवसर प्राप्त गरे पनि गोल गर्न सकेनन् । लिभरपुलले मध्यान्तरपछि खेलमा फर्किने प्रयास गऱ्यो, तर गोल गर्न सकेन । खेलको ६५औँ मिनेटमा लिभरपुलले पेनाल्टी पाए पनि भिएआरले निर्णय उल्ट्याएको थियो । अलेक्सिस म्याक एलिस्टरलाई विलियन पाचोले लडाएपछि रेफ्री माउरिजियो मारियानीले पेनाल्टी दिएका थिए । पछि भिएआरले रेफी माउरिजियोको निर्णय परिवर्तन गरेको हो । खेलमा पिएसजीले खेलको ७२औँ मिनेटमा १-० को अग्रता लियो । डेम्बेलेले डिबक्सबाहिरबाट उत्कृष्ट गोल गर्दा पिएसजी १-० ले अगाडि रह्यो । खेलको अन्तिम इन्जुरी समयमा डेम्बेलेले बाइलीको क्रसमा गोल गर्दा लिभरपुलको सेमिफाइनल पुग्ने आशा समाप्त भयो ।



जितले पनि बार्सिलोना निराश

पूर्वविजेता बार्सिलोनाले क्वार्टरफाइनलको दोस्रो लेगमा एट्लेटिको म्याड्रिडको घरेलु मैदान मेट्रोपोलिटानोमा प्रतिस्पर्धा गरेको थियो । बार्सिलोनाले दोस्रो लेगमा आफूअनुकूल नतिजा निकाल्ने प्रयास गरेको थियो । एट्लेटिकोमाथि २-१ को जित निकाले पनि बार्सिलोना पहिलो लेगमा व्यहोरेको गोलका कारण क्वार्टरफाइनलबाट बाहिरिएको हो । समग्रमा म्याड्रिड ३-२ को गोलअन्तरमा च्याम्पियन्स लिगको सेमिफाइनल पुगेको हो । म्याड्रिडको घरेलु मैदानमा बार्सिलोनाले उत्कृष्ट पुनरागमन गरेको थियो । बार्सिलोना पहिलो लेगमा २-० ले पछि परेको थियो ।

खेलको चौथो मिनेटमा लामिन यामालले फेरान टोरेसको पासमा बार्सिलोनालाई १-० को अग्रता दिलाए । खेलको २४औँ मिनेटमा टोरेसले गोल गर्दै बार्सिलोनालाई समग्रमा २-२ को बराबरीमा ल्याए । खेलको ३१औँ मिनेटमा एट्लेटिकोका एडमोला लुकम्यानले गोल गरेपछि बार्सिलोनाको केही चलेन । एडमोलाको गोल नै एट्लेटिकोलाई अन्तिम चारमा पुग्न निर्णायक बन्यो । दोस्रो हाफमा बार्सिलोनाका टोरेसको गोल अफसाइड भयो । खेलको ७९औँ मिनेटमा बार्सिलोनाका एरिक गार्सियाले रातो कार्ड पाए । त्यसपछि बार्सिलोनाले १० खेलाडीमा प्रतिस्पर्धा गरेको थियो ।

उनले डिबक्सभित्र अलेक्जान्डर सोर्लोथलाई तानेर लडाउन खोजेका थिए । प्रतिस्पर्धामा बार्सिलोनाका यामालले आफ्नो १५०औँ खेल पूरा गरेका छन् । उनको च्याम्पियन्स लिगमा बार्सिलोनाका लागि सबैभन्दा छिटो गोलको रेकर्ड बनाए । उनले एट्लेटिकोविरुद्ध ३ मिनेट ५१ सेकेन्डमा गोल गरेका थिए । यसअघि बार्सिलोनाका लागि सन् २०१८ मा लियोनल मेसीले चेल्सीविरुद्ध दुई मिनेटभित्रै गोल गरेका थिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com